

Agnichakra National Monthly

# अग्निचक्र



www.agnichakranews.com राष्ट्रिय मासिक




## सन्तानलाई धन होइन असल संस्कार र शिक्षाको खाँचो छ - छायादत्त न्यौपाने 'बगर'



औं यात्रा

ISSN 2362-1109
9772362110000

पत्रकार तथा सञ्चारमाध्यमहरूबीचको

आपसी सम्बन्ध व्यावसायिक,

स्वस्थ, संयमित, मर्यादित

र सुमधुर राख्न

दुवै सक्रिय र प्रयत्नशील हुनुपर्छ ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

वर्ष ८, अङ्क ७, पूर्णाङ्क ७७

By the Grace of God
Edited & Published by L.N. Bhattarai

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौँ, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौँ
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस,कामनपा-३१

# समाजलाई अविस्मरणीय गुन लगाउने स्रष्टा



*वरिष्ठ साहित्यकार चन्द्रेश्वरप्रसाद रौनियारले हिन्दी भाषा साहित्यमा 'कफनचोर' पुस्तक लेखेर लाखौँ पाठकको मन जित्न सफल भएपछि इन्जिनियरिङ जीवनलाई लिपिबद्ध गरेर अर्को पुस्तक* ***'स्मृतियों का साया'*** *लेखिसक्नु भएको छ र प्रकाशित भइसकेको छ । इन्जिनियर भएर नेपाल सरकारको २९ वर्ष सरकारी सेवा पूरा गरी सकेर विश्व बैंकमा समेत ८ वर्षसम्म सिंचाई विज्ञ तथा सल्लाहकार भई सेवा पुऱ्याउनुभएका रौनियारजीले आफ्नो जीवन अनुभवमा घटेका घटनाहरूलाई शैलीबद्ध ढङ्गले भावी पिँढी तथा इन्जिनियरहरूका लागि साथै सन्देशमूलक, ज्ञानबर्द्धक खुराकहरू यो पुस्तकमा समेटेर हिन्दी भाषा-साहित्यमार्फत आम नेपाली जनतामाझ ल्याउनुभएर साहित्य, संस्कृति, अध्यात्म दर्शन र उच्च विचारको साहित्यलेखन मार्फत सम्मृद्ध बनाउने प्रयास गर्नुभएको छ ।*

*नेपाली समाज र नेपाल राष्ट्रप्रति प्रतिबद्ध भएर सामाजिक सेवामा निरन्तर सेवा पुऱ्याउँदै आउनुभएका रौनियार सारा सहकारी र सरस्वती-राजनारायण प्रतिष्ठानको पनि संस्थापक अध्यक्ष हुनुहुन्छ । राजा महेन्द्रको शासनकालदेखि गणतन्त्र आइसक्दा समेतका घटनाक्रमलाई समेटेर भारत-नेपाल सम्बन्ध, आन्तरिक सुरक्षा, नेपालको सिंचाइ र विश्वबैंकको इतिहासलगायत मानवीय जीवनका लागि अध्यात्मको महत्व समेत दर्शाइएको रौनियारको यो पुस्तक ७७ वर्ष उमेर पुगेका चन्द्रेश्वरप्रसाद रौनियार बारेको विश्वकोश हो यो आत्मवृत्तान्त भन्छ अग्निचक्र । नेपाल राष्ट्रलाई सुखी बनाउने उपायसहित यस पुस्तकले जनताको हितमा आर्थिक सम्मृद्धिका लागि आम देशभक्तहरूलाई अनुशासन सिकाउँदै अग्रसर गराउन सफल भइरहने छ भन्ने विश्वास पुस्तक नियाल्दा महसुस हुन्छ ।*

*यो पुस्तकले रौनियारजीका जीवनका हरेक भोगाइसित परिचित गराएको छ । एकान्तप्रेमीहरूको साथी बन्न यो पुस्तक सक्षम छ । आम नेपालीलाई सुख दिने संस्कार यो पुस्तकले सिकाएको छ । ज्ञान, सीप, श्रम र इमानको मेल हुँदा जीवन मुस्कुराउँछ भन्नुहुने बहुआयामिक व्यक्तित्वका धनी, अरूको भलाइमा खुसी हुन जान्ने चन्द्रेश्वरप्रसाद रौनियारले नेपाली समाज, दर्शन, राजनीति र विज्ञानलाई साहित्यलेखनबाट यस पुस्तकमार्फत नेपाली समाजलाई अविस्मरणीय गुन लगाउनु भएको छ । यस निम्ति पुस्तक सोचनीय छ, मननीय छ । नेपालीका लागि यो पुस्तक ठूलो सौभाग्य हो ।*

॥ अग्निचक्रको हार्दिक शुभकामना ॥



# ॐ सत्गुरू वन्दना

**गोरक्ष् वालम् गुरुशिष्य पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जिताजन्म जालम् ।**
**वन्दे जटालम् जगदाव जालम् ॥**

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ।।

## भावार्थः



प्राण-स्वरुप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।

## परिपक्व बैंकर भनेकै RMDC का सीईओ

म अग्निचक्र मासिकको नियमित पाठक हुँ । ०६६ सालदेखि नै अग्निचक्र मासिक नियमित पढ्ने मेरो बानी अहिले आएर दक्षिण कोरियामा हुँदा पनि www.agnichakranews.com मार्फत नियमित अध्ययन गरिरहेको हुन्छु । यस पटक ०७३ फागुनको अग्निचक्रमा सेन्टर पेजमा रूरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. (RMDC) का सीईओ ज्योतिचन्द्र ओझाज्यूको अन्तर्वार्ता पढ्न पाईयो । ओझा ज्यूको अन्तर्वार्ता पढ्दा यस्तो लाग्यो कि वहाँ एक परिपक्व बैंकर हुनुहुन्छ । ३० वर्षसम्म राष्ट्रिय वाणिज्य बैंकको सेवा गरेर कार्यकारी निर्देशक भई अवकाश पाउनु भएका RMDC का वर्तमान सीईओ सरको अन्तर्वार्ताको शैली मनपऱ्यो साथै र माइक्रोफाइनान्सको नेपालमा कति महत्व छ भन्ने बारेको उहाँको उच्च विचार नेपाल राष्ट्रको हित र जनताको सर्वोपरी उन्नतीका लागि कोशेढुंगा सावित हुनेछ भन्ने मलाई लाग्यो । त्यसैले पाठकपत्रमा यो भन्न मन लाग्यो कि- परिपक्व बैंकर भनेकै RMDC का सीईओ ज्योतिचन्द्र ओझाज्यू हुनुहुन्छ ।

**- पुकार श्रेष्ठ,** उर्लाबारी
हालः दक्षिण कोरिया

## गेलालजीको सन्देश सबैका लागि

अग्निचक्र मासिक पत्रिकाको फागुन २०७३ को अंकमा चाँगु नारायण नगरपालिका, भक्तपुरका इन्जिनियर रूपेश गेलालको अन्तर्वार्ता प्रकाशित भएको रहेछ । महाभुकम्पबाट पाठ सिकौं र भुकम्प प्रतिरोधी घर बनाऔं भनेर गेलालजीले भुकम्पको उच्च जोखिममा रहेको नेपालको राजधानी काठमाडौंका बासिन्दालाई र पुरै देशभरिकै नागरिकहरूलाई सचेत हुने सल्लाह दिनुभएको रहेछ । घर कस्तो बनाउँने र किन




बनाउँने अनि घर बनाउँदा केही महंगो भएपनि उच्च गुणस्तरको सामाग्री किन प्रयोग गर्ने त ? लगायतका सन्देशमुलक विचारहरू अन्तर्वार्ता मार्फत गेलालजीले अग्निचक्रमा बोल्नु भएको रहेछ । धन्यवाद छ - इन्जिनियर सा'ब । सबैका लागि सन्देश दिनु भएकोमा पुनः आभार व्यक्त गर्दछु ।

**- विक्रम कठायत**
बुढानीलकण्ठ, घुम्ती

## कायस्थ र हिमा दिदी

साहित्यिक स्रष्टा मोहन बहादुर कायस्थ र राजनीतिज्ञ उमा श्रेष्ठ 'हिमा' को अन्तर्वार्ता अग्निचक्र मासिकको ७६ औं यात्रा अंक (०७३ फागुन) मा पढ्न पाउदा आफुलाई भाग्यमानी ठानेकी छु । यी दुवै अन्तर्वार्तालाई गहिरिएर अध्ययन गर्ने हो भने धेरै सन्देशहरू लुकेको पाइन्छ । मोहनबहादुर कायस्थ रिटायर्ड जीवनमा पनि कत्ति धेरै जाँगरिलो हुनुहुदो रहेछ भन्ने कुरा वहाँले लेखेका पुस्तकहरूको लिस्ट पढ्दा थाहा हुन्छ । त्यस्तै, गणतन्त्रवादीहरूको घेराउमा परेर आफ्ना ट्रकहरू खोसिएको र दुःख पाए पनि नेपाली राष्ट्रिय एकताको प्रतिक राजसंस्था र हिन्दुराजा हो भन्नु हुने उमा श्रेष्ठ 'हिमा' ले सनातन हिन्दुराष्ट्र नेपाल जिन्दावाद ! भन्नु भएको कुरा मलाई साह्रै चित्त बुझ्यो । नेपाल देशलाई बचाउने हो भने हिमा दिदीको उच्च विचारलाई सबैले सम्मान गर्नु पर्छ र नेपाली साहित्यको बारेमा यथार्थ जानकारी चाहनेहरूले र साहित्यिक मनहरूले कायस्थ ज्यूका सबै पुस्तक अध्ययन गर्ने हो भने विद्धान् बन्न सकिन्छ जस्तो मलाई लाग्यो । जय होस्- कायस्थ ज्यू र हिमा दिदीको !!

**- रमादेवी महत**
थापाथली, कुरियागाउँ


## चलचित्र र मोडलिङ्ग खै त !

अग्निचक्र मासिकले ०७३ फागुनको अंकमा साहित्यकार तथा शिक्षासेवी मुकुन्द शर्मा चालिसे र वहाँकी धर्मपत्नी उपन्यासकार मायादेवी शर्माको अन्तर्वार्ता एउटै अंकमा प्रकाशित गरेको पाइयो तर चलचित्र र मोडलिङ्ग क्षेत्रलाई बेवास्ता गर्दै कुनै सामाग्री प्रकाशित गरेन, किन ? जवाफ चाहियो- सम्पादकज्यू ?

**- मनिष भण्डारी,** सर्लाही ।

# Firesurance

## Be safe with Shikhar Fire Insurance




SHIKHAR
FIRESURANCE

Shikhar Firesurance covers loss due to Fire with extension of Earthquake, Riot, Strike Damage, Malicious Damage, Terrorism, Storm, Flood, Typhoon, Aircraft and Aerial damage etc

Be safe with Shikhar Fire Insurance.


Shikhar Insurance
Happysurance

For further details contact: 9851087081

Shikhar Biz Centre, Fifth-Seventh Floor, Thapathali, Kathmandu, Ph: 4246101, 4246102, Fax: 4246 103



# MEDITATION



*Presented By*
**Dr. Y.B. Shrestha Malla**

**Q: Define Meditation.**

A.: Meditation is walking towards God slowly, consciously, concentratedly like an elephant's walking with intense feeling of love, extreme patience, constant agitation and prayer, culminating in surrender.

Generally speaking **meditation consists of Dharana, Dhyan & Samadhi. To this, SB says, we must add Inquiry.**

**Q: What is Dharana?**

Concentrating in the seeker's Object of Worship generally or historically. For example, if one concentrates generally of Rama or Krishna's life story, it becomes Dharana.

A: It is also one or two or all or combination of one of the following:

1) Worship (Poojaa)
2) Recitation (Paath)
3) Repetition of a sacred a single word like Rama or Krishna or a phrase such as:
   Sri Rama - Jaya - Rama - Jaya - Jaya - Rama or
   Hare - Krishna - Hare - Krishna, Krishna - Krishna - Hare Hare. (Japa).
4) Brata-Vow to abstain from daily cores.
5) Group Prayer, eg. of the Gita, Bhagvat, Acharya Shanker's Hymns and so on (Prarthanaa)
6) Group recitation or singing (Bhajan)
7) Group singing with dancing (Kirtan)

But beware of spiritual exhibitionism as demonstrated by various postures and sentimental extravananja characterized by shouting, crying, fainting and so on. **Helpers for above** are Group Discussion among the likeminded persons (Satsang) and Studies (Swadhyaya) not for knowledge but for deep meditation.

**Q: What is Dhyana?**

A: Concentrating on your Object of Worship specifically is Dhyana. Examples are your concentration exclusively on Christ's head or Buddha's sitting position of meditation or on Krishna's Eyes or smile or trying to hear the music of His flute and so on. Seekers call them Sagun Dhyana. Generally people know water as water only-- this is Dharana. Scientists know it more deeply because they know water as $H_2O$--this is Dhyana.

**Q: What is Samadhi?**

A: It is one-pointed concentration on your Object of Worship. It is higher than Dhyana.

**SB:** In your initial stage of meditation you may first fall into a sort of sleep. You may then experience happiness. If you are unconscious in this, it may take you to Nirvikalpa Samadhi. Many saints mistakenly believe this as final. It is not so: seekers may enter and stay in this Samadhi even for ages; this is not only useless but extremely harmful also. This is Achetan (Jad) Samadhi, which must be avoided. Instead of this, do inquiry.

**Q: What is inquiry?**

A: It is the highest form of Meditation. It is conscious meditation -- Sachetan Samadhi. In it the seeker asks: Who am I? **Who are you? What is the inner substance of this world, of this life and of this creation?** and so on.

Wait patiently. Pray till you get the answer. Unless and until you get the answer, you can never reach God. This answer comes in the form of Revelation/ Flash. When the seeker experiences this, he becomes Omniscient, Omnipresent, Omnipotent, and obtains Bliss Eternal and becomes Free forever!

Know that God puts all living beings, including man, into the prison of life for their past commitments/mistakes. Man too is bound; but the jailor, God, can free him if he behaves properly and satisfy Him. So inquiry is so important.

**To be successful in Inquiry:**

1) Fulfill your **Duties** always. By this you save yourself from reactions, viz. useless & harmful activities (Akarmas & Vikarmas) and from liking and disliking and new adventures (Raag, Dwesh and Icchaa). SB says that duties are like

a dish and Meditation like meals. Both are necessary for your meals.

2) Do not try to make your mind void as advised by Paul Brunton or J. Krishnamurti. If you do this, you may become mad or land in NS which is, as said before, not only useless but harmful also.

3) Always stay in **Dharana & Dhyana**. Never leave them.

4) If you have no duties, think of God in various ways or **Inquire**.

5) Great saints have declared that **Sarvam Khalvidam Brahma. This is true, only after Realisation, not before.** You are only a seeker, and you have not realized the Truth yet. Therefore, you should also never assert that "I am not this Body, myself is false self, my Real self is God," etc. How do you know that they are so? Unless God Himself reveals the Truth, you do not know this; so you should not be over wise. Therefore never declare/ assert such ideas or statements, even if Scriptures or Saints recommend you.

Do you know understand, why strong intellect & pure Mind are important for the seekers? To allow the first two Disciplines take care of them and the third Discipline to take care of Soul.

**Let us summarize:**

Dharana is like cultivating/collecting food materials, Dhyana is like cooking, and Samadhi is like eating. Collection and cooking take time, perhaps some hours, while eating takes only few minutes! So please do not hurry for Samadhi in the beginning.

Know that Dharana & Dhyana are also like **Mine-sweepers** which clear the way for Inquiry.

Inquiry finally cuts down all impressions lying before your Intellect & Mind. It clears all obstructions before your view. Then you will know the Truth.

After God-Realization, various devas like to come and stay with you. But even the 3 great divinities, Brahma, Vishnu & Maheswara, so Acharya Shankar said, should be as repulsive as a crow's excreta, if they do not help you for Realisation.

Therefore the most important precondition is Inquiry: it takes you to God, for example, in 100 miles' speed.


नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभागको**

**मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी अत्यन्त जरूरी सूचना**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा विक्री गर्दा विक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोबार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु.५०००।- (पाँच हजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुपमा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर



नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभागको**

**भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा, भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा ब्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर



नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

**मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिहरूले आफ्नो कारोबार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको विक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर

# बैंकरका कमजोरीले निम्त्याएको समस्या



दुर्गाप्रसाद आचार्य

कमर्सियल बैंकका बैंकर्स-सीईओ र नेपाल राष्ट्र बैंकको भनाई बाझिएको छ । राष्ट्र बैंकले तरलता देखाएको छ । कमर्सियल बैंकहरू लगानी गर्न रकम छैन भनिरहेका छन् । स्रोत भएर पनि थप लगानी गरेर अघि बढ्ने अवस्था किन भएन त ? बैंकरहरूले हामी थप लगानी गर्न सक्ने अवस्थामा छैनौं भन्नु उनीहरूको फ्युचर रिस्क आँकलन गर्न सक्ने क्षमताको कमीले नै यस्तो भएको हो । भोलि यस्तो हुन सक्छ है भन्ने कुराको प्लान गर्न नजान्ने सीईओ कुन क्षमताको हो त ? प्रश्न गम्भिर छ । रियलस्टेट कर्जा, हायर पर्चेज र ओभरड्राफ्ट कर्जाहरूमा ध्यान नदिनु र जथाभावि लगानी गर्नु, निक्षेप र ऋण दुवैतर्फ मूल्य समायोजन गर्न नजान्नु वा बढी महत्वाकांक्षी भएर अस्वस्थ प्रतिस्पर्धाका लागि 'हिरो सीईओ' हुन खोज्नु आदि कारणले बैकिङ्ग जगत दुर्भाग्य तर्फ लम्केर अघि बढ्न खोजे । अनि पछि आएर समस्या परिसकेपछि चाहि ठूलो आकारका निक्षेप नआएसम्म बैकिङ्ग क्षेत्रमा सुधार हुदैन भन्न थालेका छन्- महत्वाकांक्षी बैंकर-सीईओहरू !!

**अटोमोबाइल इन्डस्ट्रिज फस्टाउनु र अटोमोबाइललाई बढी भन्दा बढी जनताले उपयोग गर्न पाउनु भनेको नेपालीहरूको लिभिङ स्ट्याण्डर्ड बढ्नु हो ।**



सबैजसो बैंकहरूले निक्षेपको लागत बढेको आधारमा कर्जामा ब्याज बढाउदै गएका छन् । कमर्सियल बैंकहरूकै कारण अहिलेको अवस्था आएको हो । बैंकहरूले नियममा बसेका भए यस्तै अवस्था पक्कै हुँदैनथ्यो । अहिले नयाँ नयाँ आकर्षक ब्याजदरका योजना ल्याएर बैंकहरूले रकम तान्ने प्रयास गरिरहेका छन् । ३ महिनाको निक्षेपमा १२% सम्म ब्याज दिने योजना ल्याएको देखिन्छ । नेपाल सरकारको चालामाला अहिले मात्र होइन गत वर्षहरूमा पनि विकास बजेट खर्च गर्न नसकेर फ्रिज भएको उदाहरण विगतका धेरै वर्षहरूमा देखिदै आएको कुरा सबैलाई थाहा छ । जनताको विश्वासमा जनहित कै लागि खुलेका बैंकहरूको पछिल्लो अवस्था हेर्दा परिपक्वता नभएको हो कि ! भन्ने प्रश्न उठेका छन् । राष्ट्र बैंकले निगरानी नगरेर यस्तो अवस्था आएको हो भन्नु मुर्खतापूर्ण अभिव्यक्ति हो बैंकहरूको ।

जनताप्रति उत्तरदायी भएर जनताकै डिपोजिट र सेभिङ्गबाट संचालन भइरहेका ठूला बैंकहरूको गतिविधि र सीईओहरूको डिसिजन र काम गराई सन्तोषजनक देखिएन । निर्णय क्षमतामा केटाकेटीपन देखियो । दशौं लाख मासिक तलब-भत्ता खाएर टाइसुट भिर्देमा बैंक चलाउन सजिलो छैन, यो कुरा सीईओहरूले बुझ्नु पर्दछ । फितलो पोलिसी र फ्युचर रिस्क आँकलन गर्न नसक्ने सीईओहरूले वार्षिक एक करोड प्लस तलब भत्ता लिएको अलिक सुहाएन । काम गरेर देखाउन सक्नु पर्‍यो । करोड प्लस तलब खाएको जस्टीफाई गर्न सक्नु पर्‍यो, अबका दिनमा सेयर होल्डरले यी कुराहरूको लेखाजोखा खोज्ने दिन आए । नियमनकारी निकाय राष्ट्र बैंकको नियममा पनि नबस्ने अनि काम गरेर देखाउन पनि नसक्ने, 'मात्र नाफा' कमाउने उद्देश्य राख्दा यो परिस्थिति आएको हो ।

माइक्रोबसको चालकलाई ट्राफिक प्रहरीले निगरानी गरेजस्तो 'कारबाही' त राष्ट्र बैंकले गर्न मिल्दैन नि, पब्लिकको लगानी भएको बैंकमा । करोड तलब खाने शिक्षित सीईओहरूलाई राष्ट्र बैंकले ट्राफिक प्रहरीले सिठी फुकेर ड्राइभरलाई सतर्क गराएको जस्तो गर्नु पर्ने हो कि क्या हो बैंकका सीईओलाई ? नेपाली बैंकका सीईओ र माइक्रोबस चलाउने ड्राइभर एकै जस्ता हुन् त ? बैंकका सीईओहरू सिरियस भएनन् कामप्रति । राष्ट्र बैंक धेरै कडा रूपमा प्रस्तुत हुदैन किनभने फलानो बैंक यस्तो भएकाले कारबाहीमा पर्दैछ भन्ने बित्तिकै जनताको लाइन लाग्छ त्यसकारण राष्ट्र बैंकले जनताको विश्वासलाई यताउता डगमगाउन नदिन कुटनैतिक हिसाबले कदम चालेको हुन्छ तर यहा आजकल बैंकरहरूको काम गराई हेर्दा राष्ट्रबैंकको सोझोपनको फाइदा लिन खोजे जस्तो देखियो । राष्ट्रबैंक त अभिभावक हो ।

बैंकहरूले बिजनेस मेनहरूलाई लोन दिएर ब्याज असुल्ने मात्र होइन "काउन्सेलिङ्ग" को काम पनि गर्नुपर्छ । फ्युचर सिचुएशन यो छ र यो हिसाबले चल्नु होला है भनेर सतर्कता पनि गराउनु पर्दछ अर्थात सजेसनको भूमिका पनि खेल्नुपर्छ । अहिलेको नेपालको परिस्थितिमा बिजनेसमेनहरूले कुन बैंक ठीक रहेछन् त भनेर चिन्ने मौका पनि पाए । दुःख पाएको बेला कुन बैंकले सहयोग गर्दो रहेछ त भनेर बुझ्ने-चिन्ने-मुल्यांकन गर्ने अवसर उद्यमी-व्यापारीहरूले पाए यो पटक । बैंकहरूले व्यापारीहरूलाई कन्सल्टेन्टको भूमिका खेल्नु पर्‍थ्यो तर त्यस्तो केही गर्न सकेनन् ।

अटोमोबाइल क्षेत्रलाई अनुत्पादक भन्नु गलत हो । अनुत्पादक क्षेत्रको परिभाषा अटोमोबाइललाई दिनु भनेको नबुझेको मान्छेले बोलेजस्तो भो । प्रत्येक मान्छे अनुत्पादक हो त ? सडक बनाइ दिएको छ, सडकमा मान्छे हिडे भनेर भोलिदेखि हिड्नै नदिने त ? गन्तव्यमा पुग्न साधन चाहिदैन र ? झापा, मोरङमा फलेको धान, गहु, तोरी, तरकारी काठमाडौं कसरी ल्याउने त ? एक्काइसौ सताब्दीको युगमा हाइवे सडकमा गाडी नगुडाएर गाई-गोरू-बाखा मात्र हिंडाउने त ? सडक के का लागि ? सम्भव नहुने कुरा अनावश्यक बोल्छन् विद्वान्हरू यो देशमा । अटोमोबाइल क्षेत्रलाई अनुत्पादक भनेर विद्वान्हरूले बोल्नु भनेको मुलुकलाई फेरि पनि सयवर्ष पछाडी धकेल्न खोजेको जस्तो कुरा भो । ढुंगे-जंगली युगमा लाने कुरा गर्न सुहाउँदैन ।

अटोमोबाइल इन्डस्ट्रिज फस्टाउनु र अटोमोबाइललाई बढी भन्दा बढी जनताले उपयोग गर्न पाउनु भनेको नेपालीहरूको लिभिङ स्ट्याण्डर्ड बढ्नु हो । जनताको गरीखान सक्ने पावर झन् बढ्नु हो, बिजनेस बढ्नु हो, राज्यका जनताहरूको जीवनस्तर उक्सिनु हो । अटोमोबाइल क्षेत्रको विकास हुनु नै देशको विकास र सम्बृद्धि हुनु हो, जनताले गाडी चढ्नु, नयाँ नयाँ गाडी भित्रिनु र नागरिकले किन्नु, चढ्नु भनेको उसको जीवनस्तर झनै बढ्नु हो, गरीबबाट धनी हुदै जानु हो । देश विकास हुदै जादा जनता समृद्ध बन्दै जान्छन् अनि गाडी किनेर चढ्ने हुन्, आवश्यकता परेपछि किन्ने हुन् । सवारी साधनको आयात घट्नु भनेको राजस्व घट्नु हो ।

डिपोजिट र इन्भेष्टमेण्टको समायोजन गर्न नजान्नु, सीईओको बुद्धि नपुग्नु, परिपक्वता नहुनु, फ्युचर एनालाइसिस गर्न नजानेर नै अहिले बैंकहरूले ब्याजदर जथाभावी बढाएका हुन् र निक्षेप तथा बचतमा पनि आकर्षक ब्याजदरका योजना ल्याएका हुन्, नेपाली बैंकरहरूको डिसिजन मेकिङ्ग पावर गतिलो देखिएन । साना साना बचत तथा निक्षेपलाई ध्यान नदिनु र ठूला-ठूलालाई ताक्नु (टार्गेट गर्नु) बैंकका कमजोरी हुन् । नाफा मात्रै हेरेर काम गरे बैंकले । रक्तचन्दन व्यापारीले नाफा कमाएको जस्तो गरेर बैंकले नाफा कमाउन खोज्नु र सीईओले महत्वकांक्षी भएर एग्रेसिफ रूपमा काम गर्नु गलत हो किनभने बैंक भनेको सेवामूलक संस्था पनि हो सीईओले आफ्नो जागिर टिकाउन, टर्म थप्न, सञ्चालक समितिलाई खुसी राख्न र नाफा देखाउन प्रपञ्च गर्न खोज्दा अहिलेको अवस्था आएको हो । सीईओहरूको कमीकमजोरीको मार अहिले व्यापारीले खेप्नु परेको छ ।

क्यापिटल धेरै बढ्यो, त्यो भएपछि सञ्चालक-सेयरहोल्डरले प्रोफिट खोजे, अनि सीईओले जागिर खाइरहनका लागि जथाभावी एकमुखे डिसिजन गरे, जुन गलत भो अहिले । यसतर्फ राष्ट्र बैंकले सचेत गराएर आवश्यक कारबाही पनि गर्नु पर्ने स्थिति देखिदै गएको छ ।

हाल विद्यमान बैकिङ समस्या र त्यसको समाधानका विषयमा अर्थविज्ञहरूको ठूलो समुहसँग ठूला कमर्सियल बैंकका सीईओहरूले बृहद बैठक राखेर एउटा निष्कर्ष निकाल्नु पर्नेमा उल्टै नेपाल राष्ट्र बैंकलाई दोष थोपर्ने काम गरेका छन् । नेपाल राष्ट्र बैंकले ल्याएको सुधारका योजना अनुसार थप लगानी गर्न सकिन्न भन्नु सीईओहरूको अपरिपक्व कथन हो । सीसीडी रेसियोलाई ध्यान नदिने, ठूला खाले निक्षेपमात्र ल्याउन चाहने, साना

***फितलो पोलिसी र फ्युचर रिस्क आँकलन गर्न नसक्ने सीईओहरूले वार्षिक एक करोड प्लस तलब भत्ता लिएको अलिक सुहाएन । तलब खाएको जस्टिफाइ गर्न सक्नुपऱ्यो ।***



निक्षेपकर्तालाई बेवास्ता गर्ने र राष्ट्र बैंकलाई दोष दिएर आफूहरू चोखिने काम सीईओहरूले गरेकाले नै नेपाली बैकिङ्ग क्षेत्रमा अहिलेको अवस्था आएको हो । आगामी असार महिनासम्म ८ अर्ब चुक्ता पुँजी पुऱ्याउँनु पर्ने बाध्यतामा रहेका कमर्सियल बैंकहरूले विकास बैंक र फाइनान्स कम्पनीलाई खरिद गर्ने अथवा गाभ्ने कार्यक्रम द्रुत गतिले अघि बढाएका छन् ।

नेपाल राष्ट्र बैंकले घोषणा गरेको (अर्धवार्षिक मध्यावधि समीक्षा) नयाँ मौद्रिक योजनाबाट ठूला कमर्सियल बैंकले राहत पाएकै छन् तर पनि राष्ट्र बैंकसँग बैंकरहरू सन्तुष्ट छैनन् । नाम चलेका टप टेन बैंकसँग पनि लगानी गर्न रकम पर्याप्त छैन र नयाँ योजना आउने कुनै छाँट छैन । लगानी बढ्न नसकेपछि नेपाली बजार सुस्त हुदै जाने स्थिति देखिएको छ । कमर्सियल बैंकका सीईओहरूले बैंकहरूमा रकम कमी हुनु अथवा बचत-डिपोजिटमा कमी आउनुको कारण सरकारको पुँजीगत बजेट खर्च हुन नसक्नु नै हो भनेका छन् जुन कुरा गलत हो किनभने नेपाल सरकारको विगत वर्षहरूको स्थिति पनि बजेट खर्च हुन नसकेर फ्रिज भइरहेकै थियो त ! इतिहास साक्षी छ यो कुरामा । मुद्दती निक्षेपको ब्याज बढाएर १२% दिए पनि बैंकमा निक्षेप रकम आउन नसक्नु र सीईओहरूको गतिविधि र कार्यक्षमता हेर्दा अनि राष्ट्र बैंकले तोकेको हरेक क्षेत्रमा कर्जा लगानीको सीमालाई ध्यान नदिएको देख्दा बैंकका सीईओहरू सक्षम छैनन् कि क्या हो ? भन्ने प्रश्न उठ्नेवाला छ अब । त्यसकारण नेपाल सरकार, राष्ट्रबैंकले मेच्युड दक्षता र क्षमता नभएका बैंकका सीईओलाई कारबाही गर्नु पर्ने हो कि ! बिजनेस डाउन हुदै जानु र राजस्व घट्दै जानुको सिधा असर मुलुकले व्यहोर्नु परेको छ । चेतना भया । ००

***छायादत्त सर ! सिर्जनासँग कसरी जोडिनुभयो, के हो सिर्जना, पारिवारिक पृष्टभूमिले यता पठायो कि ?***

– प्रश्नका लागि धन्यवाद, तपाईं त कस्तो खरो मान्छे हुनुहुँदो रहेछ लक्ष्मीजी, हेर्दा मात्र सरल ! सुरूमै सिर्जना र जीवनसँग जोडिहाल्नुभो । अहिलेभैंm पढ्ने पढाउने सहज परिवेश थिएन । म एक जना साधारण किसानको छोरो, मेरा बा र सिर्जना एक सिक्काका दुइपाटा हुन् । मान्छे आफै सृष्टिको सुन्दर सिर्जना हो । कसैले बढी राम्रो देखिन्छु भनेर क्रिम घस्छ भने विद्रुप पनि बन्न सक्छ तर सिर्जना एक्लै परिपूर्ण नभए पनि आफैमा सुन्दर हुन्छ, जीवनजस्तै गतिशील हुन्छ ।

***कहिलेदेखि सिर्जनामा लाग्नुभयो र नयाँ के लेख्दै हुनुहुन्छ ?***

रमाइलो सिर्जना गर्ने ध्याउन्नमा छु, मौलिक नेपाली विषय छान्न र प्रस्तुति रमाइलो पार्न सकियो भने विधा जुन भए पनि के भो र ?

***खोइ के के पाउनुभो लेखनबाट ?***

– गजब कुरा गर्नुभो ! 'यी यो पाएँ' भनेर देखाउने होडमा मेरो रूचि छैन । जीवन केही गर्नका लागि हो । मेरो जाँगरले वाङ्मयको



# सन्तानलाई धन होइन असल संस्कार र शिक्षाको खाँचो छ

– छायादत्त न्यौपाने 'बगर'

आदरणीय पाठकवृन्द ! **अग्निचक्र**ले यस अङ्कको भलाकुसारीमा बाल साहित्य स्रष्टा छायादत्त न्यौपानेलाई पनि लिएको छ । कलिलो मनमस्तिष्क सम्पन्न बालकहरूलाई पुस्तकप्रेमी र सामाजिक उत्तरदायी बनाउने रहर बोकेर तदनुकूल योजनासहित समर्पित स्रष्टा छायादत्त न्यौपाने 'बगर' नेपाली साहित्य सिर्जनमा जुटेका इमानदार साधक हुन् । उनी नेपाली वाङ्मयी जगतमा व्यङ्ग्य चेतनाको चोटिलो झटारो सोझ्याउँदै प्रौढ निबन्ध लेखनमा गर्बिलो उपस्थिति जनाउन सफल छन् । विसं. २०२२ सालमा पर्वत जिल्लाको हुवास गाविस.वडा नं.८ (हाल पैंयु गाउँपालिका) मा जन्मेका न्यौपाने माताश्री देवरूपा र पिता स्व.कमलप्रसाद न्यौपानेका द्वितीय सुपुत्र एवं चौथो सन्तान हुन् । स्नातकोत्तर तहसम्मको औपचारिक अध्ययन पूरा गरी विद्यावारिधिका लागि अनुसन्धानरत न्यौपानेका *भाषा : सिकाइ, सीप र सिर्जना* २०५३, (शिक्षण सीप सम्बन्धी नवीन शैलीमा भाषा व्याकरणको) पुस्तकाकार कृति लिएर देखा परेका हुन् । उनको हालसालै प्रकाशित *खल्तीका कुरा चल्तीका सूत्र* सूत्रदृष्टि पाठकप्रिय कृति हो । उनका निबन्ध, समालोचना र बाल साहित्य गरी झन्डै तीन दर्जनभन्दा बढी पुस्तक प्रकाशित छन् भने *मन* शीर्षकको निबन्ध संगालो र बाल साहित्यका विविध गरी एघारवटा कृति प्रकाशोन्मुख देखिन्छन् । अभियान साहित्य प्रतिष्ठानका संस्थापक सचिव तथा वर्तमान अध्यक्ष समेत रहेका न्यौपाने विभिन्न साहित्यिक संस्थाहरूसँग आबद्ध रही वाङ्मयको श्रीवृद्धिमा मनवचन कर्मले समर्पित छन् । उनले केही अङ्क *जम्को* साहित्यिक मासिक, केही अङ्क *प्रतिभा प्रवाह सिर्जना र समीक्षा* मासिक तथा विभिन्न संस्थाका मुखपत्रहरूको सम्पादन गरेर सम्पादकीय व्यक्तित्व निर्माण गरेका छन् । विगत लामो समयदेखि सिर्जनकर्ममा समर्पित न्यौपानेले विद्यालय तहका पाठ्यपुस्तक तथा पत्रपत्रिकासँग सम्बन्धित लेखन/सम्पादन/संयोजन/निर्देशनजस्ता भूमिका कुशलतापूर्वक निर्वाह गर्दै आएका छन् । उनी पछिल्लो समय*अक्षरधाम* प्रकाशनसँग आबद्ध रही बाल साहित्य प्रवर्धनमा रूचिपूर्वक लागिपरेका छन् । प्रस्तुत छ–यिनै विशेषताहरूसँग रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनी मार्ग काठमाडौंमा प्राध्यापनरत न्यौपानेसँग अग्निचक्र मासिकका सम्पादक/प्रकाशक लक्ष्मीनारायण भट्टराईले गरेका भलाकुसारीको सारसङ्क्षेपः

तत्कालीन समयको पढेलेखेकै हुनुहुन्थ्यो तर छोराछोरीलाई जसरी पनि पढाउनुपर्छ भन्ने चेतना फक्रिसकेको थिएन जस्तो लाग्छ । यसको एउटा सन्दर्भ सुनाऊँ मैले त्रिवि.कीर्तिपुरमा स्नातकोत्तर पढ्दा पढ्दै घर गएका बेलामा गाउँकै मुखियाका छोरा एमए पढ्ने मान्छे कस्तो रहेछ भनेर हेर्न आएका थिए । म पारिवारिक पृष्टभूमिबाट भन्दा औपचारिक अध्ययनको सिलसिला चुँडालेर विद्यालयको पठनपाठन र साथीभाइसँगको बसउठ सुरू भयो । त्यसैबाट लेखनतिर तानिएँ भन्ठान्छु । बात तन्काउँदा परपर पुगिएला तर मलाई त जीवन र सिर्जना उस्तै उस्तै दुरूस्तै लाग्छ । जीवन आफै सिर्जना हो भने सिर्जनाले सिङ्गै जीवन बोल्ने हो । जीवन र सिर्जनालाई अलग राखेर हेर्दा दुवै अपूर्ण रहन्छन् । त्यसैले मलाई लाग्छ जिन्दगी

– मेरो लेखन विसं. २०४२ तिर *हाम्रो झन्डा* शीर्षकको निबन्धबाट सुरू भएको हो । यो *नयाँ पुकार* नामक पत्रिकामा भारतको ऋषिकेशबाट प्रकाशित भएको हो । आज भने लेख्दै गर्दा म साना भाइबहिनीहरूसँग रमाउने भएको छु । उनीहरूलाई खाँचो पर्ने पाठ्यसामग्री तयार पार्ने रहरले मलाई झस्काइरहन्छ । हुन त मान्छेहरू मलाई बुद्धिबिलासबाट उछिट्टिएर पर पुगेको देख्छन् तर मलाई जेमा रहर छ त्यसैमा प्रयास गर्छु । कतिले यसलाई अल्प बुद्धि र कम श्रमको सस्तो उत्पादन ठान्छन् । म भने साना भाइबहिनी अनूकुल हुने गरी गीत, कथा, कविता, नाटक, उपन्यास, निबन्ध, संवाद के लेख्न सकिएला ? खोजीमा छु । उनीहरूको मनसित परिचित भई रूचिकर बनाउने ध्येयसँगै जीवन लछ्रप्प भिज्ने अभीष्ट पालेर चिटिक्कको

उत्थानमा एउटा ईंटा थप्यो भने त उपलब्धि भइहाल्यो नि । समयको माग र जीवनको आवश्यकता पूर्तिगर्ने पाठ्यसामग्री पढ्न पायो बाल मस्तिष्कले भने कति जाती हुँदो हो ? मलाई लाग्छ नेपाली बाल साहित्यमा यस्तो खुराकको कमी छ । अझ भनौं केटाकेटी हुन् जे लेखिदिए पनि हुन्छ भन्ने उपेक्षाभावले ग्रस्त मान्छेहरूले बालकहरूका निम्ति उचित आहार दिन नसकिरहेको यस घडीमा भविष्यका आशातीत सन्ततिलाई भरपर्दो सिर्जना दिन सके सामाजिक चेतना बिउँझन्थ्यो र देशले केही पाउँथ्यो कि भन्ने विश्वासले घचघच्याउँछ मलाई । अरूका राम्रा रचना पढ्दा मैले यस्तै राम्रो लेख्न सके, रहरले भित्रैसम्म कोट्याउँछ, म त्यतै एकोहोरिन्छु ।

***उसो भए पेसा बन्न सक्छ लेखन, के लाग्छ तपाईंलाई ?***

– सम्भावनालाई त नकार्न सकिँदैन तर लेखकस्वबाट पेट भरिँदैन । हुन त लेखकमात्र भए भरिन्थ्यो कि ! लेखकसँग अरू पनि पेट आश्रित हुन्छन् अनि त बित्याँस पर्छ (अलिकति हाँस्दै ) समस्या छ, प्राप्त पारिश्रमिकमा सन्तुष्टि लिने विवेक छैन हामीसँग । लेखक/प्रकाशकबिच विश्वासको सङ्कट देखिन्छ, इमानमा खिया परेको अनुभूत हुन्छ । स्रष्टालाई राष्ट्रले संरक्षण दिन सकेको छैन । यी तिन्टा कुरामा सकारात्मक परिवर्तन हुने हो भने लेखेर कमसेकम पेट त भरिन्छ । हो, विदेशमा जस्तो लेखक घामपानीबाट बच्नुपर्छ, उसले पनि समयमा गन्तव्य भेटाउनुपर्छ भन्ने विकसित चेतनायुक्त राष्ट्रिय व्यवहार पाएर भौतिक सुखमा देखिनचाहिँ अझै पर्खिनुपर्छ लेखकले । फेरि लेखकहरू व्यावसायिक बन्न पनि नसकेको अवस्था त हो नि ! अनि त किन पेटकै चिन्ता गर्ने अर्को व्यवसाय गरेर फुर्सतमा लेख्ने भएपछि ? मेरो बुझाइ भन्छ, लेखकहरू साधनाभन्दा गुनासो गर्न बढी रूचाउँछन् । कर्तव्य बिर्सेर अधिकारतर्फ आकर्षित हुने सिङ्गै सामाजिक संस्कारभन्दा पृथक लेखक पनि रहन सकेको छैन । यस्तो चिन्तन र यसले दिने व्यवहार जनता न राष्ट्र कसका लागि सुखद हुन्छ र ?

***तपाईंको अध्यापनमा लेखकीय संसार कस्तो छ नि ?***

– लक्ष्मीजी अध्यापन र लेखन फरक पाटा हुन् । तपाईं हामी सबैलाई थाहा छ कि सबै लेखक अध्यापन गर्दैन र सबै प्राध्यापक/शिक्षक लेखनमा सक्रिय छैनन् । सापेक्षतामा हेर्दा शिक्षणले अलि बढी वातावरण दिन्छ लेखनमा भन्ने तपाईंको आशय हो भने आंशिक सत्य होला । तपाईंले शिक्षण पेसामा नलागेको भए तपाईंको लेखन के हुन्थ्यो भनेर सोध्नुभो भने मबाट स्वाभाविक उत्तर नआउन सक्छ । हो,सिर्जनालाई वातावरणले प्रभाव पार्छ तर अध्यापन नै लेखनको उपयुक्त अवसर भने होइन । सिद्धान्त तथा समालोचना लेखन त स्वतन्त्र भएन भन्ने गुनासो आइरहेको सन्दर्भमा सिर्जनाले समेत अध्यापन पछ्यायो भने पाठकहरू के भन्लान् ? अँ, अचेतनले पेसागत व्यक्तित्वको गन्ध छाड्न सक्छ कि सक्तैन सिर्जनामा ? भन्ने मनसाय राख्नुहुन्छ भने त नकार्न सकिँदैन ।

***यतिबेलाको साहित्यिक लेखनबारे के भन्नुहुन्छ ?***

– समाज निर्देशित साहित्य पढ्ने रहर नमेटिएको पाठकीय प्रतिक्रिया हिजोदेखिको हो आज पनि छँदै छ । आज सर्जक र सृष्टि सङ्ख्या ह्वात्तै बढेको छ । जीवनलाई नजिकबाट हेर्ने अभ्यास

***विधिको शासन गर्ने राज्यसत्ता नडराउने हो भने यस्ता समस्या सचिन बेर लाग्दैन । सचिएको स्वच्छ छवि त कर्मचारीतन्त्र अनि राजनीतिकर्मीको हुनुपर्छ बाँकी सबै स्वच्छ हुन्छ ।***

स्रष्टा छायादत्त न्यौपाने 'बगर' का कृतिहरूको झलक




थालिएको छ । पुराना संस्कारबाट फुत्केर अलिक फराकिने साहसिक लेखन प्रयास भएको छ । यसलाई सकारात्मक मान्नुपर्छ तर चिन्तनका दृष्टिले आग्रहमुक्त सिर्जना गर्ने इमानदार संस्कार छैन । नेपाली मौकितामा भन्दा विदेशी संस्कृतिजन्य सिर्जनामा स्तरदेख्ने प्रवृत्ति सचिनु आवश्यक छ । व्यक्ति गन्थनभन्दा सामाजिक समस्या उत्खनन् गरी राष्ट्रिय गरिमा उचाल्नेतर्फ स्रष्टा सोझिए सुनमा सुगन्ध थपिन्थ्यो । स्रष्टा, स्रष्टा बनेर सामाजको अगुवाइ गर्ने लेखनका लागि एकोहोरिनु आवश्यक छ ।

***यतिखेर साहित्यिक भ्रष्टाचार खुबै चर्चामा छ नि ?***

– कस्तो गतिविधिलाई साहित्यिक भ्रष्टाचार भनेर परिभाषित गर्ने ? आपसमा गन्थन गरेजस्तो सजिलो छैन कुराको चुरोमा पुग्न । सर्जकका रचना प्रयोग गर्ने पारिश्रमिक नदिने, यहाँसम्म कि मैले तपाईंको फलानो शीर्षकको रचना अमुक प्रयोजनका लागि प्रयोग गरेँ है ! भनेर अनुमति लिन समेत आवश्यक नठान्ने प्रवृत्ति छ । विभिन्न पत्रपत्रिकामा लामा लेख रचना छाप्ने लेखकस्व नदिने दिए पनि थोरै दिने, त्यसलाई आफूले व्यावसायी बनाउने चलन पनि छ, अझ भनौं, प्रकाशकले धेरै प्रति पुस्तक छापेर थोरै छापेँ भनी थोरै पारिश्रमिक दिने, सरकारी राजस्व छल्ने गाइँगुइँ पनि सुनिन्छ । मलाई त तपाईंको सङ्केत लेखकस्व बुझ्ने कर नतिर्ने स्रष्टातर्फ हो कि धेरै प्रति पुस्तक छापेर थोरै छापेँ भन्ने प्रकाशकतर्फ ! भनी सोध्न मन लाग्यो । विधिको शासन गर्ने राज्यसत्ता नडराउने हो भने यस्ता समस्या सचिन बेर लाग्दैन । सचिएको स्वच्छ छवि त कर्मचारीतन्त्र अनि राजनीतिकर्मीको हुनुपर्छ बाँकी सबै स्वच्छ हुन्छ । रह्यो कुरो साहित्यको ! साहित्यले सामाजिक आदर्श बताउँछ । त्यसका सर्जक आदर्श पात्र हुन् । आदर्श पात्रमै बेथिति देखिए आदर्श सिर्जना कहाँ पाउनू ? लेखकस्व हक–दाबीमा सक्रिय हुन नखोज्ने सर्जकहरू अनधिकृत आम्दानीका पछि लाग्ने कुरा स्वाभाविक हुन सक्तैन तर सामाजिक कानुन सबैका लागि हो ।

***यी करोडौंका साहित्यिक सङ्घ संस्थाले राजस्व मारेका छन् भनिन्छ नि ?***

– हो, हामीकहाँ साहित्यिक संस्थाहरू बग्रेल्ती छन् । कतै पद नपुगेर राजनीतिक पार्टी फुटेझैं अध्यक्ष बन्नकै लागि संस्था खोलिए कि ? साहित्यिक भएका नाताले कर तिर्न आवश्यक ठानेनन् वा मिनाहा गराए ? विभिन्न साहित्यिक गतिविधि गरेर समाजमा नयाँ नयाँ हलचल ल्याउनु त आफैमा राम्रो पनि हो तर त्यसैलाई मागी खाने भाँडो बनाउनु भएन । संस्थाको उद्देश्य अनुसार सभा–गोष्ठीको पत्तो छैन । त्यसमाथि नीति–नियमको ख्यालै नगरी आयआर्जन गरेर कर छल्ने प्रवृत्ति त स्रष्टालाई सुहाउने कुरै भएन । मुनो समातेर भन्ने हो भने स्रष्टालाई आदर्श पात्रका रूपमा जीवन्त राख्ने पनि योग्य राज्यसत्ताले नै हो । व्यक्ति स्वयम् पनि अनुशासित नागरिक हो, नैतिक चरित्र उसलाई पनि चाहिन्छ । लेखक त झन् समाजमा थिति बसाल्छु भनेर लागेको हुन्छ नि होइन र ?

***सरकारी तथा निजीस्तरका पुरस्कारबारे के भन्नुहुन्छ ?***

– खोइ, के भन्नू ? मलाई कसैले प्रस्ताव गरेको होइन । (दुवै थोरै हाँस्दै) पुरस्कार असल कामका लागि गरिने प्रोत्साहन रूपी कोसेली हो । यसले अरू राम्रा कामका लागि प्रेरित गर्ने हो । धेरै स्रष्टा–सृष्टिमध्येबाट मूल्याङ्कन गरी उत्कृष्ट औंल्याएर सम्मान दिने हो तर यसको विपरीत स्रष्टा स्वयम्लाई निवेदन हाल्न लगाउने, उसैसँग कृति मागेर मूल्याङ्कन गर्ने, राजनीतिक आग्रह राखेर व्यक्ति छनोट गर्ने, उसैबाट खर्चपानीको व्यवस्था गराएर पुरस्कार दिने/लिने जस्ता कमसल चरित्र निर्माण पो गरिरहेको छ कि पुरस्कारले ! हावा नचली पात हल्लिँदैन, आगो नभएका ठाउँबाट धुवाँ निस्किँदैन भन्छन् नि ! दातासँग नजिकिन नजान्नेले पुरस्कार पाएको थाहा छैन । लाग्छ कतिपय पुरस्कारले सम्मान भन्दा बढी बदनामी बोकाउँछन् । निजी न सरकारी निचोडमा दुवै उस्तै लाग्छन् । पुरस्कारको उद्देश्य पवित्र होला तर अर्पणपद्धति सङ्लो छैन ।

***नेपाली वाङ्मयको ऐतिहासिक संस्था साझा प्रकाशन भत्कनुको कारण के देख्नुहुन्छ ?***

– हो, गम्भीर कुरा उठाउनुभो । साझा प्रकाशन नयाँ पुराना स्रष्टाहरूको प्रिय प्रकाशन गृह हो तर नेपालीको बानी घोत्र्याए मात्र काम गर्ने नत्र ठग्ने छ । नेतृत्वले कमाउने ध्याउन्नमा लागेर नीति–नियम उधिनेपछि भाँडभैलो मच्चियो । बेथितिमा चल्ने नेतृत्वलाई कर्मचारीले टेरेनन् । कोभन्दा को कम, राजनीतिक भागबन्डा उत्तिकै भो । निजी प्रकाशनमा एक जना कर्मचारीले भ्याउने काम साझामा तीन जनाले नभ्याएको देखियो । यो कुरा अहिलेका महाप्रबन्धकले बढी महसुस गरेको हुनुपर्छ । यो कसैप्रति आरोप होइन त्यहाँ देखिएको प्रवृत्ति हो । साझा बचाउने हो भने भागबिलो लगाउने र वल्लोपल्लो कोठा चहारेर समय बिताउने चलन सचिनु जरूरी छ । त्यसबाट प्राप्त परिणामका प्रथम भागेदार कर्मचारी हुन् भने जोगाउने प्रथम दायित्वले पनि उनीहरूकै खोजी गर्छ ।

*सरकार र साहित्यको विषयमा के भन्नुहुन्छ ?*

– साहित्य राष्ट्रिय अस्तित्व उचालेर समाजलाई सक्रिय बन्न प्रेरित गर्ने विषय हो । भाषा साहित्यको समग्र उत्थानविना समग्र राष्ट्रोन्नति सम्भव छैन । यस मर्मलाई बुझेर स्रष्टा संरक्षणमा सरकारले चासो दिनु जरूरी हुन्छ । स्रष्टाले आग्रह–पूर्वाग्रहमा नफोहोरिई विशुद्ध साहित्यिक व्यक्तित्व बन्न सक्नुपर्छ । धेरैतिर देखिएको वर्तमान बेथिति हटाउन इमानदार स्रष्टा र सरकारी प्रयास दुवैको खाँचो छ ।

*प्रज्ञा–प्रतिष्ठानको काम कारबाही कस्तो देख्नुहुन्छ ?*

– खोइ ! कुराको थालनी त*जनताकै कामका लागि यहाँ आएको हुँ* भनेर हुन्छ, काम त्यस्तो देखिएको छैन । प्रजातन्त्रमा जनतानुकूल काम हुन्छ नभए जनता आफै सक्रिय भएर गराउँछन् भन्ने मान्यता परम्परावादी कुरा हो कि साँच्चै प्रजातान्त्रिक मूल्य ? सरकारी स्वामित्वमा रहेका संस्थाहरूमा त्यस्तो जनप्रिय काम भएको देखिँदैन जसबाट धेरै मानिसको कल्याण हुन सकोस् । प्राज्ञिक महिमा बोकेका विभिन्न संस्थामा अहिलेसम्मको उदाहरण हेर्दा पदमा कसैको मान्छे बस्छ उसैको निर्देशन हुन्छ । बस्नेले निर्देशन अनुसार काम गर्छ, अनि ऊसँग जस्तो प्रवृत्ति छ त्यस्तै गर्छ, देश र जनता त तेस्रो नम्बरमा पर्छन् । त्यसो हुँदा भट्टराईजी यस्तो चरित्रबाट निश्चित योजनासहित धेरै स्रष्टा समेटिने गरी बहुभाषिक जनताका पक्षमा काम होला र ? निष्कलङ्क छविको रचनात्मक काम गरेर पूर्वाग्रहमुक्त छौं भन्ने प्रमाण दिन सक्लान् प्राज्ञहरूले ? खोइ ! म त सम्भावना निकै कम देख्छु । फेरि मनोविज्ञान पनि प्रवेशका बेला जे वचन दिइएको हुन्छ त्यसैमा सीमित रहन्छ नि त ।

***तपाईं अन्य स्रष्टाहरूझैं प्रौढ साहित्यबाटै अघि बढेको स्रष्टा, दोस्रो चरणमा पो बाल साहित्यमा डुब्नुभो त ?***

– त्यसो त मेरो पहिलो रचना पनि प्रौढ थिएन जस्तो लाग्छ । सत्य के हो भने त्यो बालकहरूलाई सम्झेर उनीहरूका लागि भनेर लेखिएको थिएन । यसर्थ तपाईंको ठम्याइ ठिकै हो, अहिले आएर मलाई के थाहा लाग्यो भन्नुहुन्छ भने पाका भनिनेहरू आफैलाई जान्ने/सुन्ने भन्ठान्छन् हत्पति हामीले लेखेका कुरा पत्याउँदैनन् । यति मात्र होइन पत्याइहाले पनि व्यवहारमा ल्याउन उनीहरूले पहिला सिकिसकेको गलत चलन बिर्सनुपर्छ, बिर्सिन गारो हुन्छ । मानिलिऊँ व्यवहारमा ल्याए भने पनि त्यो थोरै समयका लागि हुन्छ । बालकहरूमा देश र जनताप्रति सकारात्मक आनीबानी र व्यवहार बसाइदिन सकियो भने त्यो सजिलै जीवनमा देखिने गरी लागु हुन्छ र समाजले दीर्घकालसम्म नैतिक चरित्रले दिने सेवा पाउँछ । यसैले जिम्मेवार भएर बालकहरूमा नैतिक संस्कार दिन सकियो भने त्यो कालजयी हुन्छ भन्ने मेरो विश्वास हो । यसैले मलाई यतातिर सोझ्यायो पनि । बालवाङ्मय सेवा बढी आवश्यक देखियो ।

***अन्त्यमा मैले सोध्न छुटाएको र यहाँले भन्न चाहेको भनाइ केही छ कि ?***

– म सिर्जनकर्म आफैमा चुनौतीपूर्ण छ भन्ने देख्छु । सिर्जनाप्रेमी हामी स्रष्टाहरू मानवीय संवेदना, सामाजिक चेतना र राष्ट्रिय भावनाप्रति अझ बढी सशक्त, अझ बढी इमानदार, अझ बढी खोजकर्ता बनेर प्रस्तुत हुन सके जाती हुन्थ्यो । बाल–मन–मस्तिष्कलाई अहिलेको अस्वस्थ प्रतिस्पर्धी राजनीतिक उर्जामा मौलाएको बेथिति र राष्ट्रसेवकमा देखिएको नियम विपरीत अतिरिक्त आय पछ्याउने प्रवृत्तिबाट जोगाएर सचिएको नैतिक मूल्यसँग परिचित गराउँदै अनुशासित समाज निर्माणमा योगदान गर्न सकिन्छ कि आशावादी छु । मलाई लाग्छ गतिशील समाज र विकसित देशमा बालकहरूप्रति बढी चासो राखिन्छ । प्रौढ भन्दा बालकहरू नैतिक हुन्छन् र उनीहरूको नैतिकताले समाजलाई दीर्घकालीन सेवा दिन्छ । समस्त सर्जक अनि अभिभावक यसतर्फ अझ बढी जिम्मेवार बन्दिए जाती हुन्छ । अलिकति गम्भीर हुनुहोस् त प्रौढ साहित्यले समाजलाई कति समय सेवा दिन्छ र बाल मनमस्तिष्कले असल संस्कार पाउँदा समाज कति समय लाभान्वित हुन्छ ? हो, यसर्थ बालकलाई पुस्तकप्रेमी आनीबानी अनि सकारात्मक सोच राख्ने संस्कार दिने प्रयास गरौं भन्ने मेरो आग्रह रहन्छ । मैले यसमा पुनरावृत्ति गर्न चाहेँ । हामीले पुस्तान्तरण गर्ने संस्कार हो, सम्पत्ति होइन, शिक्षा हो, आग्रह होइन । *बा भकारीमा लुक्नुभा छैन* भन्ने सन्ततिको कलिलो मनमस्तिष्कमा बेथिति होइन, असल संस्कार दिन सकौं । 'अस्तु' । ००

कथा — भवानी न्यौपाने 'भावना'



# जय मित्रता

सानीको सम्मानको दिन समाचार पढेपछि नारायण टेलिभिजनमा सानीले सम्मान पाएको दृश्य देखेर नारायण हर्ष विभोर हुँदै मोवाइल खोल्छ र सानीलाई बधाई दिन्छ । सानी आज तिमी सम्मानित भएको देखेँ, धेरै खुसी छु । म तिम्रो काव्य रचना पढ्न र तिमीलाई प्रत्यक्ष भेट्न आतुर छु । अहिले कहाँ छौ ? दिनभरको कार्यक्रमको थकान होला तिमीलाई, तर म पाँच मिनेटको समय मागेर बधाई दिएर फर्कन्छु । कृपया सानी म कहाँ आऊँ भन त ? दिन ढल्दै थियो । सन्ध्याले डेरा जमाउन खोज्दै थियो । बादल थिए । ठूलो सहरको मध्यभाग अत्यन्त कोलाहल ।

दिनभर जागिर र अन्य पेशामा व्यस्त मान्छेहरू साँझको प्रहरलाई सदुपयोग गर्दै सडकको दुई किनारमा कमिलाका ताँती जस्तै देखिन्थे । व्यस्त सडकमा गाडीहरूको दौडन आफ्नै गतिमा चलिरहेको देखिन्थ्यो । अत्यन्त भिडमा सानी गेट बाहिर निक्लेर नारायण म कात्यायिनी मन्दिरको मूल ढोकामा छु आऊ भन्छे । हातमा आफ्ना कृति र अन्य पत्रपत्रिका बोकेकी हुन्छे । केहीबेरमै नारायण आउपुग्छ । टक्क अडिन्छ र नमस्कार सानी भन्दै आफ्नो दिव्य अनुहारबाट पवित्र नयन तेर्स्याउँछ सानी तिर । सानीले पूजाको थाली उठाएर टीका लगाईदिन्छे नारायणको दिव्य ललाटमा, अनि बोल्दै जान्छे । "नारायण हाम्रो आध्यात्मिक मन समान विचार र सामाजिक कर्तव्य एकै भएर नै आज यसरी असलमित्र बन्न सफल भएका छौं ।

हाम्रो पवित्र मित्रताले यो समाजलाई केहि दिनुपर्छ । समाजको उदाहरणीय दुई पात्र बनेर बिताउनु पर्छ हामीले यो सुन्दर जीवन ।" अवश्य सानी अवस्य, म पूर्ण सहमत छु । मैले चाहेको र भन्न खोजेको कुरा बोल्यौ, साह्रै खुसी लाग्यो । एक महिना पहिले सानीको टेलिफोनबाटै अन्तरवार्ता लिएको थियो नारायणले । प्रकाशित भएको उक्त अन्तरवार्ता समावेश भएको पत्रिका सानीलाई दिन्छ, सानी पनि आफ्ना सबै बोकेर ल्याएका सामग्रीहरू नारायणलाई दिन्छे । सानु सिघा हेर त म तिम्रो तस्बिर कैद गर्छु । केही तस्बिर कैद गरिसकेपछि चिया



पिऊँ भन्छ । अब सन्ध्या हुन थाल्यो, अर्को पटक पिउँला, अहिले छुट्टिऊँ बरू, भन्छे सानी । फेरि भेट्ने वाचा गर्दै छुट्टिन्छन् । सानी घर भित्र पस्छे । सन्ध्यासँग आफ्नो नित्य कर्म गर्छे । खाना खान्छे । घन्टी बज्छ, मोवाइलमा नारायण बोल्छ सानी छोटो समयमा मात्र दश मिनेट कति कुरा बोल्नु थियो तर सकिन । तिमी भोलि कार्यक्रमको लागि लामो यात्रा गर्दैछौ, राम्रोसँग जानु । बाटोभर कल गर्नु । कहिले फर्किन्छौ ? म पर्खिरहनेछु यहाँ भन्छ, सानीले हवस् म सबै खबर सुनाउनेछु, फर्केपछि फोन गर्छु भन्दै फोनको कुरा समाप्त गर्छे ।

झिसमिसे प्रभातमा उठेर फ्रेस हुन्छे र कपडा फेर्छे, ब्याग हातमा लिएर घरबाट फटाफट निस्कन्छे । परबाट आइरहेको ट्याक्सी रोक्छे र बसपार्क पुग्छे, सुन्दर दृश्यले मन लुट्छ । सानीको वरिपरि अग्ला पहाड, सुनौलो प्रभात, सूर्यको रक्तिम किरण, पहाडका टुप्पामा स्पर्श गर्दै थियो । ठूलो उपत्यकालाई घेरेका पहाडहरू सानीलाई स्वागत गरेर बसेकै अनुभूति भैरहेको थियो । विस्तारै ओर्लेर टिकट काउन्टरमा पस्छे र टिकट लिन्छे । बस चढ्छे । पन्ध्र मिनेटमा बस आफ्नै गतिमा कुदिरहन्छ ।

मोबाइल व्यागबाट निकालेर फोन गर्छे नारायणलाई गाडी हिड्यो, ल बाटोभरी खबर गर्दै जानेछु, यति भन्दै फोन राख्छे । अत्यन्त मधुर पुराना पुराना हिन्दी गीत सुन्दै ऊ यात्रामा हराइरहन्छे, सम्झनाका नुनिला कुलेसा गहभरि बगाउँदै । लगातार कुदिरह्यो गाडी, दिउँसोको बाह्र बजे खाना खान गाडी रोक्यो एउटा बजारमा । खाना खाई सानीले र फोन गरी नारायण मैले खाना खाएँ, अब केही बेरमै गाडी चल्छ गाडीको यात्रा पुनः चलिरह्यो । रातको एघार बजे टुङ्गीयो यात्रा । गाडीबाट झर्दाझर्दै नारायण म आइपुगे भनेर खवर गरी । सारा दिन कसरी बित्यो थाहै भएन सानीलाई । त्यसपछि सुती एकैकोल्टेमा, बिहानको चार बज्यो । उठेर हातमुख घोएपछि आफ्ना कर्मक्षेत्र जानको लागि गाडी समाती । करिव एक महिना पछि फर्की घर । भोलिपल्ट बिहानै आइपुगेको खबर गरी । दिउँसो बाटोमै भेटे र छुट्टिए किनकि सानीलाई लामो समय थिएन । उसका थुप्रै काम थिए । छुट्टिए दुवै र सानी काममा व्यस्त भइरही ।

सानी र नारायणको आत्मियताले अनि सच्चा मित्रताले निक्कै जरा हालिरहेको छ । जुन काम गर्दा पनि यी दुवैले एक अर्कालाई जानकारी गराएर मात्र गर्छन् । हरेक दिन सम्पर्कमा भैरहन्छन् । एक दिन सम्पर्क हुन सकेन भने दुबै निसासिन्छन्

नारायण र सानीको यो मित्रता अत्यन्त उदाहरणीय बन्दै गएको छ । उनीहरू दुबैले सामाजिक काम गर्दै आएका छन् । सानीको बहु आयामिक प्रातिभाले नारायण खुसी छ र आफूलाई भाग्यमानी ठानेको छ, उता नारायण जस्तो असल मानिस आफ्नो मित्र बनेर जीवनमा आईदिदा सानी पनि गद्‌गद् छे खुसीले ।

जति जति दिनहरू वित्दै छन् उति उति उनीहरू मित्रताको निकट दुरीभित्र रहेर खुसीका प्याला बोकी जीवनको चौतारीमा रमाउँदै नाचिरहेछन् । जय मित्रता !

*'ग' लाइन, तुलसीपुर, दाङ । ००*



## निर्मम सत्य

— विनयकुमार शर्मा नेपाल

पानी जतिसुकै निर्मल होस्
पानी जतिसुकै आवश्यक होस्
धाउँदैन सागर खोलाको लागि
मार्ग बनाउनुपर्छ उसले
र मार्ग बनाउँछ आफैँ
खोला र नदी ।

पानी जतिसुकै महत्त्वको होस्
पानी जतिसुकै स्वच्छ र पवित्र होस्
धाउँदैन खोला र नदी
मान्छेका लागि/प्यासीका लागि
प्यास मेट्न धाउनैपर्छ
मान्छे आफैँले आफ्नो सन्तुष्टि लागि ।

पात्र जतिसुकै सुयोग्य होस्
पात्र जतिसुकै सुन्दर होस्
पात्र जतिसुकै लगनशील होस्
धाउँदैन अवसर मान्छेका लागि
आफ्नो अवस्था हेरी मौका समात्न सक्नुपर्छ
मान्छे आफैँले आफ्नो उन्नतिको लागि ।

शिष्य जतिसुकै लायक होस्
शिष्य जतिसुकै मायालु होस्
धाउँदैन गुरु शिष्यका लागि
धाउनै पर्छ शिष्यले
अवसरका लागि/शिक्षाका लागि
शिष्य आफैँले आफ्नो बोधको
लागि/ज्ञानको लागि ।

कार्य जतिसुकै जरूरी होस्
नहुँदा संसारै किन न रित्तियोस्
धाउँदैन कार्य-दाता कार्यको लागि
धाउनै पर्छ कर्ता आफैँले
कामका लागि/मामको लागि
आफ्नो आवश्यकता पूर्तिको लागि ।

प्रिय जतिसुकै प्रिय होस्
मनमा जतिसुकै हुण्डरी चलोस्
धाउँदैन प्रेम प्रेमीको लागि
गर्न सक्नुपर्छ आँखा चिम्लेर प्रेम
विश्वासको लागि/समर्पणको लागि
प्रेमी आफैँले आफ्नो जीवनको लागि ।

## पाँच मुक्तक



— तिलस्मी प्रभास

कति चढियो होला तर बिर्सिन्न बामे सर्दै चढेको त्यो सिँढी
कति बसियो होला तर बिर्सिन्न बाह्रखरी पढेको त्यो पिँढी
यादहरूका गोदामबाट विद्रोह गर्दै निस्कन्छन् केही यादहरू
कति खाइयो होला तर बिर्सिन्न जिभ्रोमा गडेको त्यो ढिँडी ।

कतिलाई याद होला काष्ठकलाको हतियार ती बसिला र राँबो
कतिले देखे होलान् र याद होला घर अड्याउने ती धुरी खाँबो
मन ती युग सम्झन्छ म मेरा मुक्तकमा थाम्न खोज्छु तिनलाई
कतिको जिभ्रोमा अझै स्वाद होला त्यो अचार खाएको भाँगो ।

छिमेकीकै उत्पादन मन पर्यो किन पो चाहियो र राडी र काम्लो ?
चौपायाहरू नै पाल्न छाडियो अब ता किन पो चाहियो र दाम्लो ?
कागज र पोलिथिनकै झोलामा संसार अटाउँछ साट्दा पैसामा
भारीहरू र डोको खासै बोक्नै पर्दैन किन पो चाहियो र नाम्लो ?

चढ्न नसके भीर हो सके सगरमाथाको शिर हो जिन्दगी
पढ्न नसके झीर हो सके मीठो प्रसादी खीर हो जिन्दगी
जिन्दगीको महत्त्व र परिभाषा बुझी आफैले हाँक्नुपर्छ
तर्न नसके वारिकै तीर हो सके पारिको तीर हो जिन्दगी ।

जीवन सफल हुन धर्म, अर्थ, काम र मोक्ष सबै पूरा हुनुपर्छ
यसका बारेमा अध्ययन अनुसन्धान हुनुपर्छ कुरा हुनुपर्छ
दर्शन र मनोविज्ञान विनाको साहित्य अपाङ्ग जस्तै हुन्छ
त्यसैले जति सक्दो दर्शन र साहित्य दुवैमा छुरा हुनुपर्छ । ००



*यो संसारमा आमाले आफ्ना सन्ततिलाई गर्ने माया साँच्चै नै निःस्वार्थ र निष्कपट हुन्छ ।*

*बाँकी अरूको मायामा त कतै न कतै स्वार्थ र खोट जोडिएकै हुन्छ ।*

*Mother's love is the only kind of love that is unselfish and incorrupt.*

*Every other kind of love in this world is in some ways selfish.*

# कोलेस्ट्रोल, ट्राइग्लिसेराइड र उच्च रक्तचाप

डा. कमल शर्मा लम्साल, सिभिल हस्पिटल



कोलेस्ट्रोल रगतमा पाइने विशेष प्रकारको बोसोजन्य पदार्थ हो । खानाबाट पाइने चिल्लो पदार्थको शोषण आन्द्रा हुँदै रगतमा पुग्छ । रगतमा चिल्लो पदार्थको मात्रा ट्राइग्लिसेराइड वा कोलेस्टरोलको रूपमा रहन्छ । जहाँ ट्राइग्लिसेराइड चिल्लो पदार्थको प्रारम्भिक अवस्था हो । त्यस्तै राम्रो खालको कोलेस्ट्रोल जसले मुटुमा ब्लक हुनबाट बचाउँछ । त्यसलाई एचडीएल तथा खराब खालको कोलेस्ट्रोल जसले मुटुको धमनीमा ब्लक गराउँछ । त्यसलाई एलडीएल भनिन्छ । रगतमा नराम्रो कोलेस्ट्रोलको स्तर बढी भएमा रक्तनलीहरूको भित्तामा टासिने सम्भावना अत्याधिक हुन्छ । यस्तो प्रक्रिया प्रत्येक स्वस्थ मानिसमा निरन्तर भैरहेको हुन्छ । जसमा कोलेस्ट्रोल जती बढी हुन्छ र जति समयको लागि बढी हुन्छ, रक्तनली साघुँरो हुने (ब्लकेज) सम्भावना त्यति नै बढी हुन्छ ।

थाहै नपाइकन बाहिरबाट स्वस्थ देखिने मानिसहरूमा उच्च कोलेस्ट्रोलले रक्तनलीलाई साघुँरो गरेको अवस्था हुन सक्छ । मुटु र मस्तिष्कलाई रक्तप्रभाव गर्ने र रक्तचाप उच्च बनाउन सक्दछ । जसबाट हृदयाघात र मस्तिष्काघात जस्ता प्राणघातक रोगहरू हुन सक्छन् ।

युवाहरूमा देखिने उच्च रक्तचाप र हृदयाघातको प्रमुख कारण नै उच्च कोलेस्ट्रोल हो । जसका कुनै पनि लक्षण नहुन पनि सक्छ । जुनसुकै बेला स्वस्थ व्यक्तिमा पनि अचानक यस्तो समस्या उत्पन्न हुन सक्छ । त्यसैले ३० वर्षभन्दा बढी उमेर समुहका मानिसहरूले समयमै आफ्नो रगत परीक्षण गरी कोलेस्ट्रोलको मात्रा थाहा पाउनु राम्रो हुन्छ ।

रगतमा कोलेस्ट्रोलको मात्रा थाहा पाउन गरिने रगतको परीक्षणलाई मेडिकल भाषामा लिपिड प्रोफाइल भनिन्छ । ८ देखि १२ घण्टाको खाली पेट बसेर यसको परीक्षण गर्न सकिन्छ । रगतमा एल.डी.एल.को मात्रा १ सय मिलिग्राम प्रतिशतभन्दा कम हुनुपर्छ । १ सयदेखि १ सय ३० मध्यम र १ सय ३० भन्दा माथि भएमा उच्च कोलेस्ट्रोल मानिन्छ ।

त्यसैगरी ट्राइग्लिसेराइड १ सय ५० मिलिभन्दा कम हुनुपर्छ । १ सय ५० देखि २ सय मध्यम र २ सयभन्दा माथि भएमा उच्च मानिन्छ ।

**कोलेस्ट्रोलको औषधि कहिले खाने ?**

औषधि खाने कि नखाने भन्ने निर्णय धेरै कुरामा निर्भर हुन्छ । कोलेस्ट्रोलको स्तर मात्रले सधैं औषधि लिने निर्णय गर्न मिल्दैन । कोलेस्ट्रोलको स्तर सँगसँगै मुटुरोगको सम्भावना हेरेर एटोरभास्टारिन, रोजुभास्टारिन लगायतका औषधिहरू दिइन्छ । मुटुजन्य रोगको जोखिमको आकलन गर्न मिल्ने विभिन्न फर्मुला तथा एप्लिकेसनहरू विकसित भइसकेका छन् । मधुमेह, उच्च रक्तचाप, मोटोपना, धूम्रपान तथा वंशाणुगत, मुटुरोग आदि छ भने त्यस्ता बिरामीमा कोलेस्ट्रोलको मात्रा हेरेर प्रायः औषधि दिने निर्णय गर्नुपर्ने हुन्छ ।

सुरुमा औषधि सेवन गरी नियन्त्रणमा राख्ने र जीवनशैली आहार बिहारमा परिवर्तन गरेर कोलेस्ट्रोलबाट हुने जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

औषधिले कोलेस्ट्रोलेको मात्रा घटाउने मात्र नभई हृदयाघातको सम्भावना पनि घटाउँछ । तर, कोलेस्ट्रोलमा प्रयोग गरिने औषधिको नकारात्मक असर हुने भएकोले फाइदा र बेफाइदालाई दाँजेर निर्णय लिने गरिन्छ । मांशपेशी दुख्ने तथा कलेजोको समस्या हुने मुख्य नकारात्मक असर हुन् । २ किसिमको कोलेस्ट्रोलको औषधि एउटै बिरामीले सेवन गरेमा वा उच्च मात्रामा सेवन गरेमा यस्तो समस्या हुने सम्भावना बढी रहन्छ ।

कोलेस्ट्रोलको औषधि चिकित्सकको सल्लाहमा नियमित रूपमा लामो समय सम्म सेवन गर्नुपर्ने हुन्छ । आफ्नो इच्छा अनुसार खाने र छोड्ने गर्नु हुँदैन । पछि गएर आफ्नो जीवनशैलीमा परिवर्तन गरेर खानपीनमा सुधार ल्याएर औषधिको मात्रा घटाउने र बन्द गर्न पनि मिल्छ । तर मधुमेह, हृदयाघातका बिरामीले औषधि नियमित रूपमा सेवन गर्नुपर्छ । यस्ता बिरामीले सामान्य स्तरको कोलेस्ट्रोलमा पनि औषधि खानुपर्ने हुन्छ । ००





बालसाहित्य

# बुनू र जुनू



**– सीता सुवेदी पन्थी**

विमलाका दुई छोरी थिए । उनीहरू निकै मिलनसार थिए । जेठीको नाम जुनू थियो । कान्छीको नाम बुनू थियो । जुनू कक्षा तीनमा पढ्थिन् । बुनू कक्षा एकमा पढ्थिन् । जुनूले बुनूलाई सँगै स्कुल लैजाने ल्याउने गर्थिन् । बिदाको दिन उनीहरू मिलेर खेल्थे । खानेकुरा बाँडीचुँडी खान्थे । छिमेकका केटाकेटीहरू पनि उनीहरूलाई निकै माया गर्थे ।

उनीहरूको घरसँगै करेसाबारी थियो । त्यहाँ एउटा अग्लो अम्बाको बोट थियो । अम्बा लटरम्म फलेको थियो । अम्बाको हाँगामा कागको गुँड पनि थियो । एक जोडी काग त्यहीँ बस्दथे । जुनू र बुनूले ती कागलाई असाध्यै माया गर्थे । घरको कौसीबाट कागको गुँड छर्लङ्ग देखिन्थ्यो । उनीहरू कौसीमा गई कागका क्रियाकलापहरू हेर्दथे र दङ्ग पर्दथे ।

शनिबारको दिन थियो । आमाले सेलरोटी पकाउनु भयो । आलुको अचार पनि बनाउनु भयो । उनीहरूलाई सेलरोटी र आलुको अचार असाध्यै मन पर्थ्यो ।  सेलरोटी र अचार लिएर उनीहरू कौसीमा गए । रोटी र अचार खाँदाखाँदै उनीहरूले कागको गुँडतिर हेरे । कागका भालेपोथी गुँडमा थिएनन् । त्यहाँ त तीनओटा सेतासेता अन्डा थिए ।

उनीहरूलाई अचम्म लाग्यो । उनीहरूले आमालाई बोलाए र गुँडतिर देखाउँदै सोधे– "आमा ! आमा ! त्यस गुँडमा हेर्नोस् त, ती सेतासेता अन्डा कसरी आए ? फेरि कागका भालेपोथी पनि छैनन् ।" आमाले सम्फाउँदै भन्नुभयो, "नानीहरू हो ! ती सेता कागका अन्डा हुन् । कागले पहिले फुल पार्छ अनि केही दिनपछि फुलबाट बच्चा निकाल्छ । अहिले कागका भालेपोथी खानेकुरा खोज्न गएका होलान् । राम्रोसँग मिलेर बस है, म गएँ ।" आमा आफ्नो काममा जानुभयो ।

केही बेरपछि कागका भालेपोथी पनि फर्केर आए । पोथी आफ्ना पखेटाले फुललाई छपक्क छोपेर बस्यो । भालेचाहिँ हाँगामा बस्यो । कागका भालेपोथीलाई देखेर बुनूलाई असाध्यै माया लाग्यो । उनले जुनूसँग भनिन् – "दिदी कागलाई पनि त हामीलाई जस्तै सेलरोटी र अचार मन पर्छ होला नि ! अलिकति दिऊँ न !" बहिनीको कुरा दिदीलाई पनि मन पर्‍यो । सेलरोटी एउटा मात्र बाँकी थियो । जुनूले त्यो रोटी आधा बनाइन् । अनि कौसीको छेउमा राखिदिइन् । दुई टुक्रा अचार पनि नजिकै राखिदिइन् । उनीहरू कागलाई पर्खेर बसिरहे । केही बेरसम्म काग आएन । जुनूले भनिन्–"बुनू ! हामी यहाँ बसेकाले काग नआएको होला । हिँड भित्र गई लुकेर हेरौँ ।" नभन्दै दुवैजना कोठाभित्र पसे । उनीहरू चुपचाप भित्रबाट चियो गर्न थाले । एकैछिनमा भाले काग उडेर आयो । त्यो कौसीमा बस्यो । त्यसले चनाखो हुँदै यताउता हेर्‍यो । सेलरोटी चुच्चाले टप्प टिपेर लग्यो । जुनू र बुनूलाई अत्यन्त रमाइलो लाग्यो ।

काग फेरि आयो अनि कौसीमा बस्यो । त्यसैगरी यताउता हेर्‍यो । टाप्पटुप्प अचारका टुक्रा टिप्यो अनि उड्यो । दिदी बहिनी खुसी हुँदै कोठाबाट बाहिर निस्किए । कागका भालेपोथी सेलरोटी र अचार बाँडीचुँडी खाँदै थिए । त्यो देखेर उनीहरू निकै रमाए ।

उनीहरूलाई आमाले बोलाउनुभयो । उनीहरू कोठाभित्र गए । आमाले उनीहरूलाई एउटा किताब दिनुभयो । त्यसमा रङ्गीचङ्गी चित्र थिए । रङ्गीचङ्गी र चित्रैचित्र भएको किताब हेर्न पाएर दुवैजना मख्ख परे । उनीहरूले किताबका पाना ओल्टाइ पल्टाइ गर्दै थिए । त्यसैबेला काँ..काँ..काँ.... गर्दै कागका भालेपोथी जोडजोडले कराए । त्यो सुनेर उनीहरूको मन आत्तियो । उनीहरू हस्याङफस्याङ् गर्दै कौसीमा पुगे ।

अम्बाको बोटमा एउटा ढाडे बिरालो चढ्दै थियो । कागका भालेपोथी वल्लो हाँगा र पल्लो हाँगा गर्दै थिए । तिनीहरू आत्तिएर गुँडतिर हेर्दै थिए । त्यो देखेर बुनू चिच्याइन् – "आमा ! आमा ! माथि आउनुहोस् न !" आमा पनि दौडेर कौसीमा आउनुभयो । ढाडे बिरालो गुँड नजिकै पुगिसकेको थियो । आमाले हत्तपत्त त्यसलाई धपाउनु भयो । ढाडे पर्खालमा गएर बस्यो । आमाले त्यसलाई त्यहाँबाट पनि लखेट्नु भयो । त्यसपछि कागका भालेपोथी कराउन छोडे । तिनीहरू गुँडमा गई बसे । त्यस दिनदेखि ढाडे बिरालो कहिल्यै त्यहाँ आएन ।

एक दिनको कुरा हो । जुनू र बुनू नुहाएर कौसीमा बसिरहेका थिए । कागका भालेपोथी गुँडमा थिएनन् । गुँडमा तीनओटा सानासाना बचेरा थिए । बचेरा च्याँच्याँ गर्दै थिए । केही बेरपछि कागका भालेपोथी आए । तिनीहरूले चारो ल्याएका थिए । बचेराहरूले आफ्ना बाबुआमा आएको चाल पाए । बचेराहरू च्याँ च्याँ गर्न थाले । मुख पनि आँ..आँ गराउन थाले । कागका भालेपोथीले पालैपालो चारो खुवाए । यस्तो देखेर जुनू र बुनूलाई झन् रमाइलो लाग्यो ।

घाम लागिरहेको थियो । दिन उज्यालो थियो । एकैछिनमा आकाशमा कालो बादल देखियो । सूर्यको प्रकाश मधुरो हुन थाल्यो । केही बेरमै गड्याङगुडुङ गर्दै आकाश गर्जियो । जुनू र बुनूलाई डर लाग्यो । उनीहरू घरभित्र पसे । कागका भालेपोथी चारो खोज्न निस्किसकेका थिए । एक्कासि ठूलो पानी पर्‍यो । हावाहुरी पनि चल्यो ।  तिनीहरू गुँडमा फर्कन सकेनन् ।  बचेराहरू एक्लै भए । हावा र

पानीका कारण अम्बाको बोटै हल्लिन थाल्यो । पानीले बचेरालाई चुट्न सम्म चुट्यो । हावाले गर्दा उनीहरूको गुँड पनि हल्लियो । एउटा बचेरो गुँडबाट तल खस्यो । त्यो पानी जम्मा भएको खाल्डोमा पर्‍यो । अर्कोचाहिँ अम्बाको हाँगामा अड्कियो । बाँकी एउटा गुँडमा नै रह्यो । पानीको चुटाइले तिनीहरू कराउन पनि सकेनन् ।

पानी अलि मत्थर भयो । जुनू र बुनू कौसीमा गए । कौसीमा पनि पानी भरिभराउ थियो । आमा कौसीको पानी सोहोर्दै हुनुहुन्थ्यो । उनीहरूले कागको गुँडतिर हेरे । त्यहाँ कागका भालेपोथी थिएनन् । गुँडमा एउटा मात्र बचेरो चलमलाइरहेको थियो । पानीले गुँड पनि भिजिसकेको थियो । उनीहरूले अरू बचेरालाई देखेनन् । उनीहरूले ध्यान दिएर बचेराको खोजी गर्न थाले ।

बुनूले अम्बाको हाँगामा अड्किरहेको बचेरोलाई देखिन् । उनले आत्तिँदै भनिन् – "दिदी_ बिचरा ! त्यो बचेरो त हाँगामा अड्किरहेको छ, कसरी बचाउने ?" उनीहरूले आमालाई बोलाए । बचेरालाई बचाउन अनुरोध पनि गरे ।

आमाले बचेरालाई विस्तारै हातमा लिनुभयो । त्यसलाई गुँडमा लगी राखिदिनुभयो । त्यति नै बेला कागका भालेपोथी पनि आइपुगे । जुनू र बुनू आमासँगै कौसीमा थिए । कागका भालेपोथी काँ_ काँ_ गर्दै गुँडमा बस्न खोजे । तिनीहरूले आफ्नो एउटा बचेरो देखेनन् । उनीहरू जोडजोडले कराउन थाले । तिनीहरूलाई लाग्यो, जुनूकी आमाले नै आफ्नो बचेरोलाई कतै लगिदिएकी हुन् । दुवै भालेपोथी रिसले मुर्मुरिए । तिनीहरू जुनूकी आमालाई ठुङ्न आइपुगे । जुनू र बुनूको सातो गयो । हतारहतार सबैजना भित्र पसे ।

पोथी गुँडमा फर्क्यो । भाले भने पर्खालको छेउमा बसिरह्यो । जेठो बचेराले पोथीसँग भन्यो- "आमा ! जुनूहरूलाई केही नगर्नुस् है । आँधीहुरीले सानो भाइ तल खाल्डोमा खस्यो । बहिनी पनि त्यो हाँगामा अड्केकी थिई । धन्न जूनूकी आमाले बचाइदिनु भो ।" बचेराको कुराले उसका आँखा खुले ।

पोथी भुर्र उडेर भालेनिर पुग्यो र बचेराले भनेका सबै कुरा बतायो । तिनीहरूले खाल्डोतिर नियालेर हेरे । बचेरो मरिसकेको थियो । तिनीहरूलाई ठूलो पिर पर्‍यो । बचेराको अपार मायाले तिनीहरू छटपटाए । कुरै नबुझी आमालाई दुख दिएकोमा तिनीहरूलाई पछुतो लाग्यो ।

घाम अस्ताउने बेला भयो । आमा तरकारी टिप्न बारीतिर लाग्नुभयो । कागका भालेपोथी गुँडमै थिए । तिनीहरू आमाको नजिकै पुगेर मधुर स्वरले कराए । आमाले पनि तिनीहरूको कुरा बुझिहाल्नुभयो । उहाँ अत्यन्तै खुसी हुनुभयो । ००


सिनर्जी फाइनान्स लिमिटेड
Synergy Finance Ltd.

19th

केन्द्रीय कार्यालय
तिलकचोक, बुटवल १०, रुपन्देही
पो.ब.नं. २५, फोन: ०७१-५५१५२०/२१
फ्याक्स: ५५१५२२

कर्पोरेट अफिस
कमलादी, काठमाण्डौ
पो. ब. नं. २१५०७, फोन: ४४४२०६१/६२/६३
फ्याक्स: ४४४२०६०

यही मिति २०७३ माघ २३ गते (5th February, 2017) देखि लागु हुने गरी यस संस्थाले निम्न बमोजिमको ब्याजदरहरू कायम गरिएको व्यहोरा सूचित गरिन्छ ।

**मुद्दती खातामा**

| अवधि | त्रैमासिक | अवधिको समाप्त पछि |
|---|---|---|
| ३ महिना | - | ११.०० प्रतिशत |
| ६ महिना | ११.२५ प्रतिशत | ११.५० प्रतिशत |
| १ वर्ष | १२.०० प्रतिशत | १२.५० प्रतिशत |

**बचत खातामा**


| सि.नं | खाताको नाम | न्यूनतम मौज्दात रु. | ब्याज दर (%) |
|---|---|---|---|
| १ | संस्थागत बचत | १,०००/- | ७ देखि ९ प्रतिशत सम्म |
| २ | कर्पोरेट सेभिङ्ग (साविक सम्पूर्ण बचत खाताहरूमा) | १,०००/- | ७ प्रतिशत सम्म |

**कर्जा खातामा**

| क्र.सं. | विवरण | वार्षिक ब्याजदर |
|---|---|---|
| १ | मुद्दती खाताको कर्जामा | घटीमा १२ प्रतिशत वा +२ प्रतिशत जुन बढी हुनेछ । |
| २ | सह-वित्तीयकरण कर्जामा | सम्झौता बमोजिम |
| ३ | युवा कृषि तथा उद्यम कर्जा | ने.रा.बैंकबाट समय समयमा तोके बमोजिम |
| ४ | विपन्न वर्ग कर्जा संस्थागत | सम्झौता बमोजिम |
| ५ | कृषि कर्जा | १४% - १६% |
| ६ | उद्योग कर्जा | १४% - १६% |
| ७ | व्यक्तिगत सेवा व्यवसाय कर्जा | १५% - १७% |
| ८ | हा.प. कर्जा | |
| | क) निजी | १५% - १७% |
| | ख) कमर्सियल | १५% - १७% |
| ९ | उपभोग्य कर्जा | १५% - १७% |
| १० | शेयर कर्जा | १६% - १७% |
| ११ | विशेष कर्जा | १५% - १७% |
| १२ | विपन्न वर्ग कर्जा | १३% - १४% |
| १३ | सरकारी ऋणपत्र | १२% |
| १४ | व्यापार कर्जा | १४% - १६% |
| १५ | हाउजिङ्ग कर्जा | |
| | क) व्यक्तिगत | १५% - १७% |
| | ख) रियल स्टेट | १५% - १७% |

* यस बाहेकका सम्पूर्ण बचत खाताहरु र मुद्दती खाताहरुमा पुरानै ब्याजदर कायम गरिएको छ ।

* यस अघि उल्लेख भएका सम्पूर्ण कर्जाको ब्याजमा साविकमा लागु भएका ब्याजदरमा थप १ प्रतिशत वृद्धि हुने व्यहोरा सूचित गरिन्छ ।



# सलाम छ, वीरयोद्धा गोविन्द गौतमलाई !

**– हस्तबहादुर केसी**

नेपाली आमाको एउटा आँटी छोरा
नेपाली धर्तीको एउटा वीरयोद्धा
आफ्नो मातृभूमिको रक्षा गर्दैगर्दा
साम्राज्यवादी-विस्तारवादी लुटेराहरूको
चुसाहा मिचाहा हडपकारी हत्याराहरूको
अर्काको मातृभूमिको अस्मिता लुट्ने
साम्राज्यवादी विस्तारवादी गोमन सर्पहरूको
डर, धाक-धम्की, गोली गट्ठाको
कुनै पर्वाह नगरी
आफ्नो ज्यानभन्दा मातृभूमिको
रक्षा गर्नु नै परमकर्तव्य ठानी
२०७३ साल फाल्गुन २६ गते
कञ्चनपुरको भारतको सिमानामा
भारतीय विस्तावादका जल्लादहरूले
छाती ताकेर बर्साइएका ताता गोलीहरूको
कुनै वास्ता नगरी
विदेशी आक्रमणका विरूद्ध
छाती खोलेर हजारौं देशभक्त
क्रान्तिकारीहरूको साहसी नेतृत्व गर्दै
वीरगति प्राप्त गर्ने महान् देशभक्त वीरयोद्धा
यस नेपाली धर्तीका असल सपुत
सिंगो नेपाल राष्ट्रका अमर
राष्ट्रिय देशभक्त सहिद
गोविन्द गौतमलाई
लाख-लाख सलाम
हार्दिक श्रद्धाञ्जलि
आज मात्र होइन
सयौं वर्ष पहिलेदेखि
भारतीय विस्तारवादी शासकहरूले
लुट्यारो र मिचाहाले
हाम्रो प्यारो मातृभूमिमाथि
पटक-पटक विषालु नङ्ग्राहरू
गाड्दै आएको छ
सयौं ठाउँमा सिमानाहरू
मिच्दै आएको छ
हजारौं हेक्टर हाम्रो जमीन
भारतीय लुटाहा शासकहरूले
लुट्दै आएको छ
वर्षौं पहिलेदेखि वीर नेपाली जनताले
विरोध र भण्डाफोर मात्र होइन
रगतको खोलो समेत
बगाउदै आएका छन्
वीरयोद्धा देशभक्त सपुत
तिमी गोविन्द गौतमले पनि
आफ्ना अग्रजहरूको पङ्क्तिमा
छाती खोलेर मुट्ठी उठाएर
आफ्नो मातृभूमिको रक्षा गर्दैगर्दा
तिमीले पनि आफ्नो अमूल्य
रगत नेपाली धर्तीमा बगाएका छौ
गोविन्द तिम्रो यो रातो रगत
नेपाली धर्ती रहेसम्म सुकेर जाने छैन
हाम्रो देशका शासकहरू
साम्राज्यवादी-विस्तारवादीहरूका
नोकरचाकर गुलाम लम्पसारवादी
निकम्बा राष्ट्रघाती-जनघाती
भएका कारण
वीर सहिद गोविन्द गौतम
तिमीजस्ता नेपाली आमाका सपुतहरूले
देशभक्त क्रान्तिकारीहरूले
तिमीजस्तै गरेर अझै पनि
यो धर्तीमा यो प्यारो मातृभूमिमा
रगत बगाउनु पर्ने बाध्यता बाँकी छ
हाम्रो मातृभूमिको रक्षाको निम्ति
अमर सहिद गोविन्द
हामीले स्वाधीन र नौलो संसार
निर्माण नगर्दासम्म
तिमीले बगाए झैं यो धर्तीमा
रगत बगाउने कार्य रोकिने छैन ।



**स्वस्थ जीवनका लागि दुग्ध विकास संस्थानका उत्पादनहरू सेवन गर्ने बानी बसालौं ।**





# शिक्षामा सिक्काको खेल

– **टीकाराम भट्टराई,** प्राचार्य, मध्यक्षेत्रीय प्रहरी विद्यालय, गरूडा, रौतहट



विषय एक सन्दर्भ अनेक, गन्तव्य एक बाटो अनेक, इच्छा एक उपाय अनेक, तत्व एक बिम्ब अनेक, पेशा एक श्रोत अनेक । मानिस अति विचित्रको प्राणी रहेछ , विश्वास गरौ जस्तो तथापी अनेकौ बुझ्नै नसकिने पत्याउनै नसकिने सञ्जाल हुदो रहेछ यसभित्र । मुखभित्र कुनै तितो पदार्थ चिराइतो इत्यादिको गोली च्यापिएको अवस्थामा जतिसुकै गुलियो चिज खान दिएपनि उसलाई मिठो नै हुदैन कारण उस भित्र रहेको तितो पदार्थले गुलियोलाई पनि जिति सकेको हुदो रहेछ । महान विचारकहरू भन्ने गर्छन् कि हामी मानवमा असल र खराब दुबै प्रकारका गुणहरू विद्यमान हुन्छन् । तपाई नै त्यो व्यक्ति हो, जसले कुन गुणको विकास होस् भन्ने ठान्नु हुन्छ र सोही अनुसारको कार्य गर्नुहुन्छ । यी दुबै गुण मध्ये जुन गुणलाई तपाई प्रश्रय दिनुहुन्छ तपाईको अर्को गुण गौण हुनजान्छ, विस्तार विस्तार त्यो निष्क्रिय अवस्थामा पुग्छ । तपाईले चाहेको गुण अब विकसित हुन थाल्छ र त्यसले अनुकूल परिस्थिति स्थापित गर्छ । यो प्रसंग वास्तवमा धेरै ढंगमा प्रमाणित भएको पाइयो । विद्युतीय तरंग पैदा भईरहेको एउटा ट्युबलाइटलाई त्यसको स्विच अन नगरेसम्म नबले झै हामीमा रहेको अन्तरनिहित गुण पनि उजागर नगरेसम्म तथस्ट अवस्थामा रहिरहन्छ ।

प्रखर व्यक्तिले जीवनमूल्यको सघर्षशील सिद्धान्तलाई अनुशरण गरेर आफै वातावरण सिर्जना गर्दछन् । आफैले जीपनोपयोगी गुणहरूको प्रस्फुरण गर्न गराउन मद्दत पुऱ्याउछन् तथापि "अल्प विद्या भयङ्करम" भनेझै सामान्य अवस्थामा नै आफुलाई सर्वज्ञ ठान्नेहरूको भने वातावरणले वा समय परिवेशले तरल जीवनस्तर कायम गर्दोरहेछ । सामान्य प्रसङ्ग हेरौं टुकीको लप्को पनि आगो हो र जङ्गलमा लागेको डढेलो पनि आगो नै हो । हुरी चल्यो भने टुकीको आगो निभ्छ तर जङ्गलको आगो अझै अरू दन्किन थाल्छ । एउटै कुरा हुरी जसले एउटा आगोलाई निभाउछ भने अर्कोलाई उक्साउछ । अन्ततः त्यसले ठुलो विपत्ति वा जघन्य संकटको संघारमा पुऱ्याई दिन्छ ।

यस प्रकारले हेर्दा हाम्रो देशको शैक्षिक परिपाटी, त्यसभित्रको संयन्त्र तथा अन्य विकास निर्माणका प्रसङ्गहरूको अवस्था हेर्दा हामी एउटै निष्कर्षमा पुग्न सक्छौ कि हामीले कहिल्यै जीवन मूल्य अनुकूलको वातावरण स्थापना गरेनौं, बरू स्थापित कुरालाई भड्किलो बनायौं । यो कुरा कुनै विदेशी मित्रले आएर सिकाएको र सोहीअनुसार भएको होइन बरू हद्दाम्रै अन्तरनिहित स्वविवेक भित्रका दुई गुण मध्ये हामीले प्रश्रय दिईरहेको गुणको विकासको परिणाम स्वरूप हामी यस स्थितिमा आयौं । हामीले सरकार निर्माण गरेका छौ तथापी तद्नुरूपको संस्कार निर्माण गर्न सकिरहेका छैनौं । हाम्रो सोंचले नकारात्मक चिन्तन भित्रको गुणलाई मात्र उत्प्रेरणा प्रदान गरिरहेको पाउन सकिन्छ । जुनसुकै हिसावले हेर्ने हो भने पनि सकारात्मक गुणको विकास नभए सम्म देशको अग्रगामी तथा वृहत्तर विकास हुन नसक्ने निश्चित छ ।

तपाई कुनै बालीनाली लगाउनु हुन्छ, तपाइँको उद्देश्य हो आफुले लगाएको बालीनाली राम्ररी सप्रिनु अर्थात् आफ्नो उद्देश्य अनुरूपको प्रतिफल प्राप्त गर्नु हो । तपाइँको बालीनालीमा थुप्रै अनेकन झारपात समेत पलाएको देख्न सक्नुहुन्छ, जुन तपाईले रोप्नु भएको थिएन र त्यो तपाईको इच्छा पनि होइन । यी हाम्रा इच्छा नगरिएका समस्याहरू हुन् जसले गन्तव्य तर्फको यात्रामा अबरोध पुऱ्याई रहन्छन् । असल किसानले आफ्नो खेतीमा देखिएका यस प्रकारका अनगिन्ति समस्याहरूलाई नष्ट गर्छन् र अन्ततः आफ्नो लक्ष्य प्राप्त हुन्छ । तर हाम्रो नेपाली समाजमा देखिएको विकराल समस्या नै यो हो जुन स्पष्टसँग देखिँदैन तर भित्र भित्रै वृद्धि भइरहेको हुन्छ र हरतरहले उपयुक्त कुराको अवरोध गरिरहेको हुन्छ । यो एउटा क्यान्सर रोग जस्तै हुन्छ जसको लक्षण नै थाहा पाउन जटिल हुन्छ । जब लक्षण थाहा पाइन्छ त्यसको व्यवस्थापन गर्न नै असंभव प्रायः भईसकेको हुन्छ । यसमा पश्चाताप गर्नु बाहेक अन्य कुनै उपाय नै बाकी रहँदैन ।

यति मात्र होइन यस प्रकारको गुणको विकास विस्तार डडेलो झै द्रुत हुन्छ र जो यसको सिकार हुन्छन् उनीहरूको लागि मैनताबाहेक अर्को कुनै विकल्प आफ्नो साथमा हुँदैन । धूर्त फटाहाहरूका शोषणले दुःख गर्ने श्रमिकहरूको पेट सारङ्गी जस्तो खोक्रिएको हुन्छ, जसको प्राणको बचावटको अतिरिक्त भिख मागिरहेको हुन्छन् भने अर्कातिर श्रमजिविका पसिनाको होली खेल्नेहरूका पेट दमाह जस्तो मोटाएर तिनै श्रमजिविका विरूद्ध डुक्रन्छ, निरन्तर साढे झैं सुमरो भएर डुक्रिनै रहन्छ । उनीहरूको संरचना अब चट्टान भइसकेको हुन्छ जुन अब कुनै पनि अवस्थामा फुट्दैन, फुट्दै फुट्दैन ।

विडम्वना, दुर्भाग्य, यहाँ आगो निभाउनलाई फुक्ने काम गरिन्छ । सामान्यतया पानीले आगो निभाउने स्वभाविक र प्राकृतिक तरिका हो तर यहाँको पानीले आगो निभाउदैन, यो त पानी नाम गरेको पेट्रोल हो जसले अरू बढी अरू छिटो आगो दन्काउँछ ।

यहाँ भाले न पोथी स्पष्ट नभएको शिक्षामन्त्री, भुटानमा भएको घटनालाई लिएर वर्तमानमा भर्पाई गर्ने जि.शि.अ., सुत्केरी कहिल्यै हुनु नपर्ने पुरूष सुत्केरी हुन्छु भनी वाहाना गर्ने क्याम्पस प्रमुख, कलियुगमा नयाँ तरीकाले पैसाद्वारा सपिण्डी गर्न तयार हुने सौजन्य हेडमास्टर आफ्नो जिब्रोको स्वादका आधारमा अरूको ईच्छा अन्दाज गर्ने व्यवस्थापन समिति, धमिलो पानी देख्ने वित्तिकै माछा मार्न निस्कने चम्चे शिक्षक । रातोलाई रातो नभनेर कालो भन्नु पर्ने बाध्यताका बन्दि वा कैदी शिक्षक, रातोलाई रातै भन्न सक्ने स्वतन्त्र, स्वाभिमानी तर पीडित शिक्षकको साझा थलो भएको छ, खासगरी वस्तुगत शिक्षामा सिक्काको खेल भएको छ । ००

# इन्टरभेन्सनल कार्डियोलोजिस्ट डा. चन्द्र मणि अधिकारी लाई

# अग्निचक्रको सिधा ६ प्रश्न

> "संसार कै धनी मान्छे त्यो हो जो अरूको भलाइमा खुसी हुन जान्दछ।"



*झापा, तोपगाछी - ४ (हाल : कमल गाउँपालिका) स्थायी घर भएका समाजसेवी पिता दिननाथ अधिकारी तथा माता नर्वदादेवी अधिकारीका सुपुत्र डा. चन्द्र मणि अधिकारीले काठमाडौं स्थित विश्वनिकेतन स्कुलमा अध्ययन गर्नु भएको थियो। हँसिलो स्वभावका डा. अधिकारी धेरै बिरामीहरूको रोजाईको डाक्टर हुनुहुन्छ। नेपाल सरकारको स्कलरसीप पाएर चीनबाट एमबीबीएस पास गरेपछि अधिकारीले चीन सरकारको स्कलरसीप पाएर एम.डी. (कार्डियोलोजी) गर्नु भएको थियो। उहाँकी धर्मपत्नी डा. रमिता श्रेष्ठ बालरोग विशेषज्ञ हुनुहुन्छ। दुई छोरीहरू काव्या अधिकारी र येश्वी अधिकारी बाबुआमा नै डाक्टर भएकाले दंग छन्। बिहान ९ बजे देखि साँझ ५ बजेसम्म शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र (मुटुरोग अस्पताल), बाँसबारीमा सेवारत यी मुटुरोग विशेषज्ञ डा. अधिकारी अध्ययनमा विशेषरूचि राख्नु हुन्छ। फुर्सदको समयमा परिवारका साथ घुम्न जाने, टेलिभिजनमा विश्वजगतको न्यूज हेर्ने र रमाइलो गर्ने डा. अधिकारी स्माइलिङ फेस भएका असल डाक्टर हुनुहुन्छ। उहाँसँग अग्निचक्र मासिकले गंगालाल परिसरमा जम्काभेट हुँदा गरेको कुराकानी जस्ताको तस्तै यहाँ प्रस्तुत गरिएको छ।*

***मुटुका रोगहरू साधारणतया कति किसिमका हुन्छन्, डा. सा'ब ?***

– साधारणतया मुटुका रोगहरू पाँच प्रकारका हुन्छन्:- जन्मजात मुटुको रोग, बाथ मुटुको रोग, हृदयघात मुटुको रोग, हार्ट फेलियर र उच्च रक्तचाप। जन्मजात मुटुको रोग भनेको बच्चा जन्मिदै मुटु रोग लिएर आउछ, मुटुमा प्वाल हुनु, नलि एक ठाउमा हुनुपर्नेमा अर्को ठाउमा हुनु। मुटुको बाथ रोग ५ देखि १५ वर्ष उमेरकालाई हुने गर्छ, भल्भलाई असर गरेर यो रोग लाग्छ। अर्को भनेको हृदयघात मुटुको रोग हो, नशा साँघुरो भई ब्लक हुने हुन्छ। हार्ट फेलियर भनेको मुटुले रगतलाई राम्रोसँग पम्प गर्न नसक्ने भन्ने बुझिन्छ। उच्च रक्तचापको कारणले पनि मुटु रोग लाग्ने गर्दछ। मुटु रोग लागेको थाहा पाउँने कारण धेरै छन्।

***डा. सा'बले गंगालालमा विशेष गरेर के-के हेर्ने गर्नुहुन्छ ?***

– Interventional Cardiology हो मेरो विषय, जसमा मैले एक वर्षको फिलोसोफि भारतबाट गरिसकेको छु। एन्जियोप्लास्टि, पीटीएमसी, पीडीए डिभाइस क्लोजर, एएसडी डिभाइस क्लोजर, बीपीभी मेरो इन्ट्रेस्टको विषय हो। तर मेरो इन्ट्रेस्ट हार्ट फेलियर सम्बन्धी पनि हो। हार्ट फेलियर भन्ने वित्तिकै धेरै मान्छे "मुटु चल्न छोड्ने" भन्ने गर्छन् तर त्यसो होइन। मुटुले जसरी पम्प गर्नु पर्ने हो, त्यसरी पम्प गर्न सकेन भने त्यसलाई हार्ट फेलियर भनिन्छ। यो रोग लागेपछि आयु लम्ब्याउन सकिन्छ र पिडा कम गर्न सकिन्छ तर रोग कम्प्लीट्लि निको हुन्छ भन्ने ग्यारेन्टी हुँदैन।


***मुटुरोग लाग्न नदिन के के गर्नु पर्ला ?***

– मुटुरोगको प्रकृति अनुसार यो कुरा बुझ्नु पर्दछ किनभने जन्मजात मुटुरोग लाग्ने कारण कसैलाई पनि थाहा छैन । आमाको गर्भबाटै रोग लागि सकेको हुन्छ यसकारण गर्भवती महिलाले जे पायो त्यहि औषधि खानु हुँदैन । एक्सरेको विकिरण, जाँड रक्सी, चुरोटबाट सतर्क हुनु पर्‍यो र नियमित स्वास्थ्य जाँच लिनु पर्छ । त्यस्तै गरेर बाथ मुटु रोग साधारण टन्सीलाइटिसको उपचार राम्रोसँग नगरेर हुनेगर्छ त्यसैले स्वास्थ्य सिस्टम राम्रो हुनु पर्दछ । जीवनस्तर उकास्नु पर्‍यो नेपालीको । तेलमा तारेको-भुटेको, चिल्लो-बोसोयुक्त खानेकुराहरू सकेसम्म कम खाने गर्नु पर्छ । नियमित रुपमा मर्निङ्गवाक-शारीरिक

***दैनिक रूपमा एक घण्टा पैदल यात्रा हिड्ने गरेमा शरीरको तौल ठीक अवस्थामा राख्न सकिन्छ ।***



हुन्छ र त्यसलाई कन्ट्रोल गरिरहनु पर्छ अर्थात भविष्यमा त्यसले पुर्‍याउने खतराबाट बच्न सकिन्छ । मुटुरोग लाग्न नदिनु नै सबैभन्दा ठूलो बुद्धिमानी हुन्छ । उच्चरक्तचाप, धुम्रपान-मद्यपान, मधुमेह, निस्कृय जीवनशैली, मानसिक तनाव, अस्वस्थ खानेकुरा, उच्च कोलेस्ट्रोल, मोटोपना यी कुराहरूमा विशेष ध्यान दिनुपर्छ-सचेत हुनुपर्छ नत्र मुटुरोग "हृदयघात" हुन खाने, बिहान-बेलुका खाना खाए जस्तो रूटीङ बनाएरै भएपनि नियमित व्यायाम गर्नैपर्छ । मोटोपन छ भने वजन घटाइ तन्दुरूस्त बन्ने, रेगुलर रक्तचाप जाँच्ने अर्थात उच्च रक्तचाप नियन्त्रणमा पूरा ध्यान दिने गर्नु पर्छ नत्र यो हाई ब्लडप्रेसरले मुटुको साथै मस्तिष्क, किड्नी-आँखाजस्ता मान्छेको प्रमुख अंगहरूमा अचानक क्षति पुर्‍याउन सक्छ, अपांग बनाउन सक्छ र



- **सक्रिय जीवनशैलीको जिन्दगी बिताउने बानी हुनुपर्छ ।**
- **मुटुरोग लाग्न नदिनु नै सबैभन्दा ठूलो बुद्धिमानी हुन्छ ।**
- **स्वस्थ रहनु छ भने सरसफाइलाई महत्व देऊ ।**
- **बिरामीहरूको सेवा गर्न पाउनु नै धर्म कमाउनु हो ।**
- **यो भन्दा ठूलो धर्म मेरो लागि अरू कुनै छैन ।**
- **अल्कोहल, चुरोट र सूर्तीजन्य पदार्थहरू सेवन गर्नु हुँदैन ।**
- **ब्लड प्रेसर सन्तुलित राख्दा मुटुरोगबाट बचिन्छ ।**



व्यायाम गर्ने तथा चिन्तामुक्त जीवनशैली अपनाउनु जरूरी छ र आफूलाई सधै स्वस्थ र व्यस्त अर्थात सक्रिय जीवनशैलीका साथ दिन बिताउने बानी हुनुपर्छ । दैनिक रूपमा एक घण्टा पैदल यात्रा हिड्ने गरेमा शरीरको तौल ठीक अवस्थामा राख्न सकिन्छ । फलफूल र हरिया सागसब्जीहरू प्रशस्त मात्रामा सेवन गर्नु पर्दछ । अल्कोहल, चुरोट र सूर्तीजन्य पदार्थहरू कहिल्यै पनि सेवन गर्नु हुदैन भन्ने कुरा बुझ्नु र बुझाउनु पर्छ । ज्वरो आइरहन्छ, टन्सिल बढ्छ र घाँटी दुख्छ भने तुरून्तै स्वास्थ्य जाँच गराउँनु पर्छ बच्चाहरूको राम्रो ख्याल गर्नु जरूरी छ । यी कुरामा ख्याल गरेर आफ्नो ब्लड प्रेसरलाई ठीक-सन्तुलित अवस्थामा राख्ने हो भने मुटुरोग लाग्नबाट बचिन्छ ।

***मुटुरोग लागि सकेपछि पहिलेकै अवस्थामा फर्कन सकिन्छ त ? कसरी ?***

– मुटुरोग लागि सकेपछि पहिलेकै अवस्थामा 'पूर्ण निरोगी' हुन सकिँदैन । रोग लागिरहेको सक्छ । समय छदै बेलैमा हृदयघातका जोखिमहरूको पहिचान गरेर हरेक मान्छेले आफ्नो जीवनशैलीलाई स्वस्थ हुने तर्फ ध्यान दिने अर्थात् आफ्नो स्वास्थ्य जोखिम आफै चिन्ने गरेमा मुटुरोग (हृदयघात) हुनबाट सजिलैसँग बच्न सकिन्छ । मेरो मुटु नै मेरो सर्वस्व हो भन्ने कुरा मनमा लिएर सोही अनुसार सचेत भएर जीवन बिताउनु नै बुद्धिमानी हुन्छ जस्तो मलाई लाग्छ ।

***नेपाली जनतालाई डा. चन्द्र मणि अधिकारीको स्वास्थ्य सन्देश के छ त ?***

– स्वस्थ खानेकुरा खाने, नियमित व्यायाम गर्ने, चुरोट, जाँडरक्सीको सेवन नगर्ने, कुनै रोग लागेको शंका भएमा-महसुस भएमा चिकित्सकसँग चेकजाँच गराई हाल्ने र सधै खुसी भएर जीवन बिताउने (म जस्तै ह्याप्पी हुने) । यदि उच्च रक्तचाप छ भने नियन्त्रणका उपायहरू तुरून्तै अपनाउने, जस्तोः नुन कम खाने, औषधि नियमित रूपमा चिकित्सकको सल्लाहनुसार खाने, सागसब्जी, फलफूल र पानी चाहिदो मात्रामा कसैकसैलाई ज्यानै जान सक्छ त्यसकारण यो उच्च रक्तचाप भन्ने रोगलाई नियन्त्रण गरौं अल्छी, निद्रा र हिंसाबाट बचौं भन्छु । स्वस्थ र व्यस्त हुन सिकौं - ह्याप्पी भएर । स्वस्थ रहनु छ भने सरसफाईलाई महत्व देऊ ।

***तपाईको बुझाइमा डाक्टरको धर्म के हो र अन्तमा के भन्नुहुन्छ ?***

– बिरामीहरूको सेवा गर्न पाउनु नै धर्म कमाउनु हो भन्ने विश्वासका साथ नियमित रूपमा बिरामीहरूको सेवा गरिरहेको छु । डाक्टरको हिसाबले भन्नु पर्दा यो भन्दा ठूलो धर्म मेरो लागि अरू कुनै छैन । सभ्य समाज, असल मान्छे, फराकिलो विचार, सहृदयी व्यवहार, उत्पादन मुखी कर्म, नैतिक इमान बलियो नभई नेपाली समाजको गाँठो फुक्दैन त्यसैले संसार कै धनी मान्छे त्यो हो जो अरूको भलाईमा खुसी हुन जान्दछ । सबैले सबैसँग राम्रो व्यवहार गरौं, शान्तिले बाचौं र अरूलाई बाँच्न दिऔं, प्रकृति र मान्छेको हित हुने काम सबैले गरौं ॥ ००

**हाम्रा सेवाहरू: *ए.बी.बी.एस., लकर सुविधा, एटीएम, रेमिट्यान्स***

**Deposit's Interest Rate Effective From 2073 Magh 17( January 30 ,2017)**

**Deposit Products :**

| **1** | **Call Deposits** | | |
|---|---|---|---|
| **S.N.** | **Account Name** | **Minimum Balance (Rs.)** | **Interest Rate (p.a.) (Quarterly on Daily Balance)** |
| 1 | Call Deposit -1 ( Corporate/Co-operative, D Class Financial Institutions & Others ) | 10,000.00 | Negotiable |
| 2 | Call Deposit -2 ( Corporate/Co-operative, D Class Financial Institutions & Others ) | 25,000.00 | Negotiable |
| 3 | Financial Institutions Licensed From NRB ( Class B & C ) - Call Deposit - 2 | 100,000.00 | Negotiable |
| **2** | **Fixed Deposits** | | |
| **S.N.** | **Period** | **Minimum Balance (Rs.)** | **Interest Rate / Interest Payment (p.a.)** |
| | | | **Quarterly** |
| 1 | 3 Months To 9 Months | **10,000/-** | 9.00% - 12.75%(For Individual/ institutional) |
| 2 | 1 Year & Above 1 year | **10,000/-** | Negotiable (For Individual/ institutional) |

# कन्ट्री डेभलपमेन्ट बैंक लि.

# Country Development Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

प्रधान कार्यालय :- बनेपा-१०, काभ्रे । फोन : ०११ - ६६०७०१, ६६०७११

फ्याक्स : ०११-६६०७३३


नारायणघाट शाखा
सहिदचोक, नारायणघाट
फोन : ०५६-५२५७२४, ७३०

बुटवल शाखा
ट्राफिक चोक, बुटवल
फोन : ०७१-५४१६९४, ६९५

सिन्धुली शाखा
२ नं. बजार, सिन्धुली
फोन : ०४७-५२०६२७, ६२९

वीरगञ्ज शाखा
आदर्शनगर, वीरगञ्ज
फोन : ०५१-५२०१२८, १४२

**रतुवामाई नगरपालिका**को *मेयर* **डिबी कार्की** हुनुपर्छ भन्ने चर्चा परिचर्चा मोरङ जिल्लाभरि खासगरी सिजुवा-इटहरा-गोविन्दपुर-झुर्किया र महादेवा क्षेत्रमा आजकल हुने गरेकाले यी सम्भावित उम्मेदवारको छोटकरी परिचय अग्निचक्र मासिकले यहाँ प्रस्तुत गरेको छ ।







- इटहरा–उलुघुटुमा हुर्के–बढेका दाम्राभिट्टाका स्थानीय बासिन्दा
- वरिष्ठ समाजसेवी एवं एमालेका नेता
- जनताको दुःखबिमारमा व्यक्तिगत सहयोग गर्ने एवं जिल्लाभरका विकास निर्माण कार्यमा प्रत्यक्ष सहभागी सामाजिक अभियन्ता
- विगतको संविधानसभामा सिफारिसमा परेर पनि छट्टू नेताहरूको निजी स्वार्थले पछि हटेका त्यागी नेता
- स्थानीयस्तरमा सर्वाधिक रूचाइएका जिल्लाभरकै लोकप्रिय नेता
- युरोप, अमेरिका, अरबलगायत दर्जनौं मुलुकको भ्रमण–अनुभव सँगालेका योग्य उम्मेदवार ।





New Road Gate, Kathmandu, Tel: 01-2296915, 4232965, Fax: 01-4233511, Email: info@barahajewellery.com

Contact Offices:

**Pipal Bot:** New Road, Kathmandu, Tel: 01-2190004, 4266799 **Dharan:** Bhanuchowk, Mahendrapath, Tel: 025-526777, 520056, Fax: 025-522412 **Pokhara:** Sabha Griha Chowk, Pokhara, Tel: 061-206570 **U.K.:** Aldershot, London, Tel: 0044-7824332127 1252409272 **Hong Kong:** 12/F Gofuku Tower 62-64, Woosung Street, Jordan KLN, HONG KONG, Tel: 00852-27838955, Fax: 00852-25538966

# राष्ट्रिय हितका निम्ति सदा चिन्तित गोपाल कोइराला 'त्यागी'




पूर्वाञ्चलका सिद्धहस्त बौद्धिक तथा राजनीतिक व्यक्तित्व गोपाल कोइराला "त्यागी" सँग मेरो पहिलो भेट २०३४ सालमा भएको हो । तेह्रथुमको एउटा विकट गाउँबाट उच्च शिक्षा अध्ययन गर्ने अवसरको अभावमा काठमाडौंतिर हानिने क्रममा वहाँलाई भेट्न र केही सल्लाहसुझाव लिन भनेर म इनरूवास्थित वहाँकै निवास पुगेको थिएँ । वहाँसम्म पुग्ने मेरो आधार थियो, तेह्रथुमको आठराई मूलपानीस्थित वहाँकै ससुराली घर जहाँ बसेर मैले आफ्नो प्रारम्भिक अध्ययनकाल बिताएको थिएँ । त्यसबेला वहाँ मैले आफ्नो विद्यालय जीवनभन्दा बाहिर भेटेका राष्ट्रिय सोच, समसामयिक राजनीति, साहित्य र पत्रकारिता क्षेत्रमा एकैसाथ सक्रिय पहिलो व्यक्तित्व हुनुहुन्थ्यो । सुरूमा भेट हुँदाका बखत पनि वहाँ हरेक कुरामा खरो उत्रनुहुन्थ्यो । वहाँका विचारहरू एकदमै स्पष्ट र राष्ट्रप्रेमको भावनाले भरिपूर्ण हुन्थे ।

त्यसपछि म काठमाडौंतिर लागैँ र आफ्नो अध्ययनतिर व्यस्त भएँ । नेपाल कम्युनिष्ट पार्टी (माले) र अनेरास्ववियू-पाचौंमार्फत मेरो पनि नयाँ राजनीतिक जीवन आरम्भ भयो । वहाँ पञ्चायत समर्थक तर म भने त्यसको ठीकविपरीत राजनीतिक कित्तामा उभिएका कारण त्यसपछिका दिनहरूमा हाम्रा कुराहरू बढी राजनीतिकेन्द्रित हुनथाले । र पनि वहाँमा फरक विचारहरूलाई पनि सम्मान गर्दै आफ्ना कुराहरूलाई तर्कपूर्ण ढङ्गले राख्ने कला र सहिष्णुता अत्यन्तै प्रशंसनीय थियो ।

**पछिका दिनहरूमा जतिजति नेपालको राजनीतिले काँचुली फेर्दै गयो, त्यतित्यति नेपालमाथिको भारतीय हस्तक्षेप पनि बढ्दै गयो ।** त्यसबेला नेपालको वामपन्थी राजनीतिमा जलस्रोतको द्विपक्षीय विकासका नाममा सम्पन्न भएका कोशी र गण्डक सम्झौताहरू नेपालमाथि चौतर्फी भारतीय हस्तक्षेपका जल्दाबल्दा उदाहरण थिए । यिनै सम्झौताहरूको व्याख्या र विवेचनाका आधारमा जलस्रोतका क्षेत्रमा नेपाल भारतबाट कसरी ठगिएको छ, **भारतका सामु नेपालका शासकहरू किन यसरी सधैं घुँडा टेक्ने गर्दछन्** र राष्ट्रिय हितका दृष्टिले यी सम्झौताहरू किन खारेज हुन जरूरी छन् भन्ने विषयमा बहस र छलफल हुनथाले । कोशी र गण्डकमा नेपाल ठगिएको मात्र होइन कि यी सम्झौताहरूका कारण नेपाली सीमाहरू पनि धमाधम मिचिने गरेको कुरामा उहाँ सधैं चिन्तित हुनुहुन्थ्यो, र इतिहासका तथ्यहरू केलाएर यी विषयमा मलाई थप शिक्षितदीक्षित गराउनु हुन्थ्यो । नेपाल–भारतबीच विद्यमान असमान सम्बन्ध, जलस्रोतको बाँडफाँडका सवालमा नेपाल ठगिएको सवाल तथा सुस्ता र पशुपतिनगरलगायतका क्षेत्रमा देशैभरि मिचिएका नेपाली भूमि फिर्ता गर्दै भारतसँगका हाम्रा अन्तर्राष्ट्रिय सिमानाहरूलाई व्यवस्थित गर्नका लागि के कस्तो जनजागरण र राष्ट्रिय अभियानको आवश्यकता छ भन्ने विषयमा वहाँले लेखेका लेखहरू पनि मलाई देखाइरहनुहुन्थ्यो । यसरी हामी दुईजनाबीचको भेटघाट विस्तारै-विस्तारै राजनीतिक मतमतान्तरमा भन्दा पनि साझा राष्ट्रिय हितका सवालमा केन्द्रित हुँदै गयो ।

संयोगले २०४७ सालपछिका दिनहरूमा विभिन्न अध्ययन, अनुसन्धान र अभियानका क्रममा मेरो ध्यान पनि नेपालको जलस्रोतमाथि प्रत्यक्ष वा अप्रत्यक्षरूपमा भइरहेका भारतलगायतका विभिन्न वैदेशिक हस्तक्षेप तर्फ केन्द्रित हुँदैगयो । अरूण तेस्रो जलविद्युत आयोजनामार्फत नवसाम्राज्यवादी अन्तर्राष्ट्रिय संस्थाका रूपमा चिनिने विश्व बैङ्कले नेपालको जल तथा ऊर्जाक्षेत्र, अर्थतन्त्र, सामाजिक व्यवस्था र राजनीतिमा के कसरी आफ्नो प्रभुत्व विस्तार गर्दैछ भन्ने विषयमा जान्नेबुझ्ने मौका पाएपछि मेरो ध्यान पनि नेपाल र नेपालीको समग्र हितका निमित्त नेपालको जलस्रोतको संरक्षण र सम्बर्द्धन के कसरी गर्न जरूरी छ भन्ने विषयतर्फ बढी आकर्षित हुँदैगयो । यसै क्रममा नेपालको सर्वोत्तम हित हुनेगरी आवश्यक सुधार, परिवर्तन र लागत कटौतीका निमित्त हामीले सुरू गरेको अरूण तेस्रो आयोजनासम्बन्धी विशाल अभियानका कारण २०५२ सालमा विश्व बैंकले उक्त आयोजनाबाट हात झिक्यो ।

त्यसको लगत्तै अर्को वित्तीय संस्था एसियाली विकास बैङ्कको लगानीमा पश्चिमाञ्चलको स्याङ्जा जिल्लामा पनि त्यस्तै विवादास्पद कालीगण्डकी 'ए' विद्युत आयोजना सुरू भयो । यसले पनि नेपालको जलस्रोत र जलविद्युतका क्षेत्रमा विदेशी लगानीका नाममा भित्रिने अनावश्यक वैदेशिक हस्तक्षेप, नेपालले धान्नै नसक्ने ऋणलगानीका पूर्वसर्त, विद्युत महसुलमा अत्याधिक वृद्धि र भ्रष्टाचारलाई त्यत्तिकै स्थान

दियो । अर्कातिर, कोशी र गण्डक सम्झौताहरू असमान र राष्ट्रघाती भएकै कारण तिनमा अविलम्ब पुनरावलोकन, संशोधन वा खारेज हुनुपर्छ भन्ने मागहरूको छिनोफानो हुन नपाउँदै **२०५२ साल माघमा अर्को महाराष्ट्रघाती महाकाली सन्धि पारित भयो ।** यस सन्धिका हकमा आश्चर्यजनक कुरा त यो थियो कि कोशी र गण्डक सम्झौताहरूको विरोधको जगमा उभिएर देशभक्त र प्रगतिशील पार्टीको छबि बनाएको एमालेकै विशेष सक्रियता र सहयोगमा नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारको पहलमा जननिर्वाचित संसद्‌बाट यस सन्धिलाई दुईतिहाइ बहुमतले पारित गरेको थियो ।

यसरी हामी आफैं सक्रिय भएर स्थापना गरेका पार्टी, सरकार र व्यवस्थाहरूबाट नै नेपालको जलस्रोत र जलविद्युतका क्षेत्रमा विकासका नाममा अनुचितरूपमा झन्झन् विदेशी हस्तक्षेप निम्त्याउने कार्य हुनथालेपछि ममा पनि उनीहरूप्रति वितृष्णा हुनथाल्यो । यसैबेला भारतसँगका सीमासम्बन्धी समस्याहरू पनि झन्झन् पेचिला बन्दै गइरहेका थिए । रणनीतिक दृष्टिले अत्यन्तै महत्वपूर्ण मानिएको तथा महाकाली नदीको उद्‌गमस्थलका रूपमा चिनिएको नेपालको

लिम्पियाधुरा क्षेत्रलाई आफुतिर पार्न भारतले दिनदहाडै भारतीय सेना राखेर नेपालको कालापानी भूभागलाई अघोषित कब्जा गरेपछि नेपाल-भारतबीचको सीमा समस्याले झनै गम्भीर रूप लिएको थियो, जुन समस्या अहिलेसम्मपनि कायमै छ । यहाँसम्म आइपुग्दा वहाँले लिखित तथा मौखिकरूपमा व्यक्त गर्नेगरेका चिन्ता र ममा उत्पन्न भइरहेका वितृष्णाहरू हाम्रा साझा राष्ट्रिय सरोकारका विषयका रूपमा गहिरोसँग समाहित हुँदैगइरहेका थिए ।

यसरी हेर्दाहेर्दै नेपालको पूर्वदेखि पश्चिमसम्म दक्षिण अवस्थित सीमाक्षेत्र हुँदै कोशीदेखि महाकालीसम्मका नेपालका नदीनालाहरूमाथि भारतीय गिद्देदृष्टि र हस्तक्षेप झन्झन् नाङ्गोरूपमा प्रस्तुत हुनथाल्यो । यी समस्याहरूलाई सही ढङ्गले सम्बोधन गर्ने सवालमा सार्वभौमसत्ता नेपाली जनतामा नीहित रहेको भनिएको २०४७ सालको संविधानअन्तर्गत निर्वाचित जनप्रतिनिधि र संसद्समेत लाचार देखिन थाले । परिणामस्वरूप, हामी देशैभरि छरिएर रहेका एकथरि सरोकारवाला नागरिकहरूले विभिन्न राष्ट्रव्यापी सञ्जालमार्फत व्यापक अभियान चलाउने निर्णय गर्‍यौँ । हाम्रा यी सबै विचार, प्रयत्न र सफलताका श्रृङ्खलामा वहाँ पूर्वाञ्चलबाट सदा सतिसालझैँ खडा हुनुभयो । इनरूवास्थित वहाँको घरनिवास हाम्रो अभियानको पूर्वाञ्चलस्थित मुख्य कार्यथलो बन्न पुग्यो । हाम्रो अभियानप्रति रूचि राख्ने स्वदेशी तथा विदेशी मित्र र अभियानकारीहरूको जमघटको पूर्वाञ्चलस्थित केन्द्रविन्दु पनि वहाँ नै हुन थाल्नुभयो ।

यसै सिलसिलामा हाम्रै सामुहिक प्रयत्नबाट सुरू भएका राष्ट्रिय सरोकार समाज, जल तथा ऊर्जा उपभोक्ता महासङ्घ-नेपाल र सीमा सरोकार समितिजस्ता संगठित प्रयासहरूमा पूर्वाञ्चलबाट वहाँले मुख्यरूपमा प्रतिनिधित्व गर्न थाल्नुभयो । वहाँकै माध्यमबाट पछिल्ला दिनमा गएर धरानस्थित अभियानकारी पत्रकारमित्र केशव घिमिरे पनि समाहित हुनुभयो । वहाँहरू दुईजनाकै विशेष सक्रियतामा पछि धरान र इनरूवामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी र भेलाहरू सम्पन्न भए । २०६२ सालमा पारित "कोशी उच्च बाँधसम्बन्धी इनरूवा घोषणापत्र तथा कार्ययोजना" हाम्रो सफल साझा अभियानको एउटा ज्वलन्त उदाहरण हो ।

कोशी बाँध आन्दोलनका सवालमा भारतको नर्मदा बाँध आन्दोलनका सुप्रशिद्ध नेतृ मेधा पाटकरजस्तै म नेपाली मेधा पाटकर हुने सोचका साथ सक्रिय हुनुभएको थियो । हामीले नै वहाँलाई नर्मदा बाँध आन्दोलनको प्रत्यक्ष अवलोकनका लागि नर्मदा उपत्यका पठाएका बेला मेधाजीसँग वहाँको राम्रो चिनजान पनि भएको थियो । वहाँ नर्मदा वाँध आन्दोलनमा मेधाजीको सफल नेतृत्व र त्यागबाट धेरै प्रभावित हुनुहुन्थ्यो, तर वहाँमा तराईको राजनीतिमा सक्रिय हुँदै भारतमुखी भनेर चिनिएका गजेन्द्रनारायण सिंहले नेतृत्व गरेको नेपाल सद्भावना परिषद्लाई देशभक्त नेपाली नेताका रूपमा चुनौती दिन चाहनुहुन्थ्यो । जे होस्, कोशी पीडितहरूका पक्षमा र कोशी सम्झौताका कारण नेपाल ठगिएको विषयमा गोइतजीले थालेको महत्वपूर्ण अभियानलाई निरन्तरता दिने काम पछि वहाँकै सहयात्री अभियानकारी तथा अधिवक्ता देवनारायण यादवले गर्नुभयो । यादवजी अहिले पनि कोशी पीडित समाज तथा जल तथा ऊर्जा उपभोक्ता महासङ्घमार्फत कोशी ब्यारेज पीडितका मुद्दाहरूलाई एउटा निष्कर्षमा पुर्‍याएरै छोड्ने अठोटका साथ निरन्तर खटिरहनुभएको छ र यस कृतिका लेखक, सङ्कलक तथा सम्पादक गोपाल कोइराला "त्यागी" को घनिष्ठ सहकार्य थियो, र कोशी बाँध आन्दोलनका सवालमा पनि यस्तो सहकार्य अहिले पनि जारी छ ।

आज फर्केर हेर्दा, वहाँसँगको मेरो साथ र संगतले ३३ वर्ष टेकेछ । वहाँले राष्ट्र र राष्ट्रियताका पक्षमा आजसम्म लेखेबोलेका कुरा र गरेका कामहरूको सामान्य समीक्षामात्र गर्दा पनि लाग्छ कि वहाँ समस्त पूर्वाञ्चल क्षेत्रमा एकजना राष्ट्रप्रेमी व्यक्तित्व हुनुहुन्छ । वहाँमा सधैं देखिने युवा जोशजाँगर अनि राष्ट्रिय हित र सुरक्षाप्रतिको दृढता हेर्दा अहिलेको युवा पुस्ताले वहाँलाई गुरू नै माने पनि हुन्छ । साझा राष्ट्रिय सरोकारका विषयमा अभियान गर्ने सवालमा वहाँले आफ्नो फरक राजनीतिक आस्था र सिद्धान्त कहिल्यै पनि अरूमाथि थोपर्ने कोशिस गर्नुभएन । वहाँ अहिले उमेर, अध्ययन, अनुभव र समसामयिक घटनाक्रमहरूको विश्लेषण गर्नसक्ने उच्च बौद्धिक क्षमताका कारण हामीबीच एक सशक्त राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुनुहुन्छ । राजधानीमा बसेर राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सरोकारका सवालहरूप्रति चिन्ता गर्ने देशभक्त र बुद्धिजिवीहरूका तुलनामा वहाँ कुनै पनि दृष्टिले कम हुनुहुन्न । अझ कतिपय मामिलामा त वहाँ अझै खरो, फराकिलो र स्पष्ट सोच भएको सधैँ खटिरहने प्रतिबद्ध व्यक्तित्व हुनुहुन्छ ।

विगतका दुई दशकमा नेपालको जलस्रोत तथा जलविद्युतको विकास तथा नेपाल-भारत सीमामाथि भईरहेका भारतीय अतिक्रमणहरूका विरूद्ध सञ्चालित धेरै स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय अभियानहरूमा एकैसाथ रहनेबस्ने अवसर पनि मिल्यो मलाई । हामी देशका विभिन्न भागमा सँगसँगै घुम्यौँ । राजधानीमा राष्ट्रिय सरोकार समाज नामक अभियानकारी

## क्षमा नै सज्जनको गहना हो



*गोपाल कोइराला 'त्यागी'*

'पुस्तक आफैं बोल्छ' पुस्तकमा के छ ? भन्ने कौतुहल हुन्छ, स्वाभाविक हो । तर यो किताब पढे पछि, यसै पुस्तकले सबै कुरा बोल्ने नै छ – देशका विज्ञहरूलाई समेटेर "हाम्रो विशाल नेपाल" लाई 'नेपाल आमा' को रूपमा पस्कने प्रयास गरेको छु । यसमा मेरो केही छैन, छ भने टुटे-फुटेको छन्द न बन्दका सिकारू कलम कतै केही बोलेको होला – छ भने बस त्यही छ – जस्लाई पाठक वर्गले मन पराउन जरूरी छैन-लहडको बेलामा कलमले जो बोल्यो भाषा शैली र तथ्य विहीन अवस्थामा जोगीको तीहुन पस्केको छु-जो छ त्यसलाई माया गर्न नसके पनि दया अवश्य गरिदिनु होला ।


म आजित भए ! लेख्न हैन ! विज्ञहरूबाट प्राप्त ज्ञानलाई सबै सामु बाँड्न तो पनि सग्लै रूपमा-साह्रै गाह्रो पर्‍यो । भाषा, शैली, व्याकरण सुद्धा-सुद्धि गर्न बस्यो-कम्प्युटरको अगाडि एक पातो सच्याउन पाएको छैन-बिजुली झ्याप हुन्छ । कमसेकम सेभ गर्न पाउनु पर्ने त्यो पनि पाइँदैन । एक पल्ट हैन-हजार पल्ट ! अनि के गर्ने ? भर्सेलै परोस् ! भनेर जतिसके त्यैरूपमा विज्ञहरूको कलमबाट आमाको अनुहार जस्ताको त्यस्तै- सबैको हात-हातमा तस्विर बाँड्न बाध्य भएँ । सज्जनसँग क्षमा माग्नै पर्दैन, किन भने 'क्षमा नै सज्जनको गहना हो' । तर मैले पनि त आफ्नो कर्तव्यको पालना गर्नु पर्छ- त्यसैले सबैसँग क्षमा याचना गर्नुपर्छ- त्यसैले सबैसँग क्षमा याचना गर्दछु । जय आमा नेपाल !

संस्थाले निकै वर्षसम्म सञ्चालन गरेको आइतबारे मञ्चनामक सार्वजनिक छलफल र अन्तरक्रिया कार्यक्रममा धेरैपटक सँगै भयौँ । भारतको दिल्ली र उत्तराञ्चलको टिहरी बाँध हुँदै पटना र अरूणाञ्चल प्रदेशसम्म नेपाल र भारतबीच जलस्रोतको विकासका क्षेत्रमा हुनुपर्ने वैकल्पिक सहकार्यका विषयमा आयोजित विभिन्न सभा, गोष्ठी, सम्मेलन लगायतका स्थलगत अध्ययनहरूमा सहभागी भयौँ । बाँध प्रभावित जनसमुदाय र सरोकारवालाहरूको अन्तर्राष्ट्रिय भेलामा सहभागी हुन थाइल्याण्डको रसीसलाइसम्म गयौँ । यी सबै उठबस र अनुभवहरूको समीक्षा गर्दा लाग्छ कि वहाँ एक जीवन्त अभियानकारी हुनुहुन्छ । यस्तो अभियानकारी, जसका लागि आवश्यक पर्ने अध्ययन, अनुसन्धान, चिन्तनमनन र अठोट सबै विद्यमान छ । उहाँले अझै पनि आफुले देखे भोगेका कुरा पत्रपत्रिकामा लेखेर सार्वजनिक गरिरहने हो जो अहिलेसम्म पनि गरिरहनु भएकै छ ।

मेरो दृष्टिमा वहाँको अर्को अनुकरणीय विशेषता भनेको पदको लोभ र लाभका नाममा आफ्नो कर्मक्षेत्रभन्दा बाहिर गएर कहिल्यै पनि नअल्मलिने हो । त्यसैले, विगतमा वहाँका लागि राष्ट्रियस्तरका विभिन्न क्षेत्रमा राष्ट्रिय तहकै राजनीतिक नियुक्ति र सुविधा लिनसक्ने वातावरण विद्यमान हुँदा पनि वहाँ जानीजानी इनरूवामै सीमित रहनुभयो । विगतको कोशी ब्यारेजले उत्पन्न गरेका समस्या र पीडाहरूलाई प्रत्यक्षरूपमा देखेभोगेका कारण वहाँ प्रस्तावित कोशी उच्च बाँध कुनै पनि दृष्टिले नेपाल र नेपालीका हितमा छैन भनेर अहोरात्र अभियानमा तल्लिन रहनुभयो ।

अनि, यसैबीच ..... सालमा कोशी आयोजना ?? को भू-आर्जन अधिकृत भएका बेला विगतको ५५ ???..... वर्षमा अरू कसैले पनि सार्वजनिक नगरेका, गर्न नचाहेका वा गर्न नसकेका सूचनाहरू सार्वजनिक गर्नुभयो । कोशी ब्यारेजदेखि चतरा बाँधसम्म विनामुआब्जा भारतले प्रयोग गरेका जमिन, ब्यारेज र नहर निर्माणका क्रममा ठूलो परिमाणमा भारत लगिएका ढुङ्गा, गिटी र काठपातहरूको ??? विवरण रहस्योद्घाटन गरिदिनुभयो । यसका निमित्त वहाँ आफैँ अघि सरेर धेरै पुरानापुराना कागजपत्रहरूको खोजी र स्थलगत अध्ययन गर्नु परेको कुरा बराबर भन्ने गर्नुहुन्थ्यो । वहाँले त्यसबेला सार्वजनिक गरेका यी सूचनाहरूले व्यापकरूपमा राष्ट्रिय चर्चा र महत्व पाएका थिए । तर उक्त आयोजनाबाट वहाँको बहिर्गमनसँगै यी कुराहरू पनि क्रमशः छलफल र विचारविमर्शको सतहबाट ओझेल पर्दै गए । मलाई लाग्छ, कोशी नदी र कोशी जलाधर क्षेत्रको समग्र संरक्षण र विकासका निमित्त राष्ट्रिय हितका दृष्टिले नेपाल आफैँले अगुवाइ र नेतृत्व गर्ने हो भने यस्तो पुनितः कार्यका लागि वहाँ पनि एकजना सक्षम, प्रतिबद्ध र इमान्दार व्यक्तित्व हुनुहुन्छ ।

अहिले वहाँले आफ्ना यिनै विचार, आस्था, गतिविधि र अनुभवहरूलाई प्रतिबिम्बित गर्ने किसिमका विभिन्न लेख, रचना र समाचारहरूको बृहत् सङ्कलन 'किताब आफैं बोल्छ' सार्वजनिक गर्न लाग्नुभएको छ । यस अवसरमा मलाई पनि केही कुरा भन्ने मौका दिनुभएकोमा म वहाँप्रति विशेष आभार प्रकट गर्न चाहन्छु । वहाँ के कस्तो व्यक्ति हुनुहुन्छ, मोफसलमा रहेर पनि वहाँले यस राष्ट्र र राष्ट्रिय हितका निमित्त के कति गर्नुभयो वा गर्न खोज्नुभयो तथा वहाँका बारेमा मेरा विचार र अनुभूतिहरूले के कति तालमेल गर्छन् वा गर्दैनन् भन्ने बारेमा त स्वयम् प्रस्तुत कृतिभित्र समेटिएका सामग्रीहरूबाटै अवगत हुने नै छ । ००


नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं
(फोन नं. ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

रकम तथा विवरण दाखिला सम्बन्धी
अत्यन्त जरुरी सूचना

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका कर्मचारी/श्रमिकहरूले प्राप्त गर्ने पारिश्रमिकबाट १ प्रतिशतका दरले करकट्टी हुँदै आएको छ । यो कर मासिक कर कट्टी गरी राजस्व शीर्षक नं. १-१-२-१-१ मा दाखिला गर्न गराउन र कोषको वेब ठेगाना www.ssf.gov.np मा उपलब्ध लगत सङ्कलन फाराम अनुसारको विवरण सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाडौंमा आइपुग्ने गरी वा इमेल ठेगाना info@ssf.gov.np मार्फत पठाउनु हुन सरकारी, गैरसरकारी तथा निजी निकाय वा प्रतिष्ठान सबैलाई अनुरोध छ । सामाजिक सुरक्षा कर कट्टी नगर्ने वा गरेर पनि विवरण नपठाउनेलाई सामाजिक सुरक्षा योजनामा सहभागि गराउन कठिनाई पर्ने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।
अडियो सूचनाका लागी नोटिस बोर्ड नं. १६१८०१४२५६३१५

# बाटो बताउने नाति



प्रा. गोपीकृष्ण शर्मा

शिक्षण-प्राध्यापक, लेखन-सम्पादन र समाजसेवामा निरन्तर लागिपर्ने सिर्जनशील प्रतिभा हुन् छायादत्त न्यौपाने । उनका सिर्जनासँग म लगभग दुई दशकदेखि परिचित छु । विसं.२०२२ सालमा हुवास-८, पर्वतमा जन्मेर जन्मथलो, भारत (ऋषिकेश र बनारस) तथा काठमाडौं गरी विविधि ठाँउमा शिक्षा आर्जन गर्दै जीवन अनुभव सँगालेका छायादत्तले औपचारिक शिक्षातर्फ नेपाली विषयमा एम्.ए.र बिएड्. पूरा गरेका छन् । रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौंमा प्राध्यापन-कार्य गर्दै आएका छायादत्तले अतिरिक्त साधनाका रूपमा साहित्यिक सिर्जना र विद्यालय तहका पाठ्यपुस्तक विभिन्न पत्रपत्रिका अनि समीक्षा ग्रन्थहरूको सम्पादन कार्य पनि सम्हाल्दै आएका छन् । नेपाली भाषा-साहित्यका (कक्षा १-१०सम्मका) कक्षागत पाठ्यपुस्तकको लेखन तथा सम्पादन कार्यमा पनि उनको सक्रिय संलग्नता देखिन्छ । सिर्जनातर्फ उनको मूल कार्यक्षेत्र बाल साहित्य हो । बाल साहित्यका विविध विधामा उनका कृतिहरू परिष्कृत भाषाशैलीमा लेखन-प्रकाशन हुँदै आएको देखिन्छ अनि समीक्षा-कृतिहरूको रूचिपूर्ण आलेखन क्षेत्र हुँदै हो, यसका साथै फुटकर समीक्षा-समालोचना, निबन्ध-प्रबन्ध र कथा-कवितामा पनि उनले गहकिला रचनाहरू प्रस्तुत गरेका छन् । विविध साहित्यक सङ्घ-संस्थासँग आबद्ध भएर पनि छायादत्तले भाषा-साहित्यको उन्नयनमा आफ्नोतर्फबाट विशेष योगदान गर्दै रहेका छन् र यो उनको जीवनशैली नै बन्न पुगेको छ ।

विसं.२०४० को दशकदेखि नै साहित्य-साधनामा लागेका छायादत्त न्यौपानेको पहिलो प्रकाशित रचनाचाहिँ "हाम्रो झन्डा" शीर्षकको निबन्ध हो र यो रचना ऋषिकेशबाट त्यस समयमा प्रकाशित नेपाली साहित्यिक पत्रिका"नयाँ पुकार"मा विसं.२०४२ सालतिर प्रकाशनमा आएको थियो । यसपछि विभिन्न पत्रिकाहरूमा उनका कथा, कविता, निबन्ध र समालोचनाहरू प्रकाशित भइरहे । पुस्तकाकार कृतिका रूपमा भने छायादत्तको पहिलो कृति 'भाषाः सिकाइ, सीप र सिर्जना'( विसं.२०५३) हो । यो भाषा सिकाइका निम्ति पठन सँगसँगै लेखनशैलीको सजिलो व्यावहारिक प्रयोगात्मक कृतिका रूपमा प्रकाशित भएको हो । विसं.२०६२सालमा यसको द्वितीय संस्करण र विसं.२०७० सालमा तृतीय संस्करण प्रकाशित भएका छन् । यिनका दुई निबन्ध सङ्ग्रहहरू 'कदर नभएपछि' र ' बादलका रेसाहरू' विसं. २०६४ सालमा देखा परेका हुन् । वाङ्मयका कुरा (२०६९) समीक्षा-समालोचनाहरूको सँगालो प्रकाशित भएको छ । यस कृतिमा उनले बाल साहित्यको सैद्धान्तिक तथा विधागत परिचय दिने प्रयास गरेका छन् । यिनी यसका साथै साहित्यिक लेखन कार्यशाला गोष्ठी र बाल साहित्य लेखन कार्यशाला गोष्ठीहरूबाट प्रशिक्षित हुँदै र शिक्षण-प्रशिक्षकका रूपमा समेत आफूलाई संलग्न गराउँदै आएका




छन् । यसरी हेर्दा सैद्धान्तिक र प्रयोगात्मक रूपले नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा छायादत्तको उल्लेख्य योगदान रहँदै आएको देखिन्छ ।

लेखन कार्यका विविध क्षेत्र तथा विधामा छरिए पनि बाल साहित्यमा विशेष रूचिपूर्ण सिर्जनामा रमाएको देखिनुले साहित्यकार छायादत्त न्यौपानेको प्रमुख साधना क्षेत्र यही हो भन्ने पुष्ट्याइँ दिन्छ । यिनले बालकथा, बालकविता, बालगीत, बालदोहोरी गीत, बालनाटक, बालउपन्यास, बालसंवाद र बालनिबन्धहरूको रचना गरेका छन् । बालसाहित्यतर्फ यिनको पहिलो कृति 'बालदिवस' (सचित्र बालकथा सङ्ग्रह) २०६२ सालमा प्रकाशित भएको हो । यसपछि हरेक वर्ष यिनका बालसाहित्यिक कृतिहरू प्रकाशित हुँदै आएका छन् । अहिलेसम्म दसबर्से अवधिमा बालसाहित्यकार छायादत्तका दुई दर्जनभन्दा बढी कृतिहरू सार्वजनिक भइसकेका छन् र लेखन-प्रकाशनको क्रम पनि कायमै रहेको छ । यिनका कृति सचित्र छन् र खासगरी निमावि. र मावि.तहमा अध्ययनरत बालकहरूको लागि विशेष उपयोगी छन् । मोटामोटी ९-१५ वर्ष उमेर समूहका बालकको रूचिलाई ध्यानमा राखेर रचिएका भए पनि यी बालसाहित्यिक कृतिहरू किशोर र प्रौढ पाठकवर्गका लागि समेत रूचिपूर्ण अनि सन्देशमूलक छन् । यिनका केही कृतिहरू अङ्ग्रेजी भाषामा पनि अनूदित भई प्रकाशित भएका छन् । बाटो बताउने नाति र डाँफे चरी नामक दुई कथासङ्ग्रह र परर ताली शीर्षकको सचित्र बाल निबन्ध सङ्ग्रह अङ्ग्रेजी भाषामा पनि उपलब्ध छन् । यति हुँदा हुँदै पनि अझ कम उमेरका बालकहरूको पाठ्यसामग्री अभाव परिपूर्तिमा भने छायदत्तको प्रयास पर्याप्त देखिँदैन ।

यस सानो आलेखमा न्यौपानेको समग्र साहित्यिक योगदानको चर्चा गर्न सहज नहुने हुँदा छायादत्त न्यौपानेका चर्चित चार सचित्र बालकथा सङ्ग्रहहरू (बालदिवस २०६२, बाटो बताउने नाति २०६३, साथी भाइको कथा २०६७ र डाँफे चरी २०६७,) मध्येबाट विशेष गरी बाटो बताउने नाति शीर्षकको बालकथा सङ्ग्रहमा केन्द्रित भई मोटामोटी प्रकाश पार्नु यस आलेखको उद्देश्य हो ।

बालसाहित्यकार छायादत्त न्यौपानेद्वारा रचित बाटो बताउने नाति शीर्षकको सचित्र बालकथा सङ्ग्रह सर्वप्रथम विसं.२०६३ सालमा प्रकाशित भएको हो । यसपछि २०६६ सालमा द्वितीय संस्करण र २०७० सालमा तृतीय संस्करण गरी यस कृतिका पुनः-पुनः प्रकाशनले कथाको

## न्यौपाने यस क्षेत्रका चर्चित स्रष्टा हुन् र उनको यो सिर्जनशीलता उत्तरोत्तर महिमाशाली बन्दै गएको पनि छ ।

लोकप्रियता समेत प्रस्ट्याएका छन् । स्वदेश प्रकाशन प्रा.लि. काठमाडौँबाट २०७० सालमा राम्रो कागज, साजसज्जा र सचित्र आवरणमा पुनः प्रकाशन भएको यो कृति ३२ पृष्ठमा विस्तारित छ । समग्रमा कृतिलाई आकर्षक र सुन्दर तुल्याइएको छ ।

बाटो बताउने नाति बालकथा सङ्ग्रहभित्र दसवटा बालकथाहरू सङ्गृहीत छन् । ती हुन् : १. प्रयास सफल भयो २. दिलविक्रमले स्याबासी पाए, ३. अवसर चाहिन्छ, ४. आखिर छोरी कसकी नि बूढा ! ५. हजुरबा मुस्कुराउनुभयो, ६. बुवाआमा र छोरी, ७. क्षितिजको सहयोगी, ८. परिश्रमी सीता, ९.गणेश पूजा १०. बाटो बताउने नाति । यी सबै कथाहरू बालकथा लेखनका सैद्धान्तिक मान्यता अनुरूप छन् र बालकको शब्दगत र अर्थगत पहुँचलाई ख्याल राखेर रचिएका छन् । बालपहुँचमा रहेको परिवेश, कार्य क्षेत्र र समस्याहरू त्यही सेरोफेरोबाट टिपिएकाले पनि यी बालकथाहरू बालरूचि भन्दा बाहिर छैनन् । बालसाहित्य लेखनका उत्साही छायादत्तले यस कुरामा विशेष ध्यान पुऱ्याइएका छन् ।

बालकथा लेखनका खास मान्यता छन् । बाल कथाकारले आफू बालक बनेर परिवेशको छनोट गर्नु पर्दछ । बालकका पहुँचभित्र बोल्ने र सवाल-जवाफ गर्ने सीमित शब्दकोश हुन्छ । आमा-बाबु, दिदी-बहिनी, दाजुभाइ र साथी-सँगातीसँग बोलचाल गर्ने लोकव्यवहारका शब्दहरू उनीहरूले जानेका र प्रयोग गरेका हुन्छन् । विद्यालयमा गुरूहरू र साथीहरूसँग बोल्ने गरेका शब्दहरू पनि उनीहरू जान्दछन् । यसरी यस्तै सजिला र बहुप्रचलित शब्दहरू राखेर छोटा वाक्यमा, प्रायः सरल वाक्यको ढाँचामा बालकथाहरूको आलेखन गर्नुपर्दछ । बालकहरूकै पहुँचभित्रको विषय लिएर त्यसमा कुनै समस्या वा प्रश्न उठाउने काम बालकथामा हुन्छ । समाधान सँगै शिक्षाप्रद सन्देश दिने र व्यवहार सुधारका लागि बाटो देखाउने काम बालकथाले गरेको हुन्छ । बढीमा ५०० शब्दसम्मको बालकथा सहज पठनका निम्ति उपयुक्त मानिन्छ । प्रकृति, रूख-बिरूवा, पशु-पन्छी, वस्तु-भाउ, सरसफाइ, सरसहयोग, पारिवारिक मेल, आज्ञाकारिता अग्रजको सम्मान, कर्तव्यबोध, देशप्रेम जस्ता विषयमा टेकेर दुई-अढाई सय जति शब्दमा सरल बालकथा लेख्नु उचित हुन्छ । कथाको धर्म हो कौतूहल र त्यो बालकथामा पनि आउनुपर्छ । सजिलै पढ्न सकिने र कौतुहल जगाउने रोचक बालकथाहरू बालकका लागि पनि रूचिकर हुन्छन् । यस्ता कथाहरूलाई उनीहरू रमाइलो मान्दै पढ्छन् र शुभ सन्देश पनि प्राप्त गर्छन् । यस्ता बालकथाहरू सामाजिक, सांस्कृतिक रूपान्तरणका लागि पनि सहायक बनेका हुन्छन् । यहाँ बालसाहित्यकार छायादत्त न्यौपानेले सहज रूपमा बालकथा लेखनका यिनै मान्यता र आधारलाई अँगालेर बालसाहित्य सिर्जना गरेको प्रतीत हुन्छ । यसकारणले पनि यिनका बालकथाहरू रोचक र लोकप्रिय बनेका छन् । बालसाहित्य अन्तर्गत कथा, कविता, गीत, नाटक, निबन्ध, जीवनी समेतका विधाहरूसँग खेल्ने प्रवृत्तिले छायादत्तको सिर्जनधर्मिता ऊर्ध्वमुखी हुन पुगेको पनि प्रतीत हुन्छ । झन्डै दुई दर्जनभन्दा बढी बालसाहित्यिक कृतिहरू रचना गरिसकेका छायादत्त न्यौपाने यस क्षेत्रका चर्चित स्रष्टा हुन् र उनको यो सिर्जनशीलता उत्तरोत्तर महिमाशाली बन्दै गएको पनि छ ।

यस सङ्ग्रहको पहिलो कथा हो-प्रयास सफल भयो । फोहोर जथाभावी फाल्नु हुँदैन, कन्टेनरभित्र पर्ने गरी फाल्नुपर्छ भन्ने सन्देश दिन यो कथा रचिएको हो । फोहोर सङ्कलन गर्ने कन्टेनर घरबाहिर अलि पर राखिएको छ र त्यसमा सूचनाघन्टी जडिएको छ । फ्याँकेको फोहोर कन्टेनरभित्र पस्यो भने घन्टी बज्दैन, तर फोहोरको झोला कन्टेनरको बिटमा लागेर फोहोर बाहिर छरियो भने त्यो फोहोर फेरि नउठाउँदासम्म घन्टी बजिरहन्छ तर उठाएर कन्टेनरभित्र फालेपछि भने बज्न रोकिन्छ । कथाकी सीमा मिसले फालेको फोहोर बाहिर छिरलियो र सूचना घन्टी बजिरह्यो । अन्तत : उठाएर उनैले कन्टेनरभित्र फोहोर फालेपछि घन्टी बज्न बन्द भयो । यसरी सूचना घन्टी राखेर सरसफाइमा ध्यान दिने सरिताको प्रयास सफल भएको छ । जसले शीर्षक अर्थपूर्ण बनाएको छ । रङ्गीन चित्रहरूले कथालाई थप आकर्षण दिएका छन् ।

'दिलविक्रमले स्याबासी पाए' शीर्षकको बालकथामा आँधी हुरी चलेको बखत एक्लै स्कुलबाट घरतर्फ फर्किरहेकी अबोध बालिका प्रमिलालाई स्कुलकै विद्यार्थी दिलविक्रमले घर पुऱ्याइदिएको कथा छ । यस वापत दिलविक्रमले आफ्नो घरबाट प्रमिलाका आमाबाबुबाट र स्कुलबाट समेत स्याबासी पाएको उल्लेख छ । असहाय अवस्थामा मदत गर्नुपर्ने सन्देश प्रवाहित गर्नु यस कथाको उद्देश्य हो ।

'अवसर चाहिन्छ भन्ने कथामा अपाङ्गलाई दया होइन कामको अवसर दिनुपर्छ भन्ने सन्देश छ । औँला नभएको अपाङ्ग बालक बलवीरले चित्र कोरिरहेको हुन्छ । अफिसबाट फर्कदै गरेका रमेशले पनि २१४ पैसा सहयोग दिएर दया देखाउन चाहन्छन् । यस्तैमा बलवीरको साथी नवराजले यसरी दया होइन, यहाँ रहेका चित्र किनेर यस कामको अवसर दिनुपर्ने सल्लाह दिन्छन् । रमेशलाई पनि एउटा चित्र किनिदिएर सहयोग गर्छन् । रङ्गीन चित्रले कथा प्रस्तुतिलाई आकर्षक तुल्याएको छ । सबै कथाका चित्रहरू चित्रकार देवेन्द्र थुम्केलीले रचना गरेका छन् ।

'आखिर छोरी कसकी नि बुढा ! शीर्षक कथामा सरसफाइमा ध्यान दिई घरको र स्कुलको वातावरण स्वच्छ राख्नुपर्छ भन्ने सन्देश दिइएको छ । मिलनसार र परिश्रमी छोरी सरिताले स्कूलमा साथीहरूसँग मिलेर सरसफाई गरेका र निबन्ध लेखन प्रतियोगितामा 'वातावरण' भन्ने निबन्धमा प्रथम भई सदनको टोली प्रमुख भएको नामले पुरस्कार पाएको वर्णन छ । यसमा आमाबाबु पनि खुसी हुन्छन् । र आमाचाहिको आफ्नी छोरीको सफलतामा विशेष गौरवको अनुभव गर्दै भन्छिन्- आखिर छोरी कसकी नि बुढा !

'हजुरबा मुस्कुराउनुभयो' नामक बालकथामा विद्यार्थीहरूको समाबेसी प्रकारको वनभोजको वर्णन छ । विभिन्न जातजाति र पुरूष तथा नारीवर्गका विद्यार्थीहरू श्याम विकको संयोजकत्वमा वनभोजमा गएका हुन्छन् । सबै मिलेर खाना बनाउँछन् । शिक्षक वर्गसँगै रमाउँदै वनभोज गर्छन् । साँझ ५ बजेपछि आएको रामले कुरै कुरामा श्याम विकले पस्केको खाना खाएँ भनिदिन्छ । एकछिन हजुरबा..पछि हजुर आमाले सबै मानिस एकै हुन् भनेर सम्झाए पछि खुसी जाहेर गर्दै शीर्षकले पनि भनेको छ : हजुरबा मुस्कराउनु भयो ।

'बुबाआमा र छोरी' कथामा बुबा-आमा महेश र उमाले छोरी पुनमलाई पुलपुल्याएर, छिमेक र आफन्तसँग पनि छोरीको गल्तीलाई

प्रश्रय दिएर समाजमा एकलिनुपरेको वर्णन छ । उमाका नन्द र दिदी त्यस घरमा आउँदा पनि तिनका छोराछोरीसँगै पुनमले झगडा गर्दा र पिट्दा पनि आमा बाबुले छोरीलाई छाडा छोडिदिएका हुन्छन् । यसले गर्दा पुनमको परिवार नाताकुटुम्बबाट पनि टाढा हुन पुग्छ । यस्तैमा उमा आफ्नी छोरीलाई लिएर माइत गइन् । माइत आमाले उमालाई छोरी पुल्पुल्याउनु हुँदैन, अदबमा राख्नुपर्छ भनेर सम्झाइन् । अर्कोतर्फ फुपूकहाँ पुगेका महेशलाई फुपू डोल्माले पनि यसै गरी छोरीलाई अनुशासनमा राख्नुपर्ने सल्लाह दिइन् । उमा र महेश दुवै अर्थात पुनमका आमा बुवाले पनि महसुस गरे र छोरीलाई अदबमा राखेर सम्झाउन थाले । छोरी पुनम पनि सुध्रिई । यसरी बुवा आमाले आफ्नो सन्तानलाई सानैदेखि राम्रो बानी र आचरणमा राख्नुपर्छ भन्ने शिक्षा यस कथाले दिएको छ ।

क्षितिजको सहयोगी कथामा स्कुलमा हुने गरेको हाजिरीजवाफ प्रतियोगितामा कक्षा सातमा पढ्ने क्षितिजको समूह प्रथम भएको र क्षितिजले समूहगत तथा विशेष पुरस्कार पाएको वर्णन छ । दिनहुँ पत्र- पत्रिका पढेर सामान्य ज्ञानबारे आफूलाई अद्यावधिक राख्ने क्षितिजको सहयोगी चरित्रलाई यहाँ वर्णन गरिएको छ ।

परिश्रमी सीता नामक बालकथामा सीतालाई घर व्यवहारमा सहयोगी, पढाइमा ध्यान दिने, पत्र-पत्रिका पढ्ने विद्यालयमा पनि सरसफाइमा ध्यान पुऱ्याएर भद्र र परिश्रमी छात्राका रूपमा वर्णन गरिएको छ । वातावरण दिवसका अवसरमा साथीहरू भेला गरेर विशेष विद्यालय सफाइ गर्ने र डाँफे सदनको नेतृत्व गरेर हाजिरजवाफ प्रतियोगितामा सहभागी भई प्रथम पुरस्कार पाउन सफल सीताको कथाबाट हरेक व्यक्ति परिश्रमी हुनुपर्छ भन्ने सन्देश दिइएको छ ।

गणेशपूजा शीर्षक बालकथामा धर्मसंस्कृतिबारे जिज्ञासु बालक सुदीपलाई तर्कका साथ सम्झाउने काम गरिएको छ । शिवराज शर्माको घरमा साँझको समय पारेर असारे पन्ध्रको पूजामा सहभागी हुन भक्तजनहरू भेला हुन्छन् । पूजा आरम्भ हुन्छ र सर्वप्रथम भुँडे गणेशको पूजा गरिन्छ । यस्तैमा शिवराजका छोरा सुदीपले पण्डितसँग गणेश पूजा गर्नाको कारण सोध्छ । बालकलाई सम्झाउन गाह्रो पर्छ । यस्तैमा हरिगोविन्दले अघि सरेर गणेशको विशेषण र विघ्नविनाशक स्थितिबारे व्याख्या गर्छन् । यसरी गणेशपूजाको पनि वैज्ञानिक तर्क खोज्ने काम यस कथामा भएको छ ।

## *विषयअनुसार परिवेशको चयन गरेर बालपात्रको उपस्थितिलाई सशक्त तुल्याउन गरिएको प्रयास सकारात्मक छ ।*

बाटो बताउने नाति कथाचाहिँ यस सङ्ग्रहको अन्तिम बालकथा हो । यसै कथाको नाममा पूरै सङ्ग्रहको शीर्षक राखिएको छ । यस कथामा बालक असीमले हजुरबालाई समाजबाट छुवाछुतको प्रथा अन्त्य हुनुपर्छ, सबै मानव समान हुन् भनेर नयाँ विचार सुनाएको हुन्छ । वैदिक परम्परामा सबै बराबर थिए, पछि स्वार्थी जमातले भेदभावको चलन चलाएर फाइदा लिएका हुन् भनेर पनि असीम नातिले हजुरबालाई गन्तव्य (बाटो) बताइरहेको हुन्छ । एकदिन छुट्टीको बेला गाई चराउन गएको असीमले एउटा गाई फेला पार्दैन र डरले गोठकै परालमा गुटमुटिएर सुतेको हुन्छ । असीमका बाबुले गाई खोजेर ल्याउँदा छोरासँग जम्काभेट हुन्छ । दुवै घरमा आउँछन् र हजुरबाले बाटो बताउने नातिलाई यस्तो गल्ती नगर्न सम्झाउँछन् । कथा पनि अन्त्य हुन्छ ।

यहाँ उल्लिखित दसओटै कथाहरू बाल पात्रलाई केन्द्रमा राखेर रचिएका छन् । दिलविक्रमले स्याबासी पाए लगायत पाँच कथाहरू विद्यालयसँग प्रत्यक्ष सम्बन्धित छन् भने प्रयास सफल भयो समेतका पाँच कथाहरू पारिवारिक तथा सामाजिक गतिविधिसँग सम्बन्धित छन् । जुनसुकै परिवेश भए पनि बालपात्रको विशेष स्थान छ र यिनकै केन्द्रियतामा कथाको निर्माण भएको छ ।

यस सङ्ग्रहमा हाम्रै घर-व्यवहारमा प्रचलित विषयहरूलाई प्रमुख रूपमा अगाडि ल्याइएको छ । सरसफाइ वातावरण, स्कुल जाने साना नानीहरूले बेहोर्नुपर्ने कठिनाइ, छुवाछुत र सामाजिक भेदभाव, सन्तानलाई सानैदेखि सत्मार्गमा लगाउनुपर्ने स्थिति, विद्यालयमा हुने हाजिरीजवाफ प्रतियोगिता, धार्मिक संस्कार, बालकको पनि अर्ती लिनुपर्छ भन्ने मान्यता जस्ता विषयलाई यस सङ्ग्रहका कथाहरूले समेटेका छन् । घर-आँगनको सरसफाइ, विद्यालयको सरसफाइ र वातावरणको संरक्षणलाई महत्व दिएर यस सँगालोमा आएका कथाहरूमा प्रयास सफल भयो, परिश्रमी सीता र आखिर छोरी कसकी नि बूढा ! जस्ता मुख्य रहेका छन् । छुवाछुत र सामाजिक भेदभावको अन्त्य हुनुपर्छ भन्ने विषयमा समावेशी वनभोजको आयोजना गरिएको बालकथा हजुरबा मुस्कुराउनुभयो रहेको छ । बेलुकी ४ बजे स्कुलबाट फर्कंदै गर्दा आएको आँधीबेहरीबाट जोगाई सानी नानीलाई स्कुले छात्र दाजुले घर पुऱ्याइदिएर सहयोग पुऱ्याएको उल्लेख दिलविक्रमले स्यावासी पाए कथामा भएको छ । छोरीलाई मत्याउनु हुँदैन, सानैदेखि अदबमा राखेर व्यावहारिक शिक्षा दिनुपर्छ भन्ने सूचना बुवाआमा र छोरी शीर्षकको बालकथाले दिएको छ । विद्यालयमा गरिने हाजिरीजवाफ प्रतियोगितामा सहभागी भएर पुरस्कृत भएको बालकथाका रूपमा क्षितिजको सहयोगी भन्ने कथा रहेको छ । पूजा आजाको वैज्ञानिक सन्दर्भलाई गणेशपूजा कथाका सुदीपको जिज्ञासामा प्रकट भएको छ । अपाङ्गलाई दया होइन कामको अवसर दिनुपर्छ भन्ने सन्देशलाई जोडबलका साथ प्रस्तुत गरेको छ अवसर चाहिन्छ भन्ने कथाले । राम्रो अर्तीबाट सकरात्मक चेतना बिउँझाउने प्रयासमा सफल ठहरिएको छ बाटो बताउने नाति शीर्षकको कथा । यस सँगालोमा उपयोगी बालकथाहरूको तर्जुमा भएको छ । समग्रमा सबै कथाहरू सन्देशमूलक छन् र आस्वाद्य छन् ।

सङ्कलित कथाहरू बालरूचिलाई पहिल्याएर बाल मनमा कौतूहल जगाउने गरी रचिएका छन् । छोटा वाक्य, सरल शब्द र आकर्षक प्रस्तुतिले अर्थबोधलाई सहज तुल्याएका छन् । बालसाहित्यकार छायादत्त न्यौपानेले समस्या विशेषलाई उठाएर त्यसलाई चित्त बुझ्ने गरी समाधान पहिल्याएका छन् । प्रयास सफल भयो र हजुरबा मुस्कुराउनुभयो शीर्षकका कथाहरू यस दृष्टिले बढी मूल्यवान् लाग्छन् । समाज व्यवस्थाबारे नयाँ पुस्ता र पुरानो पुस्ताबीच हुने गरेको द्वन्द्वलाई साम्य पार्न नयाँ दृष्टिमा हिँडाउने काम पनि कतिपय कथाले गरेका छन् । बालकलाई केन्द्रविन्दुमा राख्ने प्रवृत्तिले पनि यी कथाहरू बालमनोविज्ञान अनुकूल तुल्याएको महसुस हुन्छ । विषय र परिवेश अनुकूल पात्रहरूको चयन गरिएको छ । बालपात्रहरूमा पनि नारी पात्रलाई विशेष स्थान दिइएको छ । बालिकाहरूको भूमिका बढी पाइन्छ । दिलविक्रमले स्याबासी पाए कि प्रमिला, आखिर छोरी कसकी नि बुढा ? की सरिता बुवाआमा र छोरी की पुनम, परिश्रमी सीता आदि यस्तै स्त्री बाल पात्र छन् । अन्य कथाका असीम, सुदीप, क्षितिज, राम र बलवीरचाहिँ पुरुष बाल पात्र हुन् । बाल पात्रमा साथीहरू, बुवाआमा

विद्यालयका शिक्षक, हजुरबा-हजुरआमा आदि सबै सहायक पात्रका रूपमा आएका छन् ।

कथालाई जीवन्त तुल्याउन ठाउँ ठाउँमा संवादको प्रयोग हुन्छ । यहाँ प्रायः छोटा संवाद छन् । केही सुझबुझका कुरा भन्न पऱ्यो भने बालकले पनि लामो संवाद गरेका छन् । बाटो बताउने नाति सम्प्रेषण र लक्षित बालकको अर्थबोध गर्न सक्ने सख्त भाषाशैलीको प्रयोग छ । पूरै कथा पढेपछि पाठकको मनमा एक प्रकारले सन्देशमूलक भाव विम्बात्मक रूपले प्रतीत हुन्छ । कथाको आयाम ठिक्कको छ । न लामो न छोटो । हाराहारीमा कथा रचिएका छन् । प्रत्येक कथामा एक एक रङ्गीन चित्र दिइएकाले पनि बाल पाठकलाई अर्थ ठम्याउन सहज भएको छ । शिशु कक्षाका कृतिहरूमा पाठ्यवस्तु निकै थोरै र चित्रको सङ्ख्या बढी हुन्छ । बाल पाठ्यपुस्तकमा पाठ्यसामग्री धेरै र चित्र कम हुन्छ । यस्तै गरी प्रस्तुत सङ्ग्रहमा पनि कम चित्रहरू प्रयोग भएका छन् ।

शीर्षक विधानमा विविध शैली अँगालिएको छ । केही कथाका शीर्षक वाक्यात्मक छन् । जस्तै प्रयास सफल भयो, दिलविक्रमले स्याबासी पाए, अवसर चाहिन्छ, हजुबा मुस्कुराउनुभयो । कतिपय पदावलीमा छन् । जस्तै आखिर छोरी कसकी नि बुढा । बुवाआमा र छोरी, क्षितिजको सहयोगी, बाटो बताउने नाति र परिश्रमी सीता । गणेशपूजा भन्ने शीर्षकचाहिँ एक शब्दात्मक प्रकृतिको छ । शीर्षकीकरणमा थप मिठास ल्याउन सकिने सम्भावना भने रहेकै छ । गहिरिएर अध्ययन गर्दा अन्य वैकल्पिक पात्रको नामबाट रहेको छ । विषय वा सन्देशका आधारमा भने कमै मात्र शीर्षकहरू छन् । मोटामोटी सन्देश प्रवाहित गर्ने काम शीर्षकले गर्ने हुनाले लेखकले शीर्षक विधानमा विशेष ध्यान पुऱ्याए हुन्थ्यो भन्ने अपेक्षा राख्न सकिन्छ ।

निष्कर्षमा बालसाहित्यकार छायादत्त न्यौपानेका बालकथाहरू बालमन अनुकूल छन्,रूचिपूर्ण बनाई मनोरञ्जन दिँदै व्यवहारोपयोगी सन्देश प्रवाह गर्ने गरी रचिएका छन् । विषयअनुसार परिवेशको चयन गरेर बालपात्रको उपस्थितिलाई सशक्त तुल्याउन गरिएको प्रयास सकारात्मक छ । यस प्रवृत्तिलाई डोऱ्याउन यी कथाहरू सफल देखिएका छन् । सरल र सम्प्रेष्य भाषाशैलीको प्रयोगले कथा बालसुलभ बनेका छन् । प्रस्तुति स्वाभाविक र मिठासयुक्त लाग्छ । प्रकाशनको अवधि दशक नपुग्दै तीन संस्करणमा आइसक्नुले बाटो बताउने नाति कथा सङ्ग्रह बालजगतको प्रिय अनि उल्लेख्य कृतिका रूपमा रहेको तथ्य पुस्टिन्छ । कामना गरौं बाल साहित्य स्रष्टा न्यौपानेको लगावले अझ सघन बनेर सशक्त रचना दिँदै जानेछन् ।।००

# चन्द्रागिरिमा विश्व बैंकको टोली

विश्व बैंकका कार्यकारी निर्देशक अदीन हदियान्तोले चन्द्रागिरि हिल्स लिमिटेडको अनौपचारिक भ्रमण गर्नुभएको छ । भ्रमणको क्रममा उहाँले नेपालको निजी क्षेत्रको लगानीमा निर्माण गरिएको चन्द्रागिरि हिल्स नमुनायोग्य परियोजना भएको बताउनुभयो । उहाँले यस्ता धेरै परियोजना निर्माण गरेर नेपालको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्दै राष्ट्रको आर्थिक विकास गर्न सकिने धारणा राख्नुभएको थियो ।

यस्तो उदाहरणीय कार्य गरेकोमा चन्द्रागिरि हिल्स लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकाल र उहाँको समूहको उच्चप्रशंसा गर्दै निर्देशक हदियान्तोले सबैलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो । भ्रमण टोलीमा विश्व बैंकका नेपालस्थित प्रतिनिधि रेहन रसिदे पनि उपस्थित हुनुभएको थियो । भ्रमणमा रहेको टोलीलाई अध्यक्ष ढकाल एवम् संचालक हेमराज ढकालले स्वागत गर्दै परियोजनाको स्थलगत अवलोकन गराउनुभएको थियो ।

ऐतिहासिक, धार्मिक तथा पर्यटकीय गन्तव्यको रूपमा रहेको चन्द्रागिरि डाँडामा यस कम्पनीले निर्माण गरेका पूर्वाधारहरू विशेष गरी भालेश्वर महादेव मन्दिर, सत्तल, भ्यू टावर, चिल्ड्रेन पार्क र सेमिनार हलको अवलोकन गर्नुको साथै भ्यूटावरमा रहेको दुर्विनबाट सगरमाथालगायत अन्य हिमशृङ्खलाहरूको समेत दृश्यावलोकन गर्न सकिन्छ ।





# आफ्ना सृजनामा विविधता दिने प्रयास गरेकी छु

— **सुमी लोहनी**, *साहित्यिक स्रष्टा*



***नेपाली साहित्यमा कहिलेदेखि लाग्नुभयो ?***

– अनौपचारिक रूपमा त म ९/१० वर्षको उमेरदेखि नै साहित्यमा लागेकी थिएँ तर त्यस बेलाका मेरा कुनै पनि रचना मसँग छैनन् । औपचारिक रूपमाचाहिँ कलेज जानथालेपछि नै मेरो साहित्यिक यात्रा सुरू भएको हो । त्यसपछि कविता वाचनमा सहभागी हुने, पत्रपत्रिकामा कविता छपाउने काम सुरू भयो ।

स्रष्टा सुमी लोहनीका कृतिका झलक



***कुन-कुन विधा तपाईँका प्रिय विधा हुन् ?***

– पाठकका रूपमा भन्नुपर्दा साहित्यका सबै विधा मलाई उत्तिकै प्रिय छन् र म पढ्छु । सर्जकका रूपमा आजसम्म उपन्यासबाहेक अरू सबै विधामा मैले कलम चलाएकी छु ।

***साहित्यमा लाग्नुको पछाडि कुनै कुरा वा कोही व्यक्ति प्रेरणाका स्रोत छन् कि ?***

– साहित्यमा लाग्नुको पछाडि प्रत्यक्ष रूपमा कुनै कुरा अथवा कोही व्यक्ति मेरो प्रेरणाको स्रोत छैन तर अवचेतन मनमा केही कुरा, घटना वा कुनै व्यक्तिले प्रभाव पारेको भए त्यसका बारेमा त म के भन्न सक्छु र !

***साहित्य, घर-व्यवहार र अध्यापनलाई एकसाथ अगाडि बढाउँदा के कस्ता समस्या र चुनौतीहरूको सामना गर्नुपर्छ ?***

– बिहान बेलुका र छुट्टीको वेला घर-व्यवहारमा नै व्यस्त भइन्छ । अध्यापन मेरो पेसा भएकाले दिनभरिको समय यसका लागि दिनुपर्ने हुन्छ । यही कारणले गर्दा साहित्यिक कार्यक्रमहरूमा मेरो सहभागिता एकदमै कम हुन्छ । पढ्न चाहेका कति किताबहरू पढ्ने समय निकाल्न सकिन्न । सृजना गर्न मन लागेको अथवा मनमा भाव आएको बेला लिखित रूपमा व्यक्त गर्न सकिदैन र त्यो भाव त्यतिकै मरेर जान्छ । साहित्यका लागि धेरै समय दिन सकिएको छैन । सधैँ व्यस्त र दौडधूप हुन्छ । यस्ता धेरै समस्या छन् तैपनि कुनै गुनासो छैन । समस्याका गाँठाहरू फुकाउँदै चुनौतीका कठिन पहाडहरू उक्लिदै जिन्दगीको यात्रा जारी छ । वास्तवमा जीवन भन्नु अनेक समस्याहरूको सामना गर्दै गरिने यात्रा नै त हो ।

***अहिलेको समयमा कस्ता कथा लेखिऊन् जस्तो लाग्छ ?***

– मानवीय सम्बन्धलाई प्रगाढ बनाउने, एक अर्काप्रति सहिष्णु हुनुपर्छ भन्ने भाव जागृत गराउने, आशावादी हुन सहयोग गर्ने, कुनै पनि कुरा अथवा विषयवस्तुलाई अतिरन्जित तरिकाले प्रस्तुत नगरिएका, जाति, धर्म, लिङ्ग, वर्ग आदिका बीचमा भएको विभेदको खाडललाई पुर्ने, खोक्रो आदर्श मात्रै नछाँटिएका, मनमुटु बोलेका कथा लेखिए राम्रो होला जस्तो लाग्छ ।

***अहिलेको निबन्धविधामा के नपुगेको जस्तो लाग्छ ?***

– नेपाली निबन्ध अथवा अरू कुनै पनि विधामा के कुरा पुग-अपुग छ भनेर भएका कमीकमजोरीलाई केलाएर औँल्याइ देखाउने काम विज्ञ समालोचकज्यूहरूलाई नै सुम्पनु उचितहोला ।

***तपाईँका निबन्धले समाजको कुन पक्षलाई उजागर गरेको छ ?***

– मूलतः म हास्यव्यङ्ग्यमा कलम चलाउने हुनाले मेरा विषयवस्तु समाजमा भएका विकृति-विसङ्गति नै हुन्छन् र ती विषयले समाजमा पारेको प्रभावलाई उजागर गर्छन् । हामीलाई पाइला-पाइलामा दिनहुँ यस्ता कुराहरूले घोचिरहेका हुन्छन् र हामी निरीह भएर त्यो पीडा भोग्न बाध्य छौँ । सबै मिली तिनै हामीलाई दुःख र पीडा दिएर घोचिरहने काँडाहरूलाई औँल्याई तिनीहरूलाई हाम्रो बाटोबाट सकेसम्म पन्छाऔँ, नसके त्यसको विकल्प खोज्न सहयोग पुगोस् भन्ने उद्देश्यले हो । यस्ता विषय हाम्रा चारैतिर छरिएर रहेका छन् ।

***तपाईँका कविता कस्ता पाठकले पढून् भन्ने तपाईँ अपेक्षा राख्नुहुन्छ ?***

– कवितामात्र हैन म मेरा सबै विधाका सृजना सबै प्रकारका पाठकले पढून् भन्ने अपेक्षा राख्छु । सकेसम्म मैले आफ्ना सृजनामा विविधता दिने प्रयास गरेकी छु । मेरा सृजनाहरू कुनै एकै विषयवस्तुमा केन्द्रित छैनन् । त्यसैले पनि तिनले सबै प्रकारका पाठक पाउलान् भन्ने कुराप्रति म आशावादी छु ।

***मान्छेको जीवन कस्तो भए हुन्थ्यो होला ?***

– मान्छेले जीवनमा राम्रो वा नराम्रो जस्तो कर्म गर्छ त्यसको फल तत्काल अथवा केही समयपछि नै पाउने भए हुन्थ्यो । यसो भैदिए मान्छेलाई सत्कर्म गर्ने प्रेरणा मिल्थ्यो र नराम्रा काम कुराहरू हुने थिएनन् ।

***अन्त्यमा नेपाली साहित्यका पाठकलाई के भन्नुहुन्छ ?***

– एउटा राम्रो पाठकले कुनै पनि रचना पढिसकेपछि त्यसका बारेमा आफ्नो प्रतिकृया व्यक्त गरिदिएमा लेखकलाई लेख्न हौसला मिल्छ । त्यसैले पाठकले कुनै पनि पूर्वाग्रह नराखीकन सृजनाप्रतिको आफ्नो धारणा व्यक्त गरिदिएहुन्थ्यो भन्छु । अन्तर्वार्ताका लागि 'अग्निचक्र' मासिकलाई धन्यवाद दिँदै सम्पूर्ण नेपालीहरूलाई नव वर्ष २०७४ सालको हार्दिक मङ्गलमय शुभकामना ।।००



विचार - सुदर्शन प्रधान, अध्यक्ष, नेपाल पर्यावरण संरक्षण तथा सम्बर्द्धन संघ (EPPAN)

# भीर पहरामा बस – ट्रक हाँक्ने ड्राइभरहरूले देश पनि हाँक्न सक्छन्

नेपालमा कच्ची र पक्की सडकहरू झन्डै डेढ लाख कि.मि. छन । अनि बस र ट्रक ड्राइभरहरू पनि झन्डै डेढ लाख संख्यामा छन् । यी ड्राइभरहरू भनेका राष्ट्रका मुटु र फोक्सो झैँ हुन् । जुन श्रमिकहरूले यात्रीहरूलाई समयमा गन्तव्यमा पुऱ्याउन, खाद्यान्न सामग्रीहरू, निर्माणका माल सामानहरू र अन्य थुप्रै सामग्रीहरू सम्बन्धित स्थानमा पुऱ्याउने गर्छन् । यस्ता राष्ट्रिय खम्बा र आधारहरू आज राज्यको नजरमा हेलत्व र वहिष्कृत छन् । किनकि उनीहरूले २५-३० वर्षसम्म ट्रक र बस चलाएर लाखौँ जनताको सेवा गरे पनि पेन्सन छैन, कुनै निवृत्तिभत्ता छैन । नेपाल सरकारका कर्मचारी, प्रहरी, सेना, शिक्षकहरू सबैको २० वर्षपछि पेन्सन हुन्छ, राम्रो नाम र दामसहित । तर जीवनभर खोला, नदी, भीर पहराको सडक छिचोल्दै जिन्दगीभरि जोखिम, कठिन र गम्भीर जीवन जिउने यी राष्ट्र सेवकहरूको कुनै कदर छैन, मूल्य मान्यता छैन, सुविधा र सेवा छैन । अब यो स्थितिको अन्त हुन पर्छ ।

**हाम्रा मागहरू निम्न छन्ः**

१. प्लेन चलाउने पाइलटहरूको २० हजार घण्टा चलाएपछि पेन्सन हुन्छ भने १० लाख कि.मि. बस, ट्रक चलाउने चालकहरूको पनि पेन्सन हुनुपर्छ ।

२. सीप, कौसल, प्रतिभाका आधारमा ड्राइभरहरूको छनोट हुनुपर्छ । घुसपैठको आधारमा घर घरमा लाइसेन्स बाड्ने परम्पराको अन्त हुनुपर्छ ।

३. पिच सडकको दुई फिटभित्र गाईवस्तु, कुखुरा र कुनै पनि जीवित प्राणी वाहनले कुल्चेर ठक्कर लागेर मृत्यु हुन्छ भने गाडी चालकहरू दोषी हुने छैनन् । मोटर बाइक, साना गाडी वाहनहरूका गल्तीले बस-ट्रकहरूमा ठक्कर लाग्दा र दुर्घटना हुँदा ठूला वाहनहरूलाई दोषी देखेर सजाय दिने कुराको अन्त हुनुपर्छ । निष्पक्ष, अध्ययन-अनुसन्धान गरेर मात्र निष्कर्ष निकाल्नु पर्छ ।

नेपालको इतिहासमा राणाकालमा छिटफुट गाडी-वाहन आउन थालेको हो । बीसको दसकमा त्रिभुवन राजपथ, कोदारी राजमार्ग, सिद्धार्थ राजमार्ग, तीसको दशकमा पूर्व-पश्चिम राजमार्ग, पृथ्वी राजमार्ग चालिसको दशकमा नारायणगढ-गोर्खा राजमार्ग निर्माण भएपछि यहाँ गाडी वाहनहरू ह्वात्तै बढ्यो र गाडीचालक (ड्राइभर)हरू पनि । यी ड्राइभरहरूको राष्ट्र र जनताप्रतिको सेवा उच्च छ । गएको ६० वर्षमा सडक दुर्घटनामा परी हजारौँ ड्राइभर र सहायकहरूका जीवन गएका छन् तर उनीहरूले राज्यबाट केही पाएनन् । जीवनमा कुनै युद्ध र लडाईं नलड्ने मान्छेहरूले जागीर खाएको २० वर्षमा पेन्सन पाउँछन् भने गाडी चालकहरूले त बस र ट्रक स्टार्ट भएपछि नै भीर पहरा उकाली र ओरालो त्यसमाथि पेचिला घुम्ती र मोडहरू पार गर्दै यात्रुहरूलाई सुरक्षित गन्तव्यमा पुऱ्याउने र माल सामानहरू ठीक ठेगानामा अनलोड गर्ने यी ड्राइभरहरूका जीन्दगी नै जोखिम, कठिन र गम्भीर भनौं सिङ्गो जीवन र दैनिक नै युद्धमोर्चाजस्तो हुन्छ । यस्ता राष्ट्र सेवकहरूलाई राज्यले भरपुर सेवा, सुविधाहरू दिनै पर्छ ।

**गाडी चालक साथीहरू !**

कुनै पनि हक अधिकार प्राप्त गर्न एकता र सङ्घर्षको खाँचो पर्छ । देशभरिका गाडी चालकहरू पङ्क्तिबद्ध रूपले एकजुट भएपछि र सचेत, सङ्गठित र सङ्घर्षशील बनेपछि हाम्रा मागहरू पूरा गर्न राज्य बाध्य हुनेछन् ।

यहाँ सवाल उठ्न सक्छ गाडी चालकहरूको पार्टी कुन हो ? र यो विषय उठाउने कुन पार्टी हो ? प्रायः मान्छेहरू राम्रा र महत्वपूर्ण कुराहरू आफ्नै पार्टीले उठाओस् र त्यसको नेतृत्व पनि उही पार्टिले गरोस् भन्ने चाहन्छन् । गएको ६ दसकमा नेपालमा चारवटा राज्य व्यवस्थाहरू परिर्वतन भए र थुप्रै पार्टीहरूले सरकारको नेतृत्व गरे तर उनीहरूले देश र जनताको हितकारी कुराहरू भन्दा आफ्नै लागि गरे, वरपरका नातेदार र कार्यकर्ताहरूका लागि गरे । गाडी चालकहरूका लागि त सबैको योगदान शून्य बराबर रहे । तसर्थ यो अभियान र आन्दोलनको नेतृत्व ड्राइभरको महत्व र महानतालाई आत्मासात गर्नेहरूले गर्ने छन् । साँच्चै ड्राइभरहरू स्वयं



***भेनेजुयलाका राष्ट्रपति निकोलस मडुरो जो कुनै समय बस ड्राइभर थिए । उनी सत्तामा आएपछि मजदुर, किसानको हितमा काम गरे । विगतमा ठूलो विभेद, अन्याय, अत्याचार र भ्रष्टाचारले ग्रस्त उक्त देश आज आमूल परिवर्तनको बाटोमा छ ।***

यसको नेता रहने छन्, अरू हैनन् । यसको लागि आवश्यक सम्पूर्ण वैचारिक, व्यावहारिक र सैद्धान्तिक कुराहरू सिक्न, बुझ्न र कार्यान्वयन गर्न उनीहरू अध्ययनशील, अनुशासित, लक्ष्यप्रति दृढ र जनता र राष्ट्रप्रति इमान्दार र वफादार रहने छन् ।

**गाडी चालक साथीहरू** !

कुनै पनि लक्ष्यमा पुग्नको लागि व्यापक जनताको सहयोग समर्थन जति आवश्यक पर्छ उत्तिकै समाज र संसारको जल्दोबल्दो सवालहरूलाई मध्यनजर राखेर कार्यक्रमहरू तय गरिनु पर्छ । यस सर्न्दभमा भन्नुपर्दा माथिका ३ मागहरू पुरा गर्न निम्न कुराहरू ज्यादै महत्वपूर्ण हुने छन् ।

१) पर्यावरणको संरक्षण र सम्वर्द्धनमा उच्च ध्यान दिनुपर्छ । जस्तै फोहर प्रदूषित वस्तुहरू जङ्गल, खोला, नदी, सडक वरपर फ्याँक्नु हुँदैन, बोक्न र लैजान हुँदैन, बरू पुनःप्रयोग गर्ने स्थानमा मात्र लानु पर्छ । साँच्चै नै देशभरिका सडक र राजमार्गका दायाँ–बायाँ व्यापक वृक्षारोपण गर्न पहल गर्नुपर्छ । यसमा सडक विभाग, वन कार्यालय, स्थानीय नगरपालिका तथा गाउँपालिका र वातावरण संघ संस्थाहरूको सहयोग लिनुपर्छ ।


२) हरेक यात्रुहरूसँग राम्रो बोलीव्यवहार गर्न र भाडा लिस्ट साथमा राख भनेर कन्डक्टरलाई यात्राको सुरू र यात्रा समाप्तपछि दुईपटक भन्न पर्छ । वास्तविक समस्यामा परेका यात्रुहरूलाई सही पहिचान गरेर भाडा मिनाह मात्र हैन खाना र खाजाको पनि व्यवस्था गरिदिनु पर्छ ।

३) गतिमा भएको गाडी वाहनमा मोबाइल उठाउँदै गाडीको स्टेरिङ् पनि चलाउँदै गर्नु हुँदैन । कहीँ गाडी धेरै समय रोकेर समय बर्बाद गर्ने त कतै अत्याधिक गतिमा गाडी हाँक्ने, यात्रुहरू आफ्नो गाडीमा धेरै पार्न अर्को बस तथा वाहनसँग स्पिडमा प्रतिस्पर्धा गर्ने, नशालु पदार्थहरू सेवन गरी गाडी चलाउने, लामो र कठिन वाहन चलाएपछि पर्याप्त आराम नगरी पुनः गाडी चलाउने, यात्रुवाहक बसहरूलाई ट्रकहरूले नजिक आउँदा पनि साइड नदिने । यी सबै घातक कुराहरू हुन् । जुन प्रवृत्तिले यात्रुहरूको ज्यान जीवनमात्र होइन आफ्नै जीवन पनि खतरामा पर्छ ।

दक्षिण अमेरिकामा भेनेजुयला नाउँ गरेको एउटा राष्ट्र छ । त्यहाँका राष्ट्रपति निकोलस मडुरो हो । उनी पहिला बस ड्राइभर थिए, पिताचाहिँ गाडी कारखानाको मिस्त्री । निकोलस सानैदेखि अध्ययनशील, परिश्रमी, अनुशासित र इमान्दार थिए । यही विशेषताले उनी त्यहाँको श्रमिक पार्टी र जनताको प्रिय बने र राष्ट्रपति चुनिए । जब उनको हातमा राष्ट्र चलाउने चाबी पर्‍यो, तब उनले सर्वप्रथम देशभरिका मजदुर, किसान, श्रमिकहरूको हकहित र अधिकारको लागी थुप्रै कार्यहरू गरे । त्यसमध्ये उल्लेखनीय कुरा सबै श्रमिकहरूको लागि उनले खाना, शिक्षा, स्वास्थ्य, यातायात सर्वसुलभ तुल्याए, जबकि धनीहरूको लागि त्यही कुरा दसौँ, बीसौँ गुणा मूल्य निर्धारण गरे । अघि ठूलो विभेद, अन्याय, अत्याचार, भ्रष्टाचारले ग्रस्त यो देश आज एक असल ड्राइभरले चलाउन थालेपछि आमूल परिवर्तनको मार्गमा छ र अनुकरणीय छ ।

**गाडी चालक साथीहरू !**

नेपालको पूर्वमेचीदेखि पश्चिम महाकाली सम्म, हिमाल, पहाड, तराईको सबै सहरबजार र गाउँबस्तीसम्मको बस, ट्रक, माइक्रोबस, ट्याक्सी, डोजर, बुल्डोजर, ट्क्याक्टर आदि सवारी चालकहरू हामी सबै सङ्गठित भई पंक्तिबद्ध कदम चालौँ । हाम्रो एकता र सक्रियतामा नै हाम्रो उज्वल भविष्य अन्तरनिहित छ । आउनुहोस्, हामी सबै एउटै भन्डा मुनि गोलबन्द बनौं । ००









पुस्तक चर्चा – **रोहित भण्डारी**

# किन लेखेँ यो पुस्तक ?

***"कामको सम्मान गर्ने संस्कृतिको विकास नभएर हो हामी गरिब भएको ।"***



मैले केही यस्ता मान्छेहरू देखेँ, जो डिभी/पिआर छाडेर नेपाल फर्किएका छन् । मैले केही यस्ता मान्छे पनि देखेँ, जो डिभी/पिआरका लागि मरिहत्ते गरिरहेका छन् । मान्छे अनेक देखेँ । कोही यस्ता मान्छे देखेँ, जो नेपालमा केही हुँदैन, केही गर्न सकिँदैन भनेर एकोहोरो गुनासो गरिरहेका छन् । कोही यस्ता मान्छे पनि देखेँ, जो नेपालमा कामैकाम र दामैदाम देखेर चुपचाप काम गरिरहेका छन् । समस्यै समस्या देख्नेहरू पनि छन् र अवसरै अवसर देख्नेहरू पनि छन् । जब डिभी/पिआर छाडेर नेपाल फर्किएकाहरूलाई देखेँ, लाग्यो, नेपालमा सम्भावना नै थिएन, नेपालमा अवसरै थिएन भने किन फर्कन्थे तिनीहरू ? नेपालमा सकिँदैन, नेपालमा हुँदैन भन्ने लाग्थ्यो भने किन डिभी छाड्थे ? किन पिआर छाड्थे ? नेपालमा हुन्छ, सकिन्छ, सम्भव छ र त ती फर्किएका छन् ।

हामीमध्ये धेरै मान्छे नेपालमा न वर्तमान राम्रो देख्छौं, न भविष्य नै । त्यसैले जो पनि विदेश जान खोज्छौं । डिभी भरेर होस् वा अरू कुनै उपाय लगाएर । विदेशको ग्रिन कार्ड र पिआर लिन पाए हामी आफूलाई ठूलै भाग्यमानी सम्झन्छौं । पैसा र भविष्य हामी नेपालमा खासै देख्दैनौं । त्यसैले भविष्य बनाउन भनेर हामी कोही खाडी मुलुक हानिन्छौं, कोही युरोपियन त कोही अन्य देश ।

पैसा नेपालमा नदेखेर हो हामीले विदेश सोचेको । विदेश गएर दुईचार वर्षमा दुईचार लाख कमाएर ल्याएका मान्छेहरू देखेर हो हामीले विदेश भनेको । पैसा नेपालमा कम र विदेशमा धेरै हुन्छ भन्ने मानसिकताले हो हामीले कोरिया, अमेरिका, जापान, दुबई, मलेसिया, अस्ट्रेलियालगायत मुलुकका लागि मरिहत्ते गरेको । हामी सबैलाई थाहा छ, ती देश जहाँ पैसाको जङ्गल छैन । पैसाका रूख ती देशमा पनि छैनन् । त्यहाँ पनि रूखमा पैसा फल्दैनन् । जङ्गलमा पत्कर सोहोरेझैं ती देशमा पनि पैसा सोहोरेर बोरामा हाल्ने होइन । जहाँ गए पनि जहाँ रहे पनि पैसा मेहनतकै बोटमा फलाउने हो । पसिनासँग पैसा साट्ने हो ।

नेपालमा प्रशस्तै मान्छे छन्, जसले यहीँ बसेर पैसा कमाएका छन् । अनि त्यस्ता मान्छेहरू पनि प्रशस्तै छन्, जसले विदेशमा भन्दा नेपालमा सम्भावना देखेका छन् र पैसा कमाउन अनि देश बनाउनका लागि विदेश छोडेर नेपाल आएका छन् । विदेशको कमाइभन्दा कैयौं गुणा आकर्षक कमाइ गर्नेहरू नेपालमा प्रशस्त भेटिएका छन् । इमानदारी, लगनशील, मेहनत र परिश्रम गर्ने हजारौं हजार छन्, जसले यहाँ आफूमात्रै कमाएका छैनन्, अरूलाई पनि कमाउने बाटो देखाएका छन् ।

कामलाई सम्मान गर्नेहरू जसले नेपालमा पैसैपैसा देखेका छन् । उनीहरूलाई लाग्छ, यहाँ पैसा लटरम्मै फलेका मात्र छैनन् टिप्ने मान्छे नभएर पाकेको आँप फुतुफुतु झरेर कुहिएजस्तै पैसा पनि यत्रतत्र झरेका छन् र त्यत्तिकै कुहिएका छन् । पैसा नचिनेर हो हामी भौंतारिएको । कामको सम्मान गर्ने संस्कृतिको विकास नभएर हो हामी गरिब भएको ।

टिप्न सक्नेका लागि नेपालमा जतातत्तै पैसा छ । कामलाई सानोतिनो भनेर नहेप्ने हो भने पैसा अथाह छ । यहाँ कामले मान्छे खोजेको छ । काम मान्छेको पर्खाइमा छ तर, मान्छेचाहिँ काम पाइएन भनेर भौंतारिरहेको छ । एक जमात यस्तो छ जो कहिल्यै काम नै पाइएन भन्छ र एक जमात यस्तो छ जो काम गर्ने मान्छे नै पाइएन भन्छ ।

मान्छे नपाएर थुप्रै उद्योग र कलकारखाना बन्द भएका समाचारहरू सार्वजनिक भइरहेका छन् । तपाईं टेलरिङ क्षेत्रका उद्योगीहरूलाई सोध्नुहोस् उनीहरू भन्छन्, काम गर्ने मान्छे नै पाइँदैन । जुत्ता कारखानामा गएर जुत्ता उद्योगीहरूलाई सोध्नुहोस् त्यहाँ पनि त्यस्तै सुनिन्छ । निर्माण क्षेत्रमा काम गर्ने मान्छेको कत्रो सङ्कट छ । इलेक्ट्रिसियन, प्लम्बर, कार्पेन्टर हरेकको अभाव छ । रङरोगन गर्ने, ग्रिलको काम गर्ने, फर्निचर बनाउने, कृषि तरकारी बारीमा काम गर्ने, कपाल काट्ने र अरू यस्तै जो कोहीको अभाव छ । तैपनि हामी भन्छौं– नेपालमा काम नै छैन । पैसा नै छैन ।

विदेश गएर कमाएकाहरूसँग मैले यहाँका केही मान्छेहरूलाई तुलना गरेँ । यहाँ मेहनत गरिरहेकाहरू र त्यहाँ मेहनत गरिरहेकाहरूबीचको फरक हेरेँ । यहाँ काम गरिरहेकाहरू र त्यहाँ काम गरिरहेकाहरूसँग सोधेँ । विदेशमा काम गरिरहेकाहरूमध्ये अधिकांशबाट एउटै जवाफ पाएँ, 'यहाँ हामी जुन प्रकारको काम गरिरहेका छौं, जुन खटाइ खटिरहेका छौं, त्यत्ति नै खटाइ र मेहनत नेपालमा गर्ने हो भने नेपालमै प्रशस्त कमाउन सकिन्छ ।' उनीहरूमध्ये धेरैको भनाइ एउटै थियो, 'हामी नेपालमा कामको सम्मान गर्दारहेनछौं । काम गर्न लाज मान्दा रहेछौं ।'

त्यसपछि मैले नेपालमै सानातिना भनिएका काम गरिरहेकाहरूलाई भेटेँ । जसले गरिरहेको आम्दानी, आफ्ना परिवारसँग बस्न पाउँदाको खुसी, स्वतन्त्रता यी सबै कुराले छोयो मलाई । र, सोचेँ– 'एउटा यस्तो पुस्तक लेख्छु, जहाँ कामको सम्मान गरेका व्यक्तिहरूको वर्णन गर्न सकूँ । औपचारिक पढाइको सर्टिफिकेटलाई एकातिर थन्क्याएर तल्लो स्तरको भनिएका काममा रमाएका व्यक्तिहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकूँ, जसले थोरै भए पनि प्रेरणा देओस् । र, लागोस् विदेशमा गएर गर्ने काम म अब नेपालमा नै गर्छु ।' ००

# रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. (RMDC)

## थोक ऋण लिन चाहने लघुवित्त संस्थाहरुलाई सूचना

देशका विभिन्न क्षेत्रमा विपन्न वर्गलाई आय आर्जनका लागि लघु ऋण उपलब्ध गराउन रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. **(RMDC)** ले लघुवित्त संस्थाहरुलाई थोक ऋण उपलब्ध गराउँदै आएको छ। निम्न योग्यता पुगेका इच्छुक लघुवित्त संस्थाहरुले यस सेण्टरबाट थोक ऋण प्राप्त गर्न सक्ने छन्।

**ऋण प्राप्त गर्न सक्ने संस्थाहरु**

- लघुवित्त विकास बैंकहरु
- विपन्न वर्गमा समेत कारोबार गरेका वचत तथा ऋण सहकारी संस्थाहरु
- साना किसान सहकारी संस्थाहरु र
- वित्तीय मध्यस्थकर्ताको अनुमति प्राप्त गैरसरकारी संस्थाहरु

**संस्थासंग हुनुपर्ने पूर्व योग्यताहरु**

१) विधिपूर्वक दर्ता भई लघुवित्त वा बचत ऋण कार्यक्रम संचालन गर्ने दर्ता प्रमाणपत्र प्राप्त गरेको
२) सफलतापूर्वक कम्तिमा १ वर्ष सम्म लघु ऋण सेवा तथा वचत परिचालन कार्य गरेको अनुभव भएको
३) पहिलो वर्ष वचत रकम कूल लगानीमा रहिरहेको रकमको कम्तिमा २५% रहेको
४) संचित असूली दर कम्तिमा ९० प्रतिशत रहेको
५) कुशल तथा सक्षम व्यवस्थापन भएको
६) लघुवित्त वा ऋण सम्वन्धी कारोवारको उपयुक्त सूचना प्रणाली भएको
७) व्यवसायिक योजना वा वार्षिक बजेट तर्जुमा गर्ने गरेको
८) ऋण लगानी असूली सम्वन्धी लिखित कार्यविधि वा म्यानुअल भएको
९) आधुनिक लेखा प्रणाली अवलम्बन गरेको
१०) ऋण कार्यक्रम अनुगमन र मूल्यांकन सम्वन्धी निश्चित आधार तथा परिपाटीको व्यवस्था भएको
११) कम्तिमा ५० जना सक्रिय ऋणी भएको
१२) सेण्टरले प्रदान गरेको ऋण रकमबाट लगानी भएको ऋणी मध्ये कम्तिमा २५ प्रतिशत ऋणी महिला हुनुपर्नेछ
१३) कम्तिमा रु. १५ लाख वित्तीय साधन सुलभ भएको
१४) ३ वर्षको वित्तीय अवस्था हेर्दा वित्तीय आत्मनिर्भरता तर्फ उन्मुख भएको
१५) कम्तिमा रु. ५ लाख खुद पूजी (Networth) भएको
१६) समयमा लेखापरीक्षण भएको
१७) प्रतिवद्ध र क्रियाशील संचालक समिति र व्यवस्थापन टोली भएको।

आवेदन फारम तथा त्यसका साथ संलग्न गर्नुपर्ने विवरणहरु यस सेन्टरमा सोझै सम्पर्क गरी वा सेन्टरको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ।

**रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. (RMDC)**
पो.ब.नं. : २०७८९, पुतलीसडक, काठमाडौं,
फोन नं.:०१-४२६८०१९, ४२६८०२०, फ्याक्स नं. ०१-४२४७७०२
Email:rmdc@wlink.com.np, Web: www.rmdcnepal.com

# भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!



यस ब्रिटिस गोर्खा एकेडेमी बाँसबारीमा शैक्षिक सत्र २०७३ का लागि कक्षा नर्सरीदेखि कक्षा ८ सम्म भर्ना खुल्यो। सिट सीमित छ। छात्रावास र बसको सुविधा छ।

**CCTV & BGA Montessori**

प्रिन्सिपल

## ब्रिटिस गोर्खा एकेडेमी

बाँसबारी, काठमाडौं।

फोन : ४३७१८१४, ४०१८७८७, ४०१८५८९





 **वसन्तकुमार शर्म्मा नेपाल**

# ऊर्ध्वपुण्ड्रोपनिषत् – २०

*अथ श्रीवराहरूपिणं भगवन्तं प्रणम्य सनत्कुमारः पप्रच्छ । अधीहि भगवन् ऊर्ध्वपुण्ड्रविधिम् । किं द्रव्यं किं स्थानं का रेखा को मन्त्रः कः कर्ता किं फलमिति च । श्रीवराह उवाच । क्षीराब्धितः श्वेतद्वीपे क्षीरखण्डान् वैनतेय आनीय सटाभिः द्विदलनश्वेतमृत्तिकाखण्डमुक्तिसाधिका भवन्ति । विष्णुपत्नीं महीं देवीमिति श्वेतृमृत्तिकं नमस्कृत्य, ओमिति हस्तेनोद्धृत्य ।*

*अश्वक्रान्ते रथक्रान्ते विष्णुक्रान्ते वसुन्धरे ।*
*शिरसा धारिता देवि रक्षस्व मां पदे पदे ।*

*इत्येताभिः प्रार्थयेत् । इमं मे गङ्गेति जलमादाय, गन्धद्वारेति निक्षिप्य, विष्णोर्नुकमिति मर्दयेत् । तन्मध्ये नृसिंहबीजं विलिख्य, 'अतो देवा अवन्तु नः' इति विष्णुगायत्र्या त्रिवारमभिमन्त्र्य 'नारायणाय विद्महे वासुदेवाय धीमहि । तन्नो विष्णुः प्रचोदयात् ।' इत्येकवारम् ।*

*श्वेतमृद्देवि पापघ्ने विष्णुदेहसमुद्भवे ।*
*चक्राङ्किते नमस्तेऽस्तु धारणान्मुक्तिदा भव ।*
*श्रीचूर्णे श्रीकरं दिव्यं श्रियश्चाङ्गे समुद्भवम् ।*
*पुण्ड्रं च यस्य मध्ये तु धार्ये मोक्षार्थिभिः स्मृतम् ।*
*तिस्रो रेखाः प्रकुर्वीत व्रतमेतत्तु वैष्णवम् ।*

*यस्त्वेवं विजानीयात् स नारायणसायुज्यमवाप्नोति । न च पुनः कुत्र कुत्र धार्यम् । मत्पादाकृतयश्च ऊर्ध्वपुण्ड्रा नासादयः स्मृताः रेखाद्वादशकस्थाने । प्रथमं तु ललाटके द्वितीयं तु नाभौ तृतीयं वक्षसि चतुर्थे कण्ठे पञ्चमं नाभिदक्षिणे षष्ठं दक्षिणबाहौ सप्तमं तदूर्ध्वस्कन्धे अष्टमं नाभ्युत्तरे नवमं वामबाहौ दशमं तदूर्ध्वस्कन्धे एकादशं पृष्ठोर्ध्वतः द्वादशं कण्ठपृष्ठे मोक्षं देहि शिरसि । नारायणे मय्यचला भक्तिस्तु वर्धते । संज्ञेन फलं लब्ध्वा तद्विप्णोः परम पदमवाप्नोति । केशवादिद्वादशनामभिः ब्रह्मचारी गृहस्थो यतिश्च सर्वेभ्यो दुःखेभ्यो मुक्तो भवति । सर्वेषु तीर्थेषु स्नातो भवति । सर्वैर्देवैः ज्ञातो भवति । अश्रोत्रियः श्रोत्रियो भवति । अनुपनीतोऽप्युपनीतो भवति । आचक्षुषः पङ्क्तिं पुनाति । न च पुनरावर्तते न च पुनरावर्तते । इत्याह भगवान् वराहरूपी । य एवं वेदेत्युपनिषत् ।*

अनि एक दिन वराहरूपी भगवन्‌लाई प्रणाम गरेर सनत्कुमारले सोधे – 'भगवन्, ऊर्ध्वपुण्ड्र (सुर्केचन्दन) लगाउने विधि बताइदिनोस् ! के चीज हो ? कुन ठाउँ हो ? रेखा के कुन कस्तो हो ? मंन्त्र के हो ? कर्ता को कस्तो र फल पनि के हो ?' अनि भगवान् श्रीवराहले भन्नुभो – क्षीरसागरबाट श्वेतद्वीपमा वैनतेय गरुडले क्षीरका ढिक्काहरू ल्याई पखेटाले दुई दुई फ्याक पारिएको सेतो माटाका खण्ड मुक्तिसाधक बन्छन् । 'विष्णुपत्नीम् महीम् देवीम्' यस वचनले सेतो माटोलाई नमस्कार गरेर, 'ओम् !' कारले हातले झिकी 'अश्वक्रान्ते रथक्रान्ते विष्णुक्रान्ते वसुन्धरे । शिरसा धारिता देवि रक्षस्व मां पदे पदे !' यति वचनले प्रार्थना गरोस् ! अनि 'इमं मे गङ्गा' भन्ने वचनले पानी लिई 'गन्धद्वारान्' भन्ने वचनले मिसाई 'विष्णोर्नुकम्' भन्ने वचनले रगेटोस् । र त्यसको माझमा नृसिंहबीज लेखेर 'अतो देवा अवन्तु न :' भन्दै विष्णुगायत्री मन्त्रले तीन पल्ट मन्त्रेर 'नारायणाय विद्महे वासुदेवाय धीमहि तन्नो विष्णुः प्रचोदयात् !' भनेर एकपटक मन्त्रोस् ! अनि 'श्वेतमृद्देवि पापघ्ने विष्णुदेहसमुद्भवे ! चक्राङ्किते नमस्तेस्तु धारणान्मुक्तिदा भव !' भन्दै मोक्षार्थीहरूले श्रीचूर्ण दिव्य श्रीकर र श्रीकै अङ्गमा उब्जेको पुण्ड्र (सुर्केचन्दन) लगाउँनै पर्छ सधैं । त्यसको तीन रेखा तुल्याउने व्रत चाहिं वैष्णवव्रत हो । जो यसलाई यस प्रकार बुझ्ला ऊ नारायणको सायुज्य पाउँछ लौ !'

जो यसरी बुझ्ला र कहाँ लगाउनु पर्छ भन्ला, त्यसलाई यति भनिदिनु पर्ला : आफ्ना बुद्धिअनुसार सुर्केचन्दन नाकदेखि मास्तिर लगाउनु पर्छ, त्यो पनि बाह्र ठाउँमा रेखा तुल्याएर । पहिलो निधारमा, दोस्रो नाभिमा, तेस्रो छातीमा, चौथो घाँटीमा, पाँचौं नाभिभन्दा दायाँ भागमा, छैटौं दायाँ बाहुमा, सातौं कुमको थुम्कीमा, आठौं नाभिको बायाँभागमा, नवौं बायाँ बाहुमा, दशौं ठाडो काँधमा, एघारौं पिठ्यूँबाट ठाडो, बाह्रौं गर्धनमा लगाइसकेपछि शिरमा चाहिं 'मोक्षं देहि' भन्ने वचन पारेर लगाउनु पर्छ । 'नारायणउपर मेरो अचला भक्ति बढिरहोस् !' भन्ने मनमा राख्नुपर्छ । अनि होशसाथै फल पाएर तिनै विष्णुको परम पद पाउँछ ।

केशव आदि ब्राह्र नाम गाउनाले ब्रह्मचारी, गृहस्थ र यति सबै सम्पूर्ण दुःखबाट पार हुन्छन् । सब तीर्थमा नुहाएसरह हुन्छ, सबै देवताबाट परिचित हुन्छ, अश्रोत्रिय पनि श्रोत्रिय हुन्छ । अनुपनीत भए उपनीत हुन्छ । अदृष्ट पुर्खालाई चोख्याउँछ । त्यो फेरि संसारमा चक्कराउन आइपुग्दैन, चौरासीमा रनफनिंदैन !' यति भन्नुभो वराहरूप भगवान्‌ले । अस्तु । ००

शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३
उपनिषत्सङ्ग्रह
www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती

# प्रसव व्यथा : प्राकृतिक नियम



**डा. पदमराज पन्त**

प्रसव व्यथा प्राकृतिक नियम हो । गर्भधारण भएपछि अवश्य पनि प्रसव व्यथा लाग्दछ । प्रसव व्यथा पाठेघर खुम्चिँदै छोड्दै गरेर अनुभव हुने दुखाई हो ।

**व्यथा लागेको कसरी थाहा पाउने ?**

व्यथा शुरू भएपछि पाठेघर खुम्चिदै छोड्दै गर्दछ । त्यसैले गर्भवतीले पेट दुख्दै छोड्दै गरेको अनुभव गर्दछिन् । दश मिनेटमा पेट कम्तीमा दुई पल्ट यसरी दुख्दै छोड्दै हुन थालेमा व्यथा लागेको थाहा हुन्छ । अधिकांश गर्भवतीहरूको दुखाई कमर दुख्नबाट शुरू हुन्छ । कम्मर दुख्न थालेपछि पेट दुख्न थाल्छ । सबैको यस्तै हुन्छ भन्ने छैन । कसैकसैको कमर नदुखिकन सिधै पेट दुख्न थाल्छ । पेटको दुखाई विस्तारै बढ्दै जान्छ । कसैकसैको दुख्न थालेपछि योनीबाट बाक्लो सिंगानजस्तो पदार्थमा रगत मिसिएर आउँछ । यसलाई 'सो' (Show) भनिन्छ ।

कसैकसैको योनीबाट पिसाब जस्तो पानी जान्छ । योनीबाट हात राखी चिकित्सक वा दक्ष स्वास्थ्यकर्मीले परीक्षण गर्दा यतिबेला पाठेघरको मुख खुल्न थालेको थाहा हुन्छ । पेटको दुखाइसँगै पाठेघरको मुख पनि खुल्न थाल्दछ । पाठेघरको मुख खुल्न थालेपछि व्यथा लागेको निश्चय हुन्छ ।

**प्रसव व्यथा शुरू भएपछि के गरिन्छ ?**

माथि उल्लेखित लक्षणहरू पेट दुख्नु, रगत मिसिएको सिंगानको जालो जस्तो पदार्थ योनीबाट जानु वा पिसाब जस्तो पानी योनीबाट बग्न थाले व्यथा शुरू भएको शंका गर्नुपर्छ र नजिकको स्वास्थ्य संस्थामा जानुपर्दछ । चिकित्सक वा दक्ष स्वास्थ्यकर्मीले परीक्षण गरी व्यथा लागेको निश्चय गर्दछन् । यस पछिको व्यवस्थापन आमा र बच्चाको अवस्था, बच्चा पाउने प्राकृतिक बाटोको अवस्था, पाठेघरको खुलाईमा भर पर्दछ ।

धेरै जस्ता स्वास्थ्य संस्थाहरूमा व्यथा शुरू भएपछि साबुन पानी एनिमा मलद्वार भित्र राखी सफा गर्ने चलन हुन्छ । सम्भव भए व्यथा लागेको थाहा भएपछि नुहाएर बस्नु अझ राम्रो हुन्छ । व्यथा शुरू भएपछि झोल खानेकुरा खान दिइन्छ । यदि प्राकृतिक बाटोबाट बच्चा पाउन सक्ने निश्चित भए त खानेकुराहरू दाल भात नै खाए पनि फरक पर्दैन । यदि बच्चालाई अप्ठ्यारो भई वा व्यथामा प्रगति नभई कुनै कारणले अप्रेसन गरी बच्चा निकाल्नुपर्ने अवस्था आएमा बेहोस गर्नुपर्ने हुन सक्दछ । खाना खाएको अवस्थामा बेहोस गर्न अप्ठ्यारो हुने भएकाले झोल खानेकुराहरू मात्र खान दिन वेश हुन्छ । झोल खानेकुराहरू बेलाबेलामा खाइराख्नुपर्छ । यदि व्यथा लागेपछि अप्रेसन गर्नुपर्ने सम्भावनाहरू देखिएमा केही नखाने सल्लाह दिइन्छ । अन्यथा मिश्री काँडा, सूप, जुस, चिया, पानी प्रशस्त खाइराख्नुपर्दछ । अलिअलि हिंडडुल गरिराख्नुपर्छ ।

व्यथा लागेपछि समय-समयमा प्रसव क्रियामा प्रगति भएको नभएको हेर्न परीक्षण गरिन्छ । आन्तरिक परीक्षण गर्दा गर्भवतीले जिउ खुला छोडी, घुंडा फटाई दिंदा गर्भवती र परीक्षण गर्ने दुबैलाई सजिलो हुन्छ । व्यथा लागेको बेला आवाज निकालेर कराउनुहुँदैन । कराउँदा झन शक्ति नष्ट हुन्छ र बच्चा जन्माउने बेलामा बल पुग्दैन । पाठेघरको मुख पुरै खुलेर बच्चाको टाउको बाहिर देखिन थालेपछि गर्भवतीलाई डेलिभरी टेबुलमा सारिन्छ । अनि गर्भवतीले दुखेको बेलामा सास रोकेर बल गर्नुपर्दछ नदुखेको बेलामा लामो सास लिई राख्नुपर्दछ ।

आजभोलि धेरै प्रसूती विशेषज्ञहरू गर्भवतीलाई प्राकृतिक आसनमा राखी बच्चा जन्माउँदा गर्भवती तथा बच्चालाई राम्रो हुन्छ भन्ने सोचाइमा पुगेका छन् । व्यथा लागेको बेला कराउँदा पहिले नै बल सकिएर बच्चा पाउनेबेला बल नपुगी बच्चालाई मेशिन अर्थात् भेक्यूम (Vaccum) या फोर्सेपस् (Forceps) ले तान्नुपर्ने वा अप्रेसन गर्नुपर्ने पनि हुन सक्दछ ।

**प्रसव व्यथा कतिबेरसम्म लाग्दछ ?**

व्यथा शुरू हुनु अघि पाठेघरको मुख (Cervix) बन्द हुन्छ । व्यथा शुरू भएपछि यो खुल्न थाल्छ । पाठेघरको मुख खुल्न थाले देखि बच्चा पाउञ्जेल व्यथा लागिरहन्छ । यो अवधि प्रत्येक महिलामा फरक हुन सक्दछ । यो समय सालाखाला पहिलो पल्ट बच्चा पाउनेमा १८ घण्टा जति हुन्छ । दोस्रो, तेस्रो पल्टहरूमा १२ घण्टा जति हुन्छ । पाठेघरको मुख खुलाइलाई सेन्टिमिटरमा हिसाब गरिन्छ । प्रसव व्यथामा सबैभन्दा बढी समय लाग्न सक्ने पाठेघरको मुख ३ से.मि. खुलुञ्जेलसम्म हो । त्यसपछि पहिलो पल्ट बच्चा पाउने गर्भवतीमा एक घण्टामा एक से.मि. खुल्छ । दोस्रो तेस्रो पल्टको गर्भवतीको एक घण्टामा १.५ से.मि. का दरले खुल्नु पर्दछ । पाठेघरको मुख १० से.मि. खुलेपछि पुरै खुलेको भनिन्छ । प्रसव क्रियालाई तीन चरणमा बाँडिन्छ ।

पाठेघरको मुख खुल्न शुरू हुनुदेखि पुरै खुल्नुसम्मको अवस्थालाई प्रथम चरण (First Stage of Labour) भनिन्छ । पाठेघरको मुख पुरै खुलेपछि बच्चा जन्मिउञ्जेलसम्मको अवधिलाई दोस्रो चरण (Second Stage of Labour) भनिन्छ । बच्चा जन्मिएपछि साल निस्किनुसम्मको अवधिलाई तेस्रो चरण (Third Stage of Labour) भनिन्छ । बच्चा जन्मिएपछि सालसँग बच्चालाई जोड्ने (Cord) नाललाई बाँधेर काटिन्छ । स्वास्थ्य संस्थाहरूमा नाललाइ बाँध्न निर्मलीकरण (Sterilization) गरिएको धागो या कर्डक्ल्याम्प प्रयोग गरिन्छ ।

घरमा बच्चा पाउनेहरूले यसका लागि बजारमा उपलब्ध सुत्केरी सामाग्री किनिराख्नु पर्दछ । यसमा उक्त धागो राखिएको हुन्छ । अहिले बजारमा उपलब्ध सुत्केरी सामाग्रीमा हातमा लगाउने निर्मलीकरण गरिएको पंजा नहुने भएकोले सुत्केरी सामग्रीसँगै एकजोर पंजा पनि किन्नुपर्छ ।

गाउँघरहरूमा नाल पैसामा राखी काट्ने चलन, नालमा कुटो, हँसिया झुण्ड्याउने र नाल काटिसकेपछि गोबर लगाउने जस्तो चलनहरूले सुत्केरीलाई संक्रमण (Infection) को मुखमा धकेल्न सक्दछ । त्यसैले यस्ता चलनहरूलाई हटाउन सबैको सहयोग आवश्यक हुन्छ ।

यस्ता चलनहरूले गर्दा बहुसंख्यक गर्भवतीहरूले स्वास्थ्य संस्था बाहिर बच्चा जन्माउने भएकोले भएकोले हाम्रो देशमा गर्भावस्था तथा सुत्केरीका जटिलताहरूले गर्दा ज्यान गुमाउने महिलाहरूमा सबैभन्दा बढी संक्रमण र रक्तश्रावका कारण हुन्छन् । बच्चा जन्मिएपछि साल पनि जन्मिन्छ । त्यसपछि मात्र प्रसवक्रिया सकिन्छ । ००